हाम्रो ऐरावती

आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम
कक्षा १-८

ऐरावती गाउँपालिका बरौंला प्युठान
२०७८

हाम्रो ऐरावती

आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम
कक्षा १-८

पाठ्यक्रम निर्माण समिति

संयोजक: यम प्रसाद शर्मा पाण्डे

सदस्यहरु: चन्द्र प्रसाद श्रेष्ठ
कुल बहादुर थापा
खेमराज पोखेल
देबिराम पोखेल
दुर्गा बहादुर जि.सी.
शान्त बहादुर के.सी.
टेक बहादुर थापा
सरस्वती आचार्य
प्रेम बहादुर राउत

विज्ञ समूह :
खेमराज पोखेल
चन्द्र प्रसाद श्रेष्ठ
कुल बहादुर थापा
तिलक राम पाण्डे
रमेश आचार्य
शान्त बहादुर के.सी.

लेखन तथा संयोजन : खेमराज पोखेल

प्रकाशक: ऐरावती गाउँपालिका, बरौंला प्युठान

©सर्वाधिकार :ऐरावती गाउँपालिका

सहयोग: कालिका विकासकेन्द्र नेपाल
प्रथम संस्करण: २०७८ ,माघ

विषयसूची

क्र. सं.	विषवस्तु	पृष्ठ सङ्ख्या
१	परिचय	
२	स्थानीय पाठ्यक्रमको आवश्यकता	
३	विषय क्षेत्र	
४	सक्षमता	
५	विषय क्षेत्र र क्रम	
६	पाठ्यवस्तुको विस्तृतिकरण	
७	पाठ्यघण्टी र अङ्क विभाजन तालिका	
८	सिकाइ सहजीकरण प्रक्रिया	
९	विद्यार्थी मूल्याङ्कन प्रक्रिया	
१०	पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया	
११	समय निर्धारण	
१२	पाठ्यक्रम परिमार्जन	
१३	अनुसूची	

१. परिचय

नेपालको संविधान २०७२ को अनुसूची- ८ मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहले गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ । संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य हो । नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक विद्यालयले स्थानीय विषय वा मातृभाषा मध्ये कुनै एक विषय छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको एउटा विषय अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था कार्यान्वयन भएन । यसै आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७१ अनुसार आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा भएको प्रावधानअनुसार स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गरिएको छ । उक्त प्रारूपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रूपमा १६० घण्टा तथा कक्षा ४-८ का लागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक पाठ्यघण्टा १२८ निर्धारण गरेको छ । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचालगायत विषयमा स्पष्ट मार्गदर्शन गरेको छ ।

स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री, २०६६ ले "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो" भनी परिभाषित गरेको छ । त्यसैले स्थानीय पाठ्यक्रम भनेको स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो । उल्लेखित मान्यता बमोजिम यस पाठ्यक्रमले पनि ऐरावती गाउँपालिका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ ।

यो पाठ्यक्रम लागू भएपछि ऐरावती गाउँपालिकामा आधारभूत तहको कक्षा १-८ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संबर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत जानकारी हासिल गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्नेछ । बालवबलिकामा आफ्नो रुची क्षमता पहिचान गरी भावि जीवनको लक्ष्य र योजनाका साथ अघि बढ्ने बानीको विकास हुनेछ । आफ्ना पुर्खाहरुको जीवन भोगाईको अनुभूति गरी त्यसबाट प्रेरणा प्राप्त गर्नेछन् । यस पाठ्यक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्ने अपेक्षा गरिएको छ ।

ऐरावती गाउँपालीपालिकाले स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि, गाउँपालिकाका सदस्य, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा आफ्नो परिचय, ऐरावती गाउँपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदा, संस्कृति, पेसा प्रविधि र उद्यमशीलता, स्वास्थ्य र सफाइ, प्रकोप, पर्यावरण र हरित विद्यालय,हाम्रो विगत,जीवनोपयोगी सीप,नैतिक आचरण,स्थानीय सामाजिक सवाल लगायतका विषयक्षेत्रलाई समेटेर कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम तयार गरिएको छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०७८ देखि कक्षा १ , २ , ३ र ६ ; शैक्षिक सत्र २०७९ देखि कक्षा ४ र ७ तथा शैक्षिक सत्र २०८० देखि कक्षा ५ र ८ मा लागू गरिने छ ।

२. स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १-३) को ढाँचा, २०७६ स्वीकृत भई परीक्षण समेत भएर २०७७ सालदेखि देशभरि

लागू भएको छ । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्थाअनुसार कक्षा १-३ मा पाँचओटा विषय (गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नुपर्ने प्रावधान छ । स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गर्नुपर्छ । स्थानीय पाठ्यक्रम वा मातृभाषामध्ये एक विषय छनोट गरी स्थानीय तहबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ । बालबालिकाको सिकाइ आफ्नो वासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ । त्यसका लागि बालबालिकाहरूले आफ्नो गाउँ तथा समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्द्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकास मार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र ईमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रममा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सीपलाई पूर्णरूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सीप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सीपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप,आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले ऐरावती गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछन्:

(क) स्थानीय स्तरका पेसा, व्यवसाय एवम् रोजगारीलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा संवर्धन गर्न
(ख) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सीप, भाषा आदिको संरक्षण र संवर्धन गर्न
(ग) स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन
(घ) भौगोलिक, जातीय, भाषिक, लैङ्गिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न
(ङ) स्थानीय तहको, ज्ञान, सीप र प्रविधिलाई उजागर गर्न
(च) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संबर्द्धन र विकास गर्न सहयोग पुऱ्याउन
(छ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न
(ज) स्थानीय क्षेत्रको विगतको जीवनशैली र सामाजीक सांस्कृतिक प्रणालीको बोध गरी आत्मजागरण गर्न
(झ) जीवनोपयोगी सीपको माध्यम बाट आफ्नो जीवनलाई सफल र सुन्दर बनाउन
(ञ) उच्च नैतिक आचरण कायम गर्न
(ट) वाल अधिकारको बोध गरी त्यसको उपभोग गर्न गराउन र आफ्नो बिद्यालयलाई वालमैत्री बनाउन
(ट) स्थानीय बिभिन्न सामाजिक सवालहरुको बोध गरी आफू सुरक्षित हुन र सामाजिक समस्याहरु हल गर्न

३. विषयक्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुँदैन । यस पाठ्यक्रमले ऐरावती गाउँपालिकाक्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले ऐरावती गाउँपालिकाभित्रका अध्ययन गर्नुपर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य तथा सरसफाइ र वातावरणीय क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिका पक्षहरू र स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रूपमा निम्नलिखित विषयक्षेत्रलाई समेटेको छ :

(क) हाम्रो गाउँपालिका : गाउँपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँधसिमाना, जनसङ्ख्या, जातजाति, सङ्घसंस्थाहरू

(ख) प्राकृतिक स्रोत र सम्पदा : वनजङ्गल, सामुदियक वन, जडीबुटी, नदी,पोखरी, कुवा, पानीका स्रोत, डाँडापाखा, खानी

(ग) संस्कार र संस्कृति : जातजाति, मठ, मन्दिर, कोट,जात्रा, पर्व, मेला, आनीबानी, मूल्य मान्यता, भाषा र भेषभूषा, गीत, सङ्गीत, बाजागाजा

(घ) ऐतिहासिक र पर्यटकीय स्थल :ऐरावती,सिर्सेनी,कुटीलेक,ठूलीलेक,जावुनेदह,आलमदेवी मन्दिर,विजुलीकोट,फर्साबथान गुफा,काफलबुटा तपश्वीगुफा,झिमरुक तथा माडी तटीयक्षेत्र,राताडाँडा

(ङ) पेसा उद्यमशीलता र प्रविधि : स्थानीय पेसा (कृषि विशेष), उद्यमशीलता र प्रविधि

(च) स्वास्थ्य र सरसफाइ : योग, प्राणायाम, ध्यान, आसन, सरसफाइ, भोजन, व्यायाम, स्थानीय खेलहरू

(छ) प्रकोप,वातावरण र हरित एवम् वालमैत्री विद्यालयः बाढी,पहिरो,भुक्षय,हावाहुरी,चट्याङ,डढेलो,आगजनी,भुकम्प,स्थानीय वातावरण र हरित एवम् वालमैत्री विद्यालय निर्माण

(ज) हाम्रो विगतः प्युठान जिल्लामा बाटो,बिजुली आउनु अघि र आधुनिक पेसा प्रबिधि सुरु हुनुभन्दा अघिको जीवनशैली र पञ्चायत तथा राणाशासनकालको सामाजिक प्रणाली

(झ) जीवन मार्गः वालवालिकाको रुची,क्षमता, लक्ष्य र जीवनवृत्ति योजना,जीवनोपयोगी सीप र नैतिक आचरण

(ञ) सामाजिक सवालः मद्यपान,जूवातास,लागुऔषध दुर्व्यसन,यौन दुर्व्यवहार,घरेलु हिंसा,महिला हिंसा,लैङ्गिक बिभेद,जातीय बिभेद,वाल बिवाह र मानव बेचबिखन

४. सक्षमता

ऐरावती गाउँपालिकाभित्रका आधारभूत तह (कक्षा १-८)का विद्यालयमा अध्यापन गराउनका लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रमकोअपेक्षित सक्षमता निम्नानुसार छन्:

(क) ऐरावती गाउँपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँधसिमाना, जनसङ्ख्या, जातजाति र सङ्घसंस्थाहरूको विवरण प्रस्तुति

(ख) वन जङ्गल, जडीबुटी, पानीका स्रोत, डाँडापाखा, खानी लगायतका प्राकृतिक स्रोत र सम्पदाको संरक्षण र संवर्धनमा सहभागिता

(ग) जातजाति, मठ, मन्दिर, जात्रा, पर्व, मेला,चालचलन, आनीबानी, मूल्यमान्यता, भाषा, भेषभूषा, गीत, सङ्गीतको पहिचान र अनुसरण

(घ) ऐतिहासिक र पर्यटकीय स्थल: सिर्सेनी,कुटीलेक,ठूलीलेक,जाबुनेदह,आलमदेबी मन्दिर,विजुलीकोट,दाङवाङकोट,बरौंलाकोट,अर्झामकोट,लिपीकोट,फर्सावथान गुफा,काफलबुटा तपस्वी गुफा,बरौलाफाँट,झिमरुक नदी र यसको तटीय क्षेत्र,माडी नदी र यसको तटीय क्षेत्र,ऐरावती र राताडाँडाको महत्वबोध, संरक्षण र संबर्द्धन

(ङ) स्थानीय तहमा अपनाइने पेसा, उद्यमशीलता र प्रविधिको प्रवर्तनात्मक उपयोग

(च) योग, प्राणायाम, ध्यान सरसफाइ, भोजन, व्यायाम, स्थानीय खेलहरूको परिचय र अभ्यास

(छ) प्रकोप (आगजनी, भूकम्प, भूक्षय, बाढी, पहिरो चट्याङ, हावाहुरी) र वातावरणको संरक्षणप्रति सजगता र हरित विद्यालय अवधारणाको अवलम्बन

(ज) स्थानीय क्षेत्रमा शिक्षा,यातायात,विद्युत,आधुनिक पेसा प्रबिधि आउनु पूर्वको जीवनशैली एवम् पञ्चायत तथा राणाशासनकालको सामाजिक प्रणालीको बोध र आत्मजागरण

(झ) रुची,क्षमता पहिचान,लक्ष्य निर्धारण,जीवनवृत्ति योजना निर्माण र कार्यान्वयन

(ञ) असल नैतिक आचरणको विकास र सामाजिक कार्यमा सहभागिता

(ट) वालमैत्री विद्यालयको ज्ञान तथा वालमैत्री विद्यालय सेवाको उपभोग

(ठ) स्थानीय सामाजिक कुरीति तथा सामाजिक सवालहरुको पहिचान,सजगता र न्युनीकरणमा सक्रिय सहभागिता

५. विषयक्षेत्र र क्रम

यो पाठ्यक्रमको लागि निम्नानुसारका विषयक्षेत्र छनोट गरी निम्नानुसारको क्रम निर्धारण गरिएको छ ।

क्र.सं.	क्षेत्र र क्रम	मुख्य विषयवस्तु	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५	कक्षा ६	कक्षा ७	कक्षा ८
१	हाम्रो गाउँपालिका	भैगोलिक अवस्था,सिमाना,बनावट,जनसङ्ख्या,जातजाति,धार्मिक तथा पर्यटकीय स्थल	आफ्नो बसोबास भएको ठाउँको परिचय,आफ्नो गाउँमा आउने सडक र बाटोको चिनारी	आफ्नो बसोबास क्षेत्रको भौगोलिक अवस्था	आफ्नो बसोबास क्षेत्रको भौगोलिक बनावट	आफ्नो वडाको भुबनोट	ऐरावती गाउँपालिकाको परिचय	ऐरावती गाउँपालिकाको भौगोलिक बनावट,जनसङ्ख्या, धार्मिक तथा पर्यटकीय स्थल	स्थानीय स्रोत परिचालन र पर्यावरणीय प्रभाव,वडाका जनप्रतिनिधि र वडाको काम	स्थानीय तहको व्यवस्थापिका,कार्यपालिका र स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया
२	प्राकृतिक स्रोत तथा सम्पदा	वनजंगल,नदी,खोला नाला,झरना,ताल,जडीबुटी र खानी	स्थानीय जल सम्पदा र स्थल सम्पदाको परिचय	प्राकृतिक स्रोतको सामान्य परिचय	प्राकृतिक स्रोतको अवस्था र स्थानीय सम्पदा	सिमसार क्षेत्र,धारा पँधेरा,नदीनाला र झरना	स्थानीय बनस्पति र जडीबुटी	उब्जाउ भुमि,डाँडाकाँडा र खनीज	ऐरावती गाउँपालिका भित्रका सामुदायिक वन र सथानीय वन्यजन्तु तथा चराचुरुङ्गी	झिमरुक र माडी नदी,प्राकृतिक स्रोतको उपयोगिता र संरक्षण

३	संस्कार र संस्कृति	(क) जातजाति ख)मठमन्दिर,जात्रा,पर्व,मेला (ग) आनीबानी र मूल्य मान्यता (घ) भाषा र संस्कृति (ङ) गीतसंगीत र बाजागाजा	स्थानीय चाडपर्वको परिचय,अभिवादन(बाबु,आमा,दाजु,दिदी र गुरु)	नगपञ्चमी र जनैपुर्णिमाको परिचय र महत्त्व	कुशेऔशी र तीजको परिचय तथा महत्व	तिहारको परिचय तथा महत्व,द्वारेका घाटको मेला	ठूला एकादशी,माघेसक्रान्ति र ऐरावती मेला	दशैं,विजुलीकोटको महानवमी मेला,दलितहरुको संस्कार र संस्कृति,स्थानीय गीत	मगर,गुरुङको संस्कार र संस्कृति	ब्रह्माण,क्षेत्रीको संस्कार र संस्कृति,अन्य जात जातिको संस्कार र संस्कृति,लोकबाजा,संस्कृतिको महत्त्व तथा संरक्षणका उपायहरु
४	ऐतिहासिक र पर्यटकीय स्थल	सिर्सेनी,कुटीलेक,ठूलीलेक,जाबुने दह,आलमदेबी मन्दिर,फर्सावथान गुफा,काफलबुटा तपश्वी गुफा,राताडाँडा,झिमरुक तटीयक्षेत्र,ऐरावती	पर्यटकीय स्थानको परिचय	ऐतिहासिक तथा धार्मिक स्थानको परिचय र महत्व	जबुने दह र फर्सावथान गुफा	ऐरावतीका ऐतिहासिक बस्तीहरु	आलमदेबी मन्दिर,काफलबुटा तपश्वी गुफा र कमिरेको परिचय र महत्त्व	झिमरुकको तिरैतिर(छापदेखि ऐरावती सम्म), माडीको तिरैतिर(कोलवाडफेदीदेखि ऐरावती सम्म)	सिर्सेनी,कुटीलेक र ठूलीलेक	ऐरावती गाउँपालिकामा पर्यटनको सम्भाव्यता
५	पेसा उद्यमशीलता र प्रविधि	स्थानीय पेसाहरु:कृषि,उद्यमशिलता र प्रविधि	स्थानीय परम्परागत पेसाको परिचय	स्थानीय परम्परागत पेसाको महत्त्व	स्थानीय परम्परागत पेसाको संरक्षण	स्थानीय परम्परागत प्रविधिको परिचय र प्रयोग(ढकिी,झाँतो,आरन,कोल)	निगालो र बाँसका सामग्री,पटुवाका सामग्री,पातका सामग्री,धागोका सामग्री,	स्थानीय परम्परागत सीपमा आधारित उद्योग(आरन,मादल निर्माण,ठेका कुदाइ)	रैथाने बालीनालीहरु,बैकल्पिक रुपमा गरिने खेतीपातीहरु,तरकारी खेती,मौरी पालन,कुखुरा पालन,पशुपालन	होटल व्यबसाय,स्थानीय पेसा र प्रबिधिको संरक्षण,संबर्द्धन र प्रबर्द्धन
६	स्वास्थ्य र सरसफाइ	सरसफाइ,भोजन,व्यायाम,योग,प्रणायाम,ध्यान,स्थानीय खेलहरु	शरीरका अङ्गहरु र तिनीहरुको सरसफाइको परिचय	शरीरको सरसफाइ गर्ने तरीका र अभ्यास	खानाको परिचय,व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास,शारीरिक कसरतका लागि प्रचलित स्थानीय अभ्यास	स्वस्थकर र पत्रु खाना,खानाको बर्गीकरण,सुत्ने र बस्ने तरिका तथा यसको अभ्यास,कक्षाकोठाको सरसफाइ,शारीरिक कसरतका लागि प्रचलित स्थानीय अभ्यास	प्राकृतिक र कृत्रिम गुण भएको खाना,विद्यालयमा खाजाको व्यवस्थापन,योगको अवधारणा तथा आसन अभ्यास(सुखासन,बज्रासन,शवासन)	पानी पिउने सही मात्रा र तरिका,भोजनमा रेसा,बोक्रा र चोकरको महत्व,प्रणायामको परिचय,महत्त्व र अभ्यास(कपालभाँति,अनुलोम विलोम,वाह्य प्रणायाम)	अम्लीय र क्षारीय गुण भएको खाना,व्यायामको परिचय,सकारात्मक सोंचर चरित्र निर्माण,ध्यानको परिचय,महत्त्व र अभ्यास,उष्टासनको अभ्यास	भेजन एवम् पोषण व्यवस्थापन,योगासनका चार अभ्यास:दण्डासन,पद्मासन,उत्कटासन,पुतलीआसन
७	प्रकोप,वातावरण,हरित एवम् वालमैत्री विद्यालय	बाढी,पहिरो,हावाहुरी,भुकम्प,डढेलो,आगजनी,विपद जोखिम न्युनीकरण,स्थानीय वातावरण र हरित	घाम,हावा,पानीको परिचय,वालबँगैचाको परिचय,वसाइ व्यवस्थापन	हावापानीको महत्व,वालबँगैचाको आवश्यकता र महत्व,खानेपानी तथा शौचालय	प्रकोप/ बिपद्को परिचय,हाम्रो वातावरण परिचय,वाल सहभागिता	प्रकोप/विपदको परिचय,फोहर व्यवस्थापन,वातावरणको महत्त्व,विद्यालयमा	प्राकृतिक र मानव सिर्जित प्रकोप/विपद,प्रदुषणको परिचय,प्रकार र न्युनीकरणका	विपद जोखिम न्युनीकरणको परिचय,हरित विद्यालयको अवधारणा तथा	बिपद जोखिम न्युनीकरणका उपाय, विद्यालय हरियाली प्रबर्द्धन,वातावरण	हरित विद्यालय र सिकाइ,इको क्लव र संघसँस्थाहरु,आफ्नो विद्यालयलाई वालमैत्री बनाउन गर्नुपर्ने थप

		विद्यालय निर्माण,वालमैत्री विद्यालयको अवधारणा,सूचकहरु, स्वमूल्याङ्कन र गर्नुपर्ने थप कार्यहरु		व्यवस्थापन		सुरक्षा प्रबन्ध	उपाय,वालमैत्री सिकाइ अवधारणा र महत्व	महत्व,वालमैत्री विद्यालयका सूचकहरु	संरक्षणका उपायहरु,आफ्नो विद्यालयको अवस्था र स्वमूल्याङ्कन	कार्यहरु
८	हाम्रो विगत	प्युठान जिल्लामा बाटो,बिजुली,आधुनिक पेसा प्रविधि आउनु अघिको जीवनशैली र पञ्चायत तथा राणा शासनको कालको सामाजिक प्रणाली	उहिलेका कुरा खाना,लुगाफाटो र आगो	उहिलेका कुरा खेतीपाती र पशुपालन	उहिलेका कुरा अर्मपर्म,ऐंचोपैंचो,समय मापन,कुटपिस	उहिलेका कुरा पोषण र स्वास्थ्य,अनिकाल र बेसाहा,घरमा प्रयोग हुने सरसामानःडाला, फुँगा,सोली,थुन्से, नाम्लो,दाम्लो,जाबी, खुर्पेटो, ठेका,चौका	उहिलेका कुरा आम्दानीको स्रोत,खर्क,चरन,हाट जाने,घरमा प्रयोग हुने सामग्रीःठैंलो,भार ,हर्पे,गरियो,फाँक, तरी	उहिलेका कुरा आजापुजा,भजनकिर्तन,रामरस,झाम्रे गीत,स्वस्थानी ब्रत,विवाह, जन्तेबाखो	उहिलेका कुरा समाजका ठूलाठालु,जिम्मावाल ,मुखिया,घाउडा,दौडाहा,पञ्च,कटुवाल, झाराखारा,बेठ, ओलक	उहिलेका कुरा विभेद,सामाजिक संस्कार(जन्म र मृत्यु संस्कार,जातभात,छुवाछुत,छैटी,न्वारन,भात खुवाइ)पुराना चालचलनको महत्व
९	जीवनमार्ग	वालवालिकाको रुची,क्षमता, लक्ष्य र जीवनवृत्ति योजना,जीवनोपयोगी सीप र नैतिक आचरण	आफ्नो परिचय	आफ्नो रुचि	दैनिक कार्यतालिका	भविष्यको सपना	योजना	कार्ययोजना	सफलता र असफलता व्यवस्थापन सपनाका विकल्पहरु	जीवनवृत्ति विकास योजना निर्माण
			आदर र मायाँ	गर्न हुने र नहुने कामहरु	मेलमिलाप र सद्भाव	असल आनीबानी	सहयोग र समन्वय	आत्मअनुशासन र सदाचारिता	आनीबानीमा सकारात्मक परिवर्तन	समाजमा व्याप्त नैतिक सङ्कट र समाधानका उपाय
			आत्मानुभूति	बचत र मितव्ययिता	घरबँगैचामा फूल रोप्ने	आफ्नो काम आफै गर्ने	खाना पकाउने र नक्सा हेर्ने	आत्म जागरण,परानुभूति, प्रभावकारी सञ्चार	अन्तरव्यक्ति सम्बन्ध,संबेगलाई नियन्त्रण गर्ने क्षमता,तनावलाई नियन्त्रण गर्ने क्षमता	सिर्जनात्मक सोंचाइ,समालोचनात्मक सोंचाइ,निर्णय गर्ने क्षमता,समस्या समाधान गर्ने क्षमता
१०	सामाजिक सवाल	सुरक्षा	मानव शरीर र यसको महत्व	राम्रो र नराम्रो स्पर्स	दुर्व्यवहार	दुर्व्यवहारबाट बँच्ने उपाय	दुर्व्यवहारबाट बँच्ने उपाय	दुर्व्यवहार नियन्त्रणमा पारिवारिक दायित्व	दुर्व्यवहार नियन्त्रणमा सामाजिक दायित्व	दुर्व्यवहार सम्बन्धी नीतिगत व्यवस्था
		स्थानीय समुदायमा विद्यमान सामाजिक सवाल र न्युनीकरणका उपायहरु						जुवातास र मद्यपान,घरेलु हिंसा र न्युनीकरणका उपायहरु	जातयि बिभेद र छुवाछुत,वाल बिवाह,बहुबिवाह , दाइजोप्रथा र न्युनीकरणका उपायहरु	लिङ्ग र लैङ्गिकता,लैङ्गिकतामा आधारित हिंसा,मानव बेचबिखन र न्युनीकरणका उपायहरु

६. पाठ्यवस्तुको विस्तृतीकरण

यस खण्डमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धि, अध्ययन गर्ने विषयवस्तु, सम्भाव्य शिक्षणसिकाइ प्रक्रिया (क्रियाकलाप, शिक्षण सामग्री र मूल्याङ्कन) लाई प्रस्तुत गरिएको छ। पाठ्यवस्तुको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

कक्ष १

क्षेत्र	सिकाइ उपलब्धि	बिषयवस्तु	विषयबस्तुको बिस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामग्री	मूल्याङ्कन	पाठ्य भार
१.हाम्रो गाउँपालिका	(क) आफू र आफ्नो गाउँ वा वासस्थानको नाम बताउन (ख) परिवारका सदस्य तथा प्रमुखका नाम सोध्न र भन्न (ग) परिवारका सदस्यले गर्ने कामका आधारमा भूमिका अभिनय गर्न (घ(आफ्नो वरपरको सडक र बाटोको नाम बताउन	१.१ आफू र आफ्नो परिवार १.२ आफ्नो वासस्थान	(क) आफू, परिवार र आफ्नो गाउँ वा वासस्थानको नाम (ख) परिवारका सदस्य र घरमुलीको नाम र काम (ग) आफ्नो घर तथा विद्यालय नजीकको बाटोको परिचय	(क) शिक्षकले आफ्नो परिचय (नाम, परिवार र वासस्थान) बताउने र यस क्रममा पारिवारिक पृष्ठभूमि झल्किने चित्र प्रदर्शन गर्दै आफूले परिचय गरी विद्यार्थीलाई परिचय दिन लगाउने (ख) विद्यार्थीले परिचय दिँदा कठिनाइ आइपरेमा तलका प्रश्न सोध्ने, जस्तै : १. तिम्रो नाम के हो? २. तिम्रो घरमा को को हुनुहुन्छ ? ३. तिम्रो घरमा कति जना हुनुहुन्छ ? ४. तिमी कुन टोलमा बस्छौ ? (ग)परिवारका सदस्यका प्रमुख कामका बारेमा छलफल गराई उक्त कामको भूमिका अभिनय गर्न लगाउने,जस्तै : १. शिक्षकले पढाएको २. कृषकले खनेको ३. चिकित्सकले जाँचेको (घ) विद्यार्थीलाई विद्यालय नजीकको सडक , गोरेटो चिनाउने	(क) सान्दर्भिक तस्बिर वा चित्र (ख) श्रव्यदृश्य सामग्री	(क). विद्यार्थीले आफ्नो परिचय दिँदा नाम, परिवार र वासस्थानलाई समावेश गरे नगरेका आधारमा मापन गर्ने (ख). विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने (ग).छलफल, कुराकानी तथा भूमिका अभिनयमा देखाएको सक्रियता, कार्यसम्पादन,सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने	१५ घण्टी
२.प्राकृतिक स्रोत तथा सम्पदा	(क) आफ्नो वासस्थान वरपर रहेका मूल,धारा,कुवा,पोखरी,अवलोकन भ्रमण गरी अवस्थिति बताउन (ख) वासस्थान नजिकै रहेका कुवा,पोखरी तथा दहको बारेमा सोधखोज गरी अभिभाव सँग स्थलगत भ्रमण गर्न (ग) वासस्थान नजिकै रहेका खोला वा नदीका बारेमा छोटकरीमा बताउन (घ) घरनजिकै रहेको डाँडामा रहेका कुरा बताउन (ङ) अभिभावक तथा शिक्षकसँग नजीकैको वन घुमी त्यहाँ रहेको नचिनेका बोटबिरुवाको नाम सोध्न र चिनेकाको नाम भन्न	२.१स्थानीय जल सम्पदाको परिचय २.२ स्थानीय स्थल सम्पदाको परिचय	(क) स्थानीय जल स्रोत:पोखरी,धारा,कुवा दह,मूल, खोला र नदी (ख) स्थल स्रोत खेतबारी, चउर, मैदान, वनजङ्गल, सामुदायिक वन, डाँडापाखा	(क) धारा, कुवा,पोखरी ,दह, खोला र नदीको तस्बिर, फोटा वा चित्र निर्माण गरी प्रदर्शन गर्ने । चित्रका आधारमा धारा,मूल, कुवा, दह,पोखरी, खोला र नदीको स्वरूपका बारेमा छलफल गराई कुवा र ताल तथा खोला र नदी बीचको भिन्नता बोध गराउने । (ख) विद्यार्थीको वासस्थान वा विद्यालय वरपर रहेका मूल, धारा, कुवा, दह, खोला र नदीको स्थलगत अवलोकन भ्रमण गर्ने गराउने (ग) स्थलगत अध्ययन भ्रमणका क्रममा धारा, कुवा,दह, खोला र नदीकोविशेष नाम भए नामसँग परिचित गराउने (घ) मूल, धारा, कुवा,दह, खोला र नदीको अवलोकन भ्रमण गर्दा ध्यान	(क) सान्दर्भिक तस्बिर वा चित्र (ख) श्रव्यदृश्य सामग्री	(क).मूल,धारा, कुवा,दह,खोला र नदीका चित्र प्रदर्शन गरी नाम भन्न लगाउने (ख).मूल,धारा,पोखरी, कुवा, दह, खोला र नदीमा जाँदा अपनाउनुपर्ने सावधानी बताउन लगाई सिकाइ उपलब्धिको लेखाजोखा गर्ने (ग) स्थल सम्पदामा पर्ने मुख्यमुख्य कुरा भन्न लगाउने	२० घण्टी

				दिनुपर्ने पक्षको जानकारी दिने, जस्तै : पानीमा डुब्न सकिन्छ । पानीमा डुब्यो भने मृत्यु हुन सक्छ वा मरिन्छ । पानीको स्रोत वरिपरि विभिन्न जीवजन्तु हुन्छन् । तिनीहरूले हामीलाई टोक्न वा लखेट्न सक्छन् । खोला वा नदीले हामीलाई बगाउन सक्छन् । (ङ)घर नजिकैरहेको खेतबारी, चउर र डाँडाकोअवलोकन भ्रमण गराउने, जस्तै : डाँडामा हरियाली छ । डाँडा धेरै रुख छन् । रुखमा धेरै चरा बस्छन् । (च)अभिभावक तथा शिक्षकसँग नजिकैको वन घुमी त्यहाँ रहेको नचिनेका बोटबिरुवाको नाम सोध्न र चिनेकाको नाम भन्न लगाउने । अवलोकनपछि थाहा पाएका बोटबिरुवाका नाम समेटिएको सूची निर्माण गरी प्रस्तुत गर्न लगाउने (मौखिक रूपमा) (छ) सूचना प्रविधिको उपयोग गरी सान्दर्भिक चित्र तथा भिडियो सङ्कलन र प्रदर्शन गर्ने, गर्न लगाउने			
३.संस्कार र संस्कृति	(क) स्थानीय रूपमा मनाइने चाडपर्वको सूची बनाउन (ख) आफ्नो छरछिमेकमा मनाइने चाडपवको बारेमा बताउन र सहभागी हुन (ग)बाबु,आमा,दाजु,दिदी र गुरुलाई संस्कार अनुसार उपयुक्त तरिकाले ढोग्न र अभिवादन गर्न	३.१ अभिवादन ३.२ स्थानीय चाडपर्वको परिचय	(क)स्थानीय स्तरमा विभिन्न जातजातिहरूले मनाउने चाडपर्वहरू (ख) दसैँ, तिहार र तीजको परिचय (ग)दशैँ, तिहार र तीजमा लगाउने लुगा र खानेकुराको नाम (घ)दशैँ, तिहार र तीजसँग सम्बन्धित क्रियाकलापहरू	(क) आफ्नो घर र छरछिमेकमा मनाइने चाडपर्वको नाम भन्न लगाउने र छलफल गराउने (ख) दशैँ, तिहार र तीजसँग सम्बन्धित गीत गाउन लगाउने (ग) दशैँ, तिहार र तीजसँग सम्बन्धित विभिन्न प्रकारका पोस्टर, चित्रहरू (दर खाएको,तीजका गीत गाएको र नाचेको,जमरा राखेको, टीका लगाएको, देउसीभैलो खेलेको) देखाई छलफल गराउने (घ)दशैँ, तिहार र तीजसँग सम्बन्धित चाडपर्व मनाएको भिडियो देखाउने (ङ)दशैँ, तिहार र तीज कसरी मनाइन्छ अभिनय गर्न लगाउने	(क)दशैँ, तिहार र तीजसँग सम्बन्धित गीत (ख)दशैँ, तिहार र तजिसँग सम्बन्धित विभिन्न प्रकारका पोस्टर, चित्र (ग) दशैँ, तिहार र तीज मनाएको भिडियो	.(क)आफूले मनाउने चाडपर्वको नाम भन्न लगाउने (ख) चाडपर्वमा खाइने खानेकुराको नाम भन्न लगाउने (ग) चाडपर्व मनाउने तरिकाका बारेमा अभिनय गर्न लगाउने (घ) आफ्ना छिमेकीले मनाउने चाडपर्वको सूची बनाउन लगाउने	२२ घण्टी
४.ऐतिहासिक र पर्यटकीय स्थल	(क)कुटीलेक , ठूलीलेक र बिजुलीकोटको परिचय दिन (ख) फर्सावथान गुफा र काफलबुटा तपश्वी गुफाको परिचय दिन (ग) जाबुने दह र झिमरुक नदीको	४.१कुटीलेक , ठूलीलेक र बिजुलीकोट ४.२ फर्सावथान गुफा र काफलबुटा थपश्वीगुफा	(क)कुटीलेक र ठूलीलेकको प्राकृतिक शुन्दरता (ख)बिजुलीकोटको महानवमी मेला (ग)फर्सावथान गुफा र काफलबुटा तपश्वी गुफाको	(क)बिजुलीकोटको महानवमी मेला,जाबुने दह,कुटीलेक,ठूलीलेक,फर्सावथान गुफा र काफलबुटा तपश्वीगुफासँग सम्बन्धित फोटो तथा भिडियो प्रदर्शन गर्ने (ख)यी ठाउँहरु मध्ये कुनै ठाउँ नजीकै परेमा त्यो ठाउँको अवलोकन भ्रमण	(क) सम्बन्धित स्थलहरुको फोटो तथा भिडियो	(क) बिजुलीकोट,कुटीलेक,ठूलीलेक, जाबुनेदह, फर्सावथान गुफा,काफलबुटा तपश्वी गुफा र झिमरुक नदीको बारेमा मुख्य मुख्य कुरा भन्न लगाउने (ख) पाठमा समावेश भएका स्थलमध्ये विद्यार्थीलाई सबैभन्दा बढी मन पर्ने स्थल	१५ घण्टी

	परिचय दिन	४.३ जाबुने दह र झिमरुक नदी	परिचय (घ)जाबुनेदहको परिचय (ङ)झिमरुक नदीको सामान्य परिचय	गराउने (ग) सम्भव भएमा सबै ठाउँहरुको स्थलगत अवलोकन भ्रमण गराउने (घ)यी ठाउँहरुको बारेमा सहभागितात्मक छलफल गर्ने र मुख्य विशेषताका बारेमा विद्यार्थीहरुलाई बताइदिने		र मनपर्नुको कारण सोध्ने (ग) भ्रमण प्रतिवेदन (मौखिक रुपमा) सुनाउन लगाउने	
५.पेसा,उद्यमशिलता र प्रविधि	(क)आफ्नो परिवारका सदस्यहरुले गर्ने पेसा(काम) बताउन (ख)आफ्नो छिमेकका मानिसहरुले गर्ने पेसा बताउन (ग) स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नाम बताउन	५.१ परिवारको पेसा ५.२ छरछिमेकीको पेसा ५.३ स्थानीय पेसामा प्रयोग हुने औजारहरु	(क) आफ्नो परिवारका सदस्यहरु(आमा,बाबु,काका,दाजु,दिदी)ले गर्ने कामहरु (ख) आफ्नो छिमेकका मानिसले गर्ने पेसाहरु (ग) स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नाम	(क) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची बनाई विद्यार्थीहरू माझ प्रस्तुत गर्ने, जस्तै : तरकारी खेतीमा काम गर्ने, कार्यालयमा जागीर गर्ने, पसल गर्ने, माटाका भाँडा बनाउने, सिलाइ बुनाइ गर्ने आदि । (ख) विद्यार्थीहरूलाई आफ्ना घरका सदस्यहरू(आमाबुबा, काकाकाकी, दाजुदिदी आदि)ले गर्ने कामहरू के के हुन् भनी पालैपालो सोध्ने र कामसँग सम्बन्धित पेसा/व्यवसायको नाम बताई दिने, जस्तै : खेतबारीमा काम गर्ने कृषक, पढाउने शिक्षक, माटाका भाँडा बनाउने कुमाले आदि (ग) स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नामको सूची बनाई फोटोसहित देखाउने (घ) स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनहरू प्रत्यक्ष रूपमा देखाएर चिनाउने, जस्तै : कुटो, हलो, कोदालो आदि	(क) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची, पोस्टर, भिडियो (ख) स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नामको फोटोसहितको सूची	(क) आफ्ना परिवारका सदस्यहरूले गर्ने कामहरूबारे बताउन लगाउने । (ख) कुनै काम गरिरहेको चित्र देखाई के गरिरहेको छ भनेर चिन्न लगाउने (ग) स्थानीय औजारहरू चिन्न लगाउने (घ) साधन/ औजारको साधारण प्रयोगको अभिनय गर्न लगाउने	१५ घण्टी
६.स्वास्थ्य र सरसफाइ	(क) शरीरका अङ्गको सरसफाइ गर्न (ख) व्यक्तिगत सरसफाइको लागी आवश्यक सामग्रीको नाम भन्न (ग) सरसफाइ गर्नुपर्ने स्थानको सूचि बनाउन (घ) आफ्नो र घरको सरसफाइ गर्नुपर्ने कारण भन्न (ङ) स्थानीय खेल खेल्न	६.१ शरीरका अङ्गहरूको सरसफाइको परिचय ६.२ घर र विद्यालयको सरसफाइ ६.३ कुनै दुई स्थानीय खेल	(क) नाक, मुख, आँखा, कान, कपाल, गोडा र शरीरको अन्य भागको सरसफाइ (ख) सरसफाइका सामाग्री ब्रुस, मञ्जन, काँगियो, साबुन, रुमाल आदिको प्रयोग (ग) कक्षाकोठा विद्यायलय, घर तथा करेसाबारी सरसफाइ (घ) कुनै दुई स्थानीय खेल: तरिका र उपयोग	(क) सफा रफोहोरी बालकको फोटो देखाई दाँज्न लगाउने (ख) बालबालिकाहरू सफा भए नभएको हेरी सफा गर्नका लागि सहजीकरण गर्ने (ग) सर-सफाइका सामग्रीहरू देखाउने, भन्न लगाउने र लेख्न लगाउने (घ) कक्षाकोठा तथा विद्यालयको सरसफाइ गर्नुपर्ने कारणका बारेमा छलफल गर्ने (ङ) कक्षाकोठा र विद्यालय सरसफाइ गर्ने (च)सक्रियतापूर्वक खेल खेल्ने	(क) सफा र फोहोर बालकको तस्बिर (ख) सर सफाइका सामग्रीहरू (ग) सफा र फोहोर घर, विद्यायलयको फोटो	(क) शरीर सरसफाइ गर्नुका कारण विद्यार्थीहरूलाई भन्न लगाउने (ख) ब्रुस,मन्जन, काँगियो, साबुन, रुमाल आदिको प्रयोग गरी सफाइ गर्न लगाई अवलोकनका आधारमा मूल्याङ्कन गर्ने (ग) लगाएको लुगा,झोला,छाला,नङ,दाँत, कपाल आदिको अवलोकन तथा निरीक्षण गरी मूल्याङ्कन गर्ने (घ) खेल प्रदर्शन अवलोकन गरी त्यसैको आधारमा मापन गर्ने (ङ) खेल खेल्ने तरिका भन्न लगाउने	१५ घण्टी
७.प्रकोप,वातावरण,हरित एवम् वालमैत्री	(क) आफ्नो बसोबास क्षेत्रको हावापानीको परिचय दिन	७.१ हावापानीको परिचय	(क) गर्मी र जाडो हावापानी	(क) बाक्लो र पातलो लुगा लगाएका मानिसहरुको चित्र (ख) पानी पर्दा र घाम लाग्दा छाता	(क) बाक्लो वा पातलो लुगा लगाएको मानिसको चित्र	(क) जाडो समयमा लगाउने लुगाको नाम भन्न लगाउने । (ख) गर्मी समयमा लगाउने लुगाको नाम भन्न लगाउने	५ घण्टी

विद्यालय				ओढेका मानिसको चित्र,पोष्टर आदि	(ख) पानी पर्दा वा घामलाग्दा छाता ओढेको मानिसको चित्र,पोस्टर आदि	(ग) पानी परेको बेला वा घामलागेको घर बाहिर निस्कदा प्रयोग हुने सामानको नाम भन्न लगाउने	
	(क) विद्यालय वालबँगैचाको सामान्य परिचय दिन	७.२ वालबँगैचाको परिचय	(क) वालबँगैचामा रोपिने विभिन्न फूल,बनस्पतिको नाम	(क) सम्भव भए फूलका बोट र नभए चित्र देखाउँदै नाम सोध्ने, बताइदिने र छलफल गराउने (ख) विद्यालय वरिपरि अवलोकन भ्रमण गराउने	(क) स्थानीय क्षेत्रमा पाइने सयपत्री, गुर्धौली(गोदावरी), मखमली, लालुपाते, लालिगुरास, वेगमवली, जाई, लाउरेफूल आदिको फूल, पात वा बिरुवा वा चित्र	(क) घरबाट एक एकओटा फूल वा बिरुवा ल्याई नामसहित बताउने लगाउने साथै बाल बगैँचामा रोप्न लगाउने ।	५ घण्टी
	(क) वालमैत्री विद्यालयको समान्य धारणा बताउन (ख) कक्षाकोठामा आफूलाई सजिलो हुने गरी बस्न पाउनुपर्ने कुराको बोध गर्न ।	७.३ वालमैत्री विद्यालयको परिचय	(क) कार्पेट तथा चकटीयुक्त कक्षाकोठा	(क) वालवालिकालाई कक्षाकोठाभित्र सजिलो हुने र रमाइलो लाग्ने लाग्ने गरी बस्ने साधन र तरिकाको बारेमा छलफल गर्ने/गराउने (ख) बस्नको लागि कार्पेट र कुशन चकटीको व्यवस्था गरी सिक्न र खेल्न सजिलो हुने गरी बसाउने	(क) कार्पेट, कुशन चकटी	(क) बालमैत्री विद्यालयको सामान्य धारणा बताउन लगाउने (ख) विद्यार्थीलाई कक्षकोठा भित्र सजिलोसँग बस्न कक्षाकोठा कस्तो हुनुपर्छ भनी सोध्ने (ग) कक्षाकोठामा बस्न सजिलो भएनभएको बारेमा सोध्ने	५ घण्टी
८.हाम्रो विगत	(क) पहिलेका मानिसहरुले खाने खानाको नाम भन्न (ख) पहिलेका मानिसले लगाउने र ओढ्ने ओछ्याउने लुगाको नाम भन्न (ग) पहिलेका मानिसले आगो बाल्ने तरिका बताउन	८.१ उहिलेका कुरा: खाना ८.२ उहिलेका कुरा: लुगाफाटो ८.३ उहिलेका कुरा: आगो,बत्ति	(क) खाने खाना,लगाउने र ओढ्ने ओछ्याउने लुगा,बाल्ने राँको,दियालो,खोटो,टुकी,लालटिन	(क) वालवालिकाले घरमा खाने खाना,लगाउने लुगा,ओढ्ने ओछ्याउने कपडा र आगो बाल्ने साधनहरुको बारेमा छलफल गर्ने/ गराउने (ख) त्यसपछि उनीहरुको बाजे,बोइका पालामा उहाँहरुले खाने,लाउने ,ओढ्ने ओछ्याउने कपडा र आगो बाल्ने साधनको बारेमा छलफल गराउने (ग) पुराना खाना,लगाउने र ओढ्ने ओछ्याउने कपडा र बाल्ने कुराहरुको बारेमा शिक्षकले बताइदिने (घ) स्थानीय बुढापाकालाई विद्यालयमा बोलाएर पुराना कुरा सुनाउन लगाउने	(क) झूलो चकमक, बत्तीबाला पुरानोलाइटर, दियालो,टुकी,लालटिन,पुराना कुराहरु समेटिएको बृत्तचित्र,फोटा	(क) पहिलेका मानिसहरुले खाने खाना,लगाउने लुगार आढ्ने ओछ्याउने कपडा कस्ता हुन्थे भनेर प्रश्न गर्ने (ख) पहिलेका मानिसहरुले आगो कसरी सल्काउँथे र के बाल्थे भनेर प्रश्न गर्ने (ग) घरमा अभिभावकसँग झूलो चकमक,बत्तीवाला पुरानो लाइटर,दियालो, राँको,टुकी,लालटिनको बारेमा सोधेर आइ विद्यालयमा भन्न लगाउने गरी परियोजनाकार्य दिने (घ) झूलो चकमक,वत्तिवाला पुरानो लाइटर,दियालो, राँको,टुकी,लालटिन आदि वस्तुहरु देखाएर तिनीहरुलाई चिन्न र प्रयोग बताउन लगाउने (ङ) पुरानो खाना ,लुगाफाटो,आगोबत्ति	१५ घण्टी

						आदिको प्रयोगको अभिनय गर्न लगाउने मूल्याङ्कन गर्ने	
९.जीवनमार्ग	क) आफ्नो नाम ठेगाना बताएर एक अर्कामा चिनजान गर्ने ख) आफ्नो विद्यालयको नाम र ठेगाना भन्न ग) आफ्ना आमाबुबा र घरका अन्य सदस्यहरुसगँको नाता सहित उनीहरुको नाम र पेशा बताउन	९.१ आफ्नो परिचय	आफ्नो नाम ठेगाना,पढ्ने कक्षा,विद्यालयको नाम ठेगाना बाबुआमाको नाम र पेशा साथी सहपाठीको नाम ठेगाना	(क) शिक्षकले आफ्नो नाम र ठेगाना बताउने, त्यसपछि पालैपालोसगैँ विद्यार्थीहरु उनीहरुको नाम र ठेगाना भन्न लगाउने (ख) क-क,ख-ख,ग-ग घ-घ जस्ता जोडी चिट्टा बनाउने र चिट्टा तान्न लगाएर जोडीमा एकले अर्कोको नाम र ठेगाना भन्नुपर्ने क्रियाकलाप गराउने (ग) विद्यार्थीहरुले विद्यालयको नाम र ठेगाना सोध्न र भन्न नसकेमा सहजीकरण गर्ने (घ) प्रत्येक विद्यार्थीलाई आफ्नो विद्यालयको नाम र ठेगाना भन्न लगाउने (ङ) विभिन्न मानिसहरुले फरक-फरक पेशा/काम गरेको चित्र वा भिडियो प्रर्दशन गर्ने र उक्त काम चिन्न लगाउने (च)घरमा को को हुनुहुन्छ भनी सोध्ने ? उहाँहरुले के के काम गर्नुहुन्छ भनी सोध्ने । विद्यार्थीले कठिनाइ महशूस गरेमा सहजीकरण गरिदिने (छ) आफ्नो घरका सदस्यहरुले गर्ने कामको अभिनय गर्न लगाउने	चित्र,पोष्टर भिडियो	(क) विद्यार्थीलाई उनीहरुको नाम र ठेगाना सहित आफ्नो परिचय दिन लगाउने (ख) प्रश्नोत्तर गर्ने (ग) नाम र ठेगाना सहित साथीको परिचय दिन लगाउने (घ) नाता सहित आफ्नो घरका सदस्यहरुको नाम र उनीहरुले गर्ने काम भन्न लगाउने	७ घण्टी
	(क) आफ्नो सुख,दुख पिरमर्का वा पिडा अभिव्यक्त गर्न (ख) आफ्नो खुसी वा दुख अरुलाई बताउन	९.२ जीवन उपयोगी सीप	आत्मानुभूतिः तपाईलाई कस्तो छ?	(क) तीनवटा खाली बट्टाहरु ल्याउने, तिनिहरुकध्ये पहिलोमा धेरै दुखी,दोस्रोमा न धेरै दुखी न धेरै खुसी र तेस्रोमा खुसी लेख्ने। र अरुले नदेख्ने ठाउँमा राख्ने। (ख) वालवालिकालाई एकएक वटा चक्लेट दिएर विगत एक हप्तादेखि आफु धेरै दुखी भए दुखी बट्टामा ,ठिकै भए ठिकठिकैको बट्टामा र धेरै खुसी भए खुसी बट्टामा खसाल्न लगाउने । त्यसपछि बट्टालाइ उनीहरुको अगाडी ल्याएर चक्लेट गन्ने हामी सबै दुखीबाट ठिकठिकै र ठिकठिकैबाट खुसी तिर जानुपर्ने कुरा बताउने (ग) आज मलाइ के भाछ, के भाछ, वनको न्याउली कराउदा मन मन रोछ, भन्ने बोलको गित गाउन लगाउने	बट्टाहरु,चक्लेट	(क) तपाईलाई कस्तो छ, भनी प्रश्न गर्ने र अनुभुती भन्न लगाउने (ख) आफु दुखी वा खुसी भएका क्षण सम्झन लगाएर त्यसो हुनुको कारण समेत भन्न लगाउने (ग) धेरै खुसी हुँदा, सामान्य अवस्था र धेरै दुखी हुदाको अवस्थाको अभिनय गर्न लगाउने	७ घण्टी

				(घ) म धेरै खुसी छु हिजो भन्दा आज बोलको गीत गाउन लगाउने			
	(क) आफू भन्दा ठुलालाई आदर र सानालाई माया गर्नपर्छ भन्ने कुराको बोध गर्न (ख) आफूभन्दा ठुलालाई आदर र सानालाई माया गर्न	९.३ नैतिक आचरण	ठुलालाई आदर र सानालाइ माया	(क) विद्यार्थीहरुलाई उनीहरु आफु भन्दा ठुला कहाँ जादा वा आफुभन्दा ठुलो मान्छे आफ्नो घरमा आउदा बोल्ने बोली र व्यवहारको बारेमा सोध्ने र छलफल गर्ने (ख) विद्यार्थीहरु आफु भन्दा सानो मान्छे कहाँ जादाँ वा आफु भन्दा सानो मान्छे आफुकहाँ आउदा गर्ने व्यवहारको बारेमा सोध्ने र छलफल गर्ने (ग) आदर र माया गरिएको भिडियो प्रर्दशन गर्ने (घ) महशुशीकरण क्रियाकलाप गराउने (ङ)अभिनयात्मक प्रस्तुती गर्ने/गराउने	चित्र,पोष्टर, भिडियो	(क) प्रस्नोत्तर गराएर (ख) अभिनय गर्न लगाएर त्यसको आधारमा मापन गर्ने (ग) व्यवहारको निरन्तर अवलोकन गरेर (घ) परिवारका सदस्यहरु र साथीभाइसगाको प्रतिक्रिया लिएर त्यसैको आधारमा मूल्याङ्कन गर्ने	६ घण्टी
१०.सामाजिक सवाल	(क) शरीरका बाहिरी अङ्गहरु टाउको,छाती,पेट,जाघँ,हात र खुट्टा चिन्न र भन्न (ख) टाउको,छाती,पेट,जाघँ,हात र खुट्टाको काम बताउन ग) शरीरको महत्व बताउन	१०.१ मानव शरीर र यसको महत्त्व	(क) शरीरका बाहिरी अङ्गहरुको परिचय टाउको,छाती,पेट,जाघँ,हात र खुट्टा मानव शरीरको महत्व	(क) शिक्षकले आफ्नो शरीरका अङ्गहरु टाउको,छाती,पेट,जाँघ,हात र खुट्टा देखाउने र ती अङ्गहरुको नाम भन्न लगाउने विद्यार्थीहरुका अङ्गहरु देखाएर तिनीहरुलाई चिन्न लगाउने (ख) ती अङ्गहरुको सामान्य काम सोध्ने र विद्यार्थीले नजानेमा सहजीकरण गर्ने जस्तैः टाउको भित्र मश्तिष्क(गिदी) हुन्छ,यसले शरीर सञ्चालन गर्छ । टाउकोमा आखाँ, नाक, कान र मुख हुन्छन् । आखाँले देख्छ,नाकले श्वास फेर्छ र गन्ध थाहा पाउछँ, कानले सुन्छ,मुखले खान्छ र जिब्रोले स्वाद थाहा पाउछँ । छातीभित्र मुटु र फोक्सो हुन्छन् । छातीले तिनीहरुको सुरक्षा गर्छ। पेटमा आन्द्रा,भुडी, कलेजो हुन्छन् । यिनीहरुले खाना पचाउछँन्,जाघँमा दिशापिसाब गर्ने अङ्गहरु हुन्छन्। हातले विभिन्न काम गर्छन,खुट्टाले हिड्छ । (ग) शरीरको महत्वको बारेमा छलफल गर्ने जस्तैः हाम्रो शरीर भएकोले नै हामी भएका हौं । शरीरलाई सञ्चो भएमा हामी सन्चै हुन्छौ ,खुसि हुन्छौ ,काम गर्न मन लाग्छ। शरीर तन्दुरुस्त भएमा हामी काम गर्न सक्छौ । (घ)अरु थप छलफपल गरी शरीरको	(क)केटा र केटीको फोटो	(क) शरीरका अङ्गहरु चिन्न र तिनीहरुको काम भन्न लगाउने (ख) शरीरमा सन्चो नहुदाँ के हुन्छ भनी प्रश्न गर्ने (ग) शरीर कमजोर हुँदा के हुन्छ भनी प्रश्न गर्ने (घ) शरीरलाई हृष्टपुष्ट र तन्दुरुस्त बनाउन के गर्नुपर्छ भनी प्रश्न गर्ने (ङ) विद्यार्थीले आफ्नो शरीरको स्याहार गरे नगरेको दैनिक अवलोकन गरी त्यसैको आधारमा लेखाजोखा गर्ने	८ घण्टी

				महत्वको बोध गराउने र आफ्नो शरीरको स्याहार गर्न उत्प्रेरित गर्ने			

कक्षा २

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामग्री	मूल्याङ्कन प्रक्रिया	पाठ्यघण्टी
१.हाम्रो गाउँपालिका	(क) आफ्नो गाउँको भौगोलकि अवस्था पहिचान गर्न (ख) आफ्नो गाउँ वरपर रहेका अन्य गाउँहरु चिन्न र बताउन (ग) बस्ती, नदीनाला,वनजङ्गल,मठमन्दिर लगायत समेटी आफ्नो गाउँको विशेषता प्रस्तुत गर्न	१.१ आफ्नो गाउको परिचय १.२ आफ्ना छिमेकी गाउँहरु	(क) आफ्नो गाउँ रहेको स्थान (ख) आफ्नो गाउँको विशेषता (बस्ती, नदीनाला,वनजङ्गल, मठमन्दिर,बाटोघाटो) (ग) आफ्नो गाउँको छेउछाउका अन्य गाउँहरु	(क) आफ्नो गाउँको नाम र विद्यालयबाट गाउँ रहेको दिशा भन्न लगाउने । आफ्नो गाउँ वरिपरिका अन्य गाउँहरु चिन्न लगाएर आफ्नो गाउँबाट ती गाउँहरु कुनकुन दिशामा पर्छन् ? त्यो पनि चिन्न लगाउने (ख) आफ्नो गाउँ वरिपरिको बाटा,धारापँधेरा,खोलानाला ,पोखरी,वनजंगल,मठमन्दि र र पाटिपौवाको बारेमा बताउन लगाउने र आवश्यकता अनुसार शिक्षकले सहजीकरण गर्ने (ग) आफ्ना छिमेकी गाउँहरुको मूख्य मूख्य विशेषताहरुको बारेमा छलफल गर्ने र शिक्षकले आवश्यक सहजीकरण गर्ने	(क)गाउँको नक्सा वा चित्र (ख)स्थानीय क्षेत्रको विशेषता समेटिएको सूची (ग) श्रव्यदृश्य सामग्री (घ) छिमेकी गाउँहरु र तिनीहरुको विशेषता समेटिएको सूची	(क)आफ्नो गाउँको पहिचान र विशेषता बोध गरे नगरेका आधारमा लेखाजोखा गर्ने (ख) विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोक गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने (ङ) छलफल, कुराकानी तथा भूमिका अभिनयमा देखाएकोसक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने	१५ घण्टी
२.प्राकृतिक स्रोत र सम्पदा	(क) प्राकृतिक स्रोतको परिभाषा बताउन (ख) प्राकृतिक स्रोतका प्रकार बताई उदाहरण प्रस्तुत गर्न (ग) खेतबारी तथा स्थानीय वन जङ्गलमा पाइने बोटबिरुवा सङ्कलन गरी नामबताउन (घ) उपलब्ध बोटबिरुवा पहिचान गरी अभिभावक तथा शिक्षकको सहयोगमा तिनीहरूको काम बताउन (ङ) आफ्ना वरपर रहेका प्राकृतिक स्रोत चिन्न र भन्न	२.१ प्राकृतिक स्रोतको सामान्य परिचय २.२ स्थानीय बोटविरुवा	(क) प्राकृतिक स्रोतको अर्थ, परिभाषा र प्रकार (ख) स्थानीय बोटबिरुवा : नाम र काम	(क) प्राकृतिक स्रोतको अर्थ र परिभाषा लेखी कक्षामा प्रदर्शन गर्ने र यसबाट मौलिक परिभाषा बनाउन विद्यार्थीलाई उत्प्रेरित गर्ने । यस क्रममा विभिन्न उदाहरण दिदै सिकाइलाई सहज र प्रभावकारी बनाउने (ख) प्राकृतिक स्रोतका प्रकार र तिनका विभिन्न उदाहरण प्रस्तुत गरी त्यसका आधारमा प्रश्नोत्तर तथा छलफल गर्ने गराउने (ग) खेतबारी तथा	(क) सान्दर्भिक तस्विर वा चित्र (ख)श्रव्यदृश्य सामग्री (ग) स्थानीय वोटविरुवाका नमूनाहरु:जरा ,पात,डाँठ, फूल,फल	(क) विद्यार्थीका कार्यकलापको निरीक्षण गर्ने (ख) . व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गर्ने (ग) प्रश्नोत्तर गरेर (घ) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गर्ने (ङ) व्यवहारको निरन्तर अवलोकन	२० घण्टी

				स्थानीय वन जङ्गलमा पाइने बिरुवा, पात डाँठ, जरालगायत सङ्कलन तथा प्रदर्शन गर्न लगाउने । प्रदर्शन गरिएका जडीबुटीका नाम पनि भन्न लगाउने यस क्रममा धेरैभन्दा धेरै जडीबुटी सङ्कलन गर्न हौसला प्रदान गर्ने (घ) उपलब्ध बोटबिरुवा र तिनले गर्ने काममा आधारित भई परियोजना कार्य गर्न लगाउने ।यस क्रममा अभिभावक तथा शिक्षक स्वयम्ले सहयोगीको भूमिका निर्वाह गर्ने । यस्तो कार्य विद्यार्थीलाई एकल वा समूहमा गराउने परियोजनाका कार्यको प्रगति वा प्रतिवेदन कक्षामा प्रस्तुत गर्ने । यसका आधारमा कक्षामा अन्तर्क्रिया पनि गर्ने /गर्न लगाउने (ङ) स्थानीय बोटबिरुवाको तस्बिर खिची वा उस्तै चित्र निर्माण गरी कक्षामा प्रस्तुत गर्न लगाउने । एकले बनाएको चित्रको नाम अर्को विद्यार्थीलाई भन्न लगाउने		र तिनको अभिलेखन गर्ने (च) आत्मविश्वास स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गर्ने (छ) प्रतिवेदन तयार गर्न लगाई त्यासको मूल्याङ्कन गर्ने	
३.संस्कार र संस्कृति	(क) नागपञ्चमीको पौराणिक प्रसङ्ग र बिशेषता बताउन (ख) नागपञ्चमीको महत्त्व बताउन (ग) जनैपुर्णिमाको पौराणिक प्रसङ्ग र विशेषता बताउन (घ) जनैपुर्णिमाको महत्व बताउन र डोरो बानेर रमाउन	३.१ नागपञ्चमीको परिचय ३.२ जनैपुर्णिमाको परिचय	(क) नागपञ्चमीको पौराणिक प्रसङ्ग ,विशेषता र महत्व (ख) जनैपुणिमाको पौराणिक प्रसङ्ग,विशेषता र महत्व	(क) नागको चित्र,पोष्टर वा भिडियो देखाई नागपञ्चमीमा घरमा बाहुनले नाग टाँसेको स्मरण गराउँदै छलफल र प्रश्नोत्तर गराउने (ख) नागपञ्चमीको पौराणिक प्रसङ्ग सुनाउने र छलफल गराउने (ग) नागपञ्चमीको विशेषता र महत्वको बारेमा छलफल	(क) चित्र, पोष्टर,भिडियो, पावर प्वाइन्ट स्लाइड	(क)स्थानीय रूपममनाइने मेला,पर्वको नाम भन्न लगाउने (ख) नागपञ्चमीको पौराणिक प्रसङ्ग र यसको विशेषता बताउन लगाउने (ग) नागपञ्चमीको महत्व सोध्ने	२२ घण्टी

				गर्ने र निश्कर्षमा पुग्ने (घ) जनै र डोरो देखाउँदै जनैपुर्णिमामा घरमा ठूलाले जनै फेरेको र सबैले डोरो बाँधेको स्मरण गराउने (ङ) स्थानीय पुरोहित वा जानकार व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी नागपञ्चमी र जनैपूर्णिमाको बारेमा बताउन लगाउने		(घ) जनैपुर्णिमाको पौराणिक प्रसङ्ग सहित यसको विशेषता बताउन लगाउने (ङ) जनैपुर्णिमामा डोरो बान्दाको क्षणको अनुभव सुनाउन लगाउने	
४.ऐतिहासिक र पर्यटकीय स्थल	(क) ऐतिहासिक र पर्यटकीय स्थल चिन्न र नाम भन्न (ख) ऐतिहासिक तथा पर्यटकीयस्थलको महत्त्व बताउन	४.१ ऐतिहासिक तथा पर्यटकीय स्थलहरु ४.२ ऐतिहासिक तथा पर्यटकीय स्थलको महत्व	(क) ऐरावतीका ऐतिहासिक तथा पर्यटकीय स्थलहरु (ख) ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको महत्व	(क) सिसैनी,कुटीलेक, ठूलीलेक,जाबुने दह, आलमदेवी मन्दिर, फर्साबथान गुफा, काफलबुटा तवश्वी गुफा,ऐरावती,झिमरुक नदी सँग सम्बन्धित फोटो, भिडियो, पावरप्वाइन्ट प्रस्तुत गर्ने (ख) ती मध्ये नजीक र सम्भव हुने ठाउँको प्रत्यक्ष अवलोकन गराउने (ग) ऐतिहासिक र पर्यटकीय स्थल तथा तिनीहरुको महत्वको बारेमा प्रश्नोत्तर र छलफल गर्ने	(क) ऐतिहासिक र पर्यटकीयस्थल को फोटो, भिडियो	(क) ऐरावतीका प्रमुख ऐतिहासिक स्थलको नाम भन्न लगाउने (ख) ऐरावतीका प्रमुख पर्यटकीय स्थलहरुको नाम भन्न लगाउने (ग) ती स्थानहरु प्रख्यात हुनुको कारण सोध्ने (घ) अवलोकन भ्रमणको मौखिक प्रतिवेदन सुनाउन लगाउने	१५ घण्टी
५.पेसा उद्यमशीलता र प्रविधि	(क) आफ्नो छिमेकका मानिसले गर्ने पेसा/व्यवसायको महत्व बताउन	५.१ स्थानीय र परम्परागत पेसाको महत्व	(क) आफ्नो घर र छिमेकका मानिसले गर्ने पेसा/व्यवसायको महत्व (ख) स्थानीय मानिसहरूले परम्परागत रूपमा गर्दै आएका पेसा/काम सम्बन्धी वर्णन	(क) विद्यालय नजिकको कुनै गाउँको अवलोकन भ्रमण गराई त्यहाँका मानिसहरूले के के काम गरिरहेका छन्, देखाई बताइदिने र स्थानीय क्षेत्रमा मानिसहरूले गर्ने कामहरूको सूची बनाई प्रस्तुत गर्ने (ख) पेसा व्यवसायबाट मानिसलाई हुने फाइदाहरूका बारेमा बुँदागत रूपमा छलफल गर्ने (ग) स्थानीय व्यवसायीलाई विद्यालयमा बोलाई पेसा व्यवसायको महत्वका बारेमा बताउन लगाउने	(क) स्थानीय मानिसले गर्ने विभिन्न कामहरूको सूची, पोस्टर, भिडियो (ख) पेसा व्यवसायबाट मानिसलाई हुनेफाइदाहरू बुझाउने चार्ट	(क) आफ्नो विद्यालय वरिपरिको गाउँमा बस्ने मानिसहरूले गर्ने कामहरूको सूची बनाउन लगाउने (ख) कुनै काम गरिरहेको चित्र देखाई के गरिरहेको छ भनेर चिन्न लगाउने (ग) आफ्नो घरको अविभावकले गर्ने काम र त्यस कामबाट के के फाईदा भएको छ भन्ने बारेमा आफ्नो	१५ घण्टी

						अभिभावकलाई सोधी कक्षामा प्रस्तुत गर्न लगाउने	
६.स्वास्थ्य र सरसफाइ	(क) व्यक्तिगत सरसफाइ गर्ने सामग्रीको महत्व बताउन (ख) आफ्नो शरीरको सरसफाइ गर्न (ग) दैनिक गरिने सरसफाइको सूची बनाउन (घ) स्थानीय खेलहरू भन्न र खेल्न (ङ) खेल खेल्नुको फाइदा बताउन	५.१ शरीरको सरसफाइ गर्ने तरिका र अभ्यास ५.२ स्थानीय खेलहरूको परिचय र महत्व	(क) सरसफाइका सामाग्री, ब्रुस, साबुन, रुमालको महत्व (ख) शरीरको सरसफाइ, नुहाउने, कपडा सफा राख्ने तरिका (ग) हातमुख धुने नुहाउने, ब्रुश गर्ने, कपडा धुने, नङ काट्ने, कपाल कोर्ने (घ) स्थानीय खेल (लुकामारी, रुमाल लुकाइ, चुङ्गी, चारी (ङ) शारीरिक तथा स्वास्थ्यको विकास (च) सामूहिक भावनाको विकास	(क) व्यक्तिगत सरसफाइ गर्ने सामग्रीको प्रयोग सम्बन्धी जोडी अन्तर्क्रिया गराइ भन्न लगाउने (ख) शरीर सरसफाइ गरेको चित्र देखाउँदै छलफल गराउने (ग) शरीरका अङ्गहरूको सरसफाइ गर्ने विधि र सरसफाइको महत्व दर्शाउने भिडियो कक्षाकोठामा प्रदर्शन गरी छलफल गराउने (घ) हातमुख धुने, नुहाउने, ब्रुश गर्ने, कपडा धुने, नङ काट्ने,कपाल कोर्ने अभ्यास गराउने (ङ) शिक्षकले विद्यार्थीलाई स्थानीय खेलहरू जस्तै : लुकामारी, रुमाल लुकाइ, चुङ्गी, चारी खेल्न अभ्यास गराउने र समूहगत रूपमा खेल खेल्न लगाउने	(क) ब्रुस, साबुन, रुमाल (ख) शरीर सरसफाइ गरेको चित्र (ग) शरीर सफाइ गरेको भिडियो, (घ) पावर प्वाइन्ट स्लाइड	(क) शरीरका अङ्गहरू, जस्तै : हात, खुट्टा, दाँत सरसफाइ गर्ने तरिका भन्न लगाउने (ख) शारीरका कुनै दुईओटा अङ्ग सफाइ गरेर देखाउन लगाउने (ग)सरसफाइ गरेर आए नआएको यकिन गरी पृष्ठपोषण दिने (घ) लुकामारी, रुमाल लुकाइ, चुङ्गी,चारी खेल्न लगाउने र अवलोकन गरी सोका आधारमा मूल्याङ्कन गर्ने	१५ घण्टी

७.प्रकोप, वातावरण र हरित एवम् वालमैत्री विद्यालय	(क) हावापानीको महत्व बताउन	७.१ हावापानीको महत्व	(क) आफ् वसेको ठाउँको तातो चिसो हावापानी (ख) जाडो मौसम र गर्मी मौसममा हुने अन्नबाली, तरकारी बाली, फलफूल (ग) बढी जाडो र बढी गर्मी मौसमबाट बच्ने उपाय	(क) जाडो वा गर्मी वा तत्कालको हावापानीका बारेमा प्रश्नोत्तर गरी छलफल गर्ने (ख) विभिन्न अन्नबाली, तरकारी बाली, फलफूलको नमुना देखाई कस्तो हावापानीमा उत्पादन हुने हो छलफल गराउने (ग) बाक्लो लुगा, पातलो लुगा आदि लगाइने कारणबारे छलफल गराउने	(क) बाक्लो वा पातलो लुगा लगाएको मानिसको चित्र (ख) पानी पर्दा छाता ओढेको चित्र वा पोस्टर आदि (ग) अन्नबाली, तरकारी बाली, फलफूल नमुना	(क) जाडो समयमा लगाउने लुगाको नाम भन्न लगाउने (ख) गर्मी समयमा लगाउने लुगाको नाम भन्नलगाउने (ग) पानी परेको बेला घर बाहिर निस्कदा प्रयोग हुने सामानको नाम भन्न लगाउने (ग) विभिन्न अन्नबाली, तरकारी बाली, फलफूलको नमुना देखाई कस्तो हावापानीमा उत्पादन हुन्छ सोध्ने	५ घन्टी
	(क)विद्यालय बालबगैँचाको आवश्यकता र महत्व बताउन	७.२ वाल बगैचाको आवश्यकता र महत्व	(क) विद्यालय बालबगैँचाको परिचय (ख) बाल बगैँचा बनाउनुपर्ने कारण (ग) विद्यालय बाल बगैँचाबाट हुने फाइदा	(क) बगैँचामा रोपिने बिरुवाहरूको नाम उदाहरणको दिई प्रस्तुत गर्ने (ख) विद्यालय बाल बगैँचा बनाउनुपर्ने कारणको सूची प्रस्तुत गर्ने (ग) बाल बगैँचाबाट हुने फाइदाहरू छलफल गराउने (घ) विद्यालयमा रहेको बाल बगैँचामा अवलोकन भ्रमण गराउने	(क) बाल बगैँचाको चित्र, पोस्टर (ख) स्थानीय क्षेत्रमा पाइने सयपत्री, गोदावरी, मखमली, लालुपाते, लालिगुरास, वेगमबली, जाई, चम्पा आदिको फूल, पात,बिरुवा वा चित्र	(क) घरवाट पाँचओटा फूल वा बिरुवा ल्याई नामसहित वताउन लगाउने साथै बाल बगैँचामा रोप्न लगाउने	५ घण्टी
	(क)सुरक्षित रुपमा सजिलोसँग खानेपानी र शौचालयको प्रयोग गर्न पाउनुपर्ने कुराको बोध गर्न र प्रयोग गर्न	७.३ खानेपानी तथा शौचालय व्यवस्थापन	(क) वालवालिकाको लागि सहज, सफा र सुरक्षित शौचालय (ख) वालवालिकाको लागि सहज र स्वच्छ पिउने पानी	(क) वालवालिकाको लागि विद्यालयमा सजिलो,सफा र सुरक्षित चर्पी हुनुपर्ने कुराको बारेमा छलफल गर्ने र	(क) वालमैत्री शौचालय र खानेपानी सुविधा देखाउने	(क) वालवालिकाको लागि विद्यालयमा खानेपानी र शौचालयको कस्तो	५ घण्टी

				विद्यालयमा त्यस्तो चर्पीको सुविधा उपलब्ध गराउने (ख) विद्यालयमा बालबालिकाले सजिलैसँग उपभोग गर्न सक्ने गरी सफा र स्वच्छ पिउने पानीको सुविधा हुनुपर्ने बारेमा छलफल गर्ने र उनीहरुलाई त्यस्तो सुविधा उपलब्ध गराउने	चित्र,फोटो,भिडियो	व्यवस्था हुनुपर्छ भनी प्रश्न गर्ने (ख) आफ्नो विद्यालयमा खानेपानी र शौचालयको अवस्था सुरक्षित र सजिलो भए नभएको बारेमा मौखिक रुपमा भन्न लगाउने	
८.हाम्रो बिगत	(क) पहिले पहिले लगाइने बालीनालीका नाम बताउन (ख) खेती गर्न प्रयोग गरिने साधन र तरिकाको बारेमा बताउन (ग) पालिने पशुबस्तुहरुको नाम बताउन (घ) कोटबेशीको बसाइको बारेमा बताउन	८.१ खेतीपाती ८.२ पशुपालन	(क) लगाइने बालीनालीहरु, खेती गर्ने तरिका र साधन (ख) पालिने पशुबस्तुहरु,कोटबेशी	(क) बाजेका पालामा बोलको लोकगीत सुनाउने र सोलखर्कको कथा भिडियो प्रदर्शन गर्ने (ख) बालबालिकाहरुलाई आजभोलि उनीहरुको खेतबारीमा लगाइने बालीनाली र खेती गर्ने तरिकाको बारेमा सोधेर पहिले पहिले उनीहरुको बाजे बज्यैले के कसरी खेती गर्नुहुन्थ्योहोला भनी प्रश्न गर्ने र छलफल गराउने । (ग) पहिले पहिले पालिने पशुबस्तुको बारेमा छलफल गरी त्यतिबेलाको मुख्य व्यवसाय नै खेतीपाती र पशुपालन भएको निश्कर्षमा पुग्ने (घ) कोटबेशी र घरगोठको बारेमा बालबालिकाहरुलाई रोचक ढङ्गले सुनाउन (ङ) स्थानीय बुढापाकाहरुलाई विद्यालयमा बोलाएर पुराना कुराहरु सुनाउन लगाउने (च) पुरानो खेती गर्ने तरिका र पशुबस्तु पाल्ने तरिकाको झल्को दिने बृत्तचित्र वा भिडियो प्रदर्शन गर्ने (छ) पुरानो जीवनशैलीको महशुसीकरण गराउने	(क) पहिलेको खेतीपाती र पशुपालन को झ-झल्को दिने फोटा ,बृत्तचित्र ,भिडियो	(क) पहिलेका मानिसहरुले के के खेती गर्थे? खेती कसरी गर्थे भनी प्रश्न सोध्ने (ख) पहिले पहिलेका मानिसले पाल्ने पशुबस्तु र तरिकाको बारेमा प्रश्न सोध्ने (ग)उहिलेको खेतीपाती र पशुपालनको बारेमा जानेका कुरा भन्न लगाउने (घ) महशुसीकरण पछि उनीहरुलाई आफ्नो मनमा लागेको कुरा भन्न लगाउने (ङ) गाउँटोलका स्थानीय बुढापाकाको घरमा गइ उहिलेको खेती गर्ने तरिका र पशु पालनको बारेमा सोधेर आइ विद्यालयमा भन्नको लागि परियोजना कार्य दिने	१५ घण्टी

				कृयाकलाप गराउने			
९.जीवनमार्ग	(क) आफ्नो रुचि अभिव्यक्त गर्न (ख) आफुलाई मन पर्ने काम बताउन	९.१ रुचि	(क) आफ्नो रुची (ख) आफुलाई मनपर्ने खाना,लुगा, रङ,फुल, खेल, चरा (ग) मन पर्ने काम : गायन,नृत्य,चित्र बनाउने,खेल खेल्ने,खाना पकाउने आदी)	(क) शिक्षकले आफुलाई मन पर्ने खाना,लुगा,रङ,फूल,चरा ,जनावर जस्ता कुराहरु बताउने।त्यसपछि विद्यार्थीलाई तिमिहरुलाई के मन पर्छ भनी प्रश्न सोध्ने,जस्तै: तिमीलाई कुन खाना मनपर्छ? तिमीलाई कस्तो लुगा लपगाउन मन लाग्छ ? तिमीलाई कुन चाहीँ फूल राम्रो लाग्छ ? विद्यार्थीले कठिनाइ महसुस गरेमा सहजीकरण गर्ने (ख) विभिन्न काम गर्दै गरेको चित्र देखाएर त्यो काम चिन्न लगाउने र आफुलाई मन पर्ने काम छनोट गर्न लगाउने (ग) विद्यार्थीलाई पालैपालो तिमीलाई कुन काम गर्न रुची छ? भनी प्रश्न गर्ने,विद्यार्थीको उत्तरलाई स्यावासीका साथ थप स्पष्ट पारिदिने (घ)मेटाकार्डमा उनीहरुलाई मनपर्ने काम लेख्न लगाएर पेपर क्लिपको मद्धतले छातीमा टास्न लगाउने र सो कामको आभिनय गर्न लगाउने (ङ) सेतो सादा कागजमा आफ्नो हातको चित्र बनाउन लगाएर माझी औलामा आफ्नोरुची लेख्न लगाउने	(क)मेटाकार्ड (ख) कलरपेन (ग) ह्वाइट पेपर (घ) चित्र	(क) प्रश्नोत्तर गर्ने (ख) विभिन्न काम गर्दै गरेको चित्रहरुको थुप्रोबाट उनीहरुलाई मन पर्ने चित्र छान्न लगाउने (ग) आफुलाई मन पर्ने कामको अभिनय गर्न लगाउने (घ) आफुलाई मन पर्ने खाना,लुगा,रङ,फूल,चरा, जनावर आदीको सूची बनाउन लगाउने	२० घण्टी
	(क) गर्न हुने कामहरु चिन्न र बताउन (ख) गर्न नहुने काम चिन्न र बताउन (ग) गर्न हुने कामहरु गर्ने र गर्न नहुने काम नगर्ने बानीको विकास गर्ने	९.२ गर्न हुने र गर्न नहुने कामहरु	(क) गर्न हुने र गर्न नहुने कामहरु	(क) राम्रा र नराम्रा कामको फोटो वा चित्र प्रदर्शन गर्ने र छलफलबाट कुन काम गर्न हुन्छ र कुन काम गर्न हुदैन,सो कुरा छुट्याउन लगाउने। (ख) राम्रा र नराम्रा कामहरु गर्दै गरेको भिडियो प्रदर्शन	(क)फोटो ,चित्र वा पोष्टर (ख) भिडियो , (ग) कथा	(क) प्रश्नोत्तर गराउने (ख) राम्रा र नराम्रा कामहरु लेखिएका मेटाकार्डहरुको थुप्रोबाट राम्रा काम र नराम्रा काम छुट्याउन लगाउने (ग) आफ्नो राम्रो र	

				गर्ने र ती कामहरुले तत्काल वा भविष्यमा पर्ने असरहरुको बारेमा छलफल गर्ने (ग) गर्न हुने काम र गर्न नहुने कामहरुको सुची प्रदर्शन गरी ती कामहरु किन गर्नुपर्छ र किन गर्नुहुदैन,भन्ने बारेमा छलफल गर्ने र त्यसको महशुसीकरण गर्न लगाउने (घ) राम्रा र नराम्रा काम र तिनको परिणामको बारेमा कथा सुनाउने (ङ) विद्यार्थीहरुलाई दुई समुहमा विभाजन गरेर एउटा समुहलाई गर्न हुने कामको अभिनय गर्न लगाउने र अर्को समुहलाई किन गर्न हुन्छ भनी त्यसको उत्तर भन्न लगाउने ,ठिक त्यसै गरी दोस्रो समूहलाई गर्न नहुने कामको अभिनय गर्न लगाइ पहिलो समुहलाई त्यसको कारण बताउन लगाउने (च) गर्न हुने काम गर्ने र गर्न नहुने काम नगर्ने बानीको विकास गर्न उत्प्रेरित गर्ने,त्यसको अनुगमन घरमा अभिभाबकले र विद्यालयमा शिक्षकले गर्ने गरी जिम्मेवारी तोकिएको कुरा बताउने		नराम्रो बानीका ५/५ वटा कुराहरु भन्न लगाउने (घ)व्यवहारको निरन्तर अवलोकन गरी तिनीहरुको अभिलेखन गर्ने	
	(क) आफ्नो पैसा खुत्रुकेमा जम्मा गर्न (ख) खाना,पानी अन्य उपभोग्य सामग्री खेर नफाल्न (ग)आफ्ना व्यक्तिगत सामानहरु लुगाफाटा, कापी कलम,किताब,झोला,ब्रुस आदीको जतन गर्न	९.३ बचत र मितव्ययिता	(क) बचत र मितव्ययिता	(क) खुत्रुके प्रदर्शन गरी विद्यार्थीहरुलाई यो के हो भनेर प्रश्न सोध्ने,त्यसपछि त्यसको प्रयोगको बारेमा छलफल गर्ने,कसैको घरमा खुत्रुके भएको र त्यसको प्रयोग भैरहेको भए वालवालिकाको अनुभव प्रस्तुत गर्न लगाउने। (ख) वालवालिकासँग हुने आम्दानीको बारेमा छलफल	(क)खुत्रुके, (ख) चित्र वा फोटो	(क) प्रश्नोत्तर गरेर (ख) व्यवहारको निरन्तर अवलोकन र तिनीहरुको अभिलेखन गर्ने (ग) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गर्ने (घ) आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुती र अभ्यासलाई उपयोग	

				गर्ने,जस्तैः घरमै विभिन्न चाडवाड,श्राद्ध वा अन्य धार्मिक ,सांस्कृतिक कार्य हुँदा टीका लगाएर पाएको दक्षिणा,मावल वा अन्य आफन्त कहाँ जाँदा टीका लाएर पाएको दक्षिणा,विद्यालयमा नास्ता खानको लागि अभिभावकले दिनुभएको पैसाबाट गरेको बचत,बाबुआमाले पेवाको रुपमा दिनुभएको वस्तुभाउ बेचेर भएको आम्दानी,खेतीवालीको सिला खोजेर वा भँगेपाथीबाट भएको आम्दानी आदी। (ग) यसरी जम्मा भएको आम्दानीलाई सँगाल्दै(बचत गर्दै) जादाँ पछि धेरै पैसा हुने र त्यसबाट आफुलाई दुख वा गर्जो पर्दा त्यो दुख वा गर्जो टार्न सकिने कुरा महसुस गराउने (घ) बचतबाट दुख वा गर्जो टारिएको कथा वा प्रेरक प्रसङ्ग सुनाउने र छलफल गर्ने (ङ) वालवालिकाले मीठो खाना,चिया,कुरौनी,मह वा अन्य आफुलाई मनपर्ने कुराको आरिस्यई गरेर धेरै माग्ने र पछि खान नसकेर त्यतिकै फाल्ने गरेका वा गर्ने कुराहरुको बारेमा छलफल गर्ने र त्यसरी खाना खेर फाल्न नहुने कुराको बोध गराउने (च) वालवालिकाले पानीमा खेल्ने र धारा खोलिराख्ने,हसिया वा अन्य औजार टुक्टुक्याउने जस्ता कामहरु गर्ने गरेको बारेमा		तथा अभिलेखीकरण गर्ने (ङ) वालवालिकाका आम्दानीका स्रोतहरुको सूची बनाउन लगाउने (च) वक्तृत्वकला सञ्चालन गर्ने (छ) वालवालिकाले खेर फाल्ने वस्तुहरु पहिचान गरी तिनीहरुलाई जोगाउने तरिका बताउन लगाउने (ज) बचतको महत्व भन्न लगाउने	

				छलफल गर्ने र त्यस्ता वस्तु वा सरसामानको महत्व बोध गराई तिनीहरुको मितव्ययिपूर्ण प्रयोग गर्न प्रेरित गर्ने । (छ)आफ्ना व्यक्तिगत सरसामानहरु लुगाफाटा,ब्रुश,झोला आदीको महत्वको बारेमा छलफल गरी तिनीहरुको जतन गर्न आवश्यक रहेको महशूस गराउने र जतन गर्ने तरिकाको बोध गराइ दैनिक जीवनमा त्यसो गर्न प्रेरित गर्ने			
१०.स्थानीय सामाजिक सवाल	(क) राम्रो र नराम्रो स्पर्स छुट्याउन (ख) नराम्रो स्पर्सबाट जोगिन	१०.१ राम्रो र नराम्रो स्पर्स	(क) शरीरका अङ्गहरुको परिचय र प्रयोग, (ख) नीजी अङ्गहरु (ग) राम्रो र नराम्रो स्पर्स,नराम्रो स्पर्सबाट बँच्ने उपाय	(क) शिक्षकले आफ्नो शरीरका बाहिरी अङ्गहरु बताउँदै वालवालिकालाई उनीहरुको शरीरका बाहिरी अङ्गहरुको नाम र काम चिन्न लगाउने,तिनीहरु मध्ये छुन र प्रयोग गर्न आफ्नो मात्र अधिकार भएका अङ्गहरु कुनकुन हुन् भनी सोध्ने र छलफल गर्ने । ती अङ्गहरुमा अरुले छुदा उनीहरुलाई महशूस हुने अप्ठ्यारोको बारेमा छलफल गर्ने; त्यस्ता अनुभव भए सुनाउन लगाउने । (ख) राम्रो र नराम्रो स्पर्सको बारेमा बोध गराई नराम्रो स्पर्सबाट बँच्ने तीनवटा उपायहरुको बारेमा बताउने; हेल्पलाइन डेस्कको फोन नम्बर पनि टिपाउने (ग) राम्रो र नराम्रो स्पर्स सम्बन्धि सान्दर्भिक भिडियो प्रदर्शन गर्ने	चित्र,भिडियो,पावरप्वाइन्ट स्लाइड	(क) राम्रो र नराम्रो स्पर्सको बारेमा प्रश्नहरु सोध्ने (ख) लघुवक्तृत्वकला राख्ने (ग) नराम्रो स्पर्सबाट बँच्ने उपायहरु अभिनय सहित प्रस्तुत गर्न लगाउने	८ घण्टी

कक्षा ३

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामग्री	मूल्याङ्कन प्रक्रिया	पाठ्यभार
१.हाम्रो गाउँपालिका	(क) आफ्नो गाउँ र त्यस वरपरको जमिनको भौगोलिक बनावट: लेक,डाँडा,भिरालो,दमार,समथर,बेशी,पाखा पखेरा चिन्न र बताउन (ख) आफ्नो गाउँ र त्यस वरपरको माटोको रङ,ढुङ्गाको किसिम,साइज र माटो र ढुङ्गाको मिश्रणको सामान्य अवस्था बताउन (ग) अवलोकनको आधारमा कुनैपनि ठाउँका भौगोलिक बिशेषताहरुको सामान्य वर्णन गर्न	१.१ आफ्नो बसोबास क्षेत्रको भौगोलिक बनावट १.२ आफ्नो बसोबास क्षेत्रको माटो र चट्टान	आफ्नो गाउँठाउँ र त्यस वरपरको लेक,डाँडा,पाखापखेरा,खोल्साखोल्सी,भिरालो,दमार,समथर,खोला, नदी,माटोको रङ,ढुङ्गाको साइज र किसिम: फलामे,चिउरे,छाउनि ढुङ्गा,माटोमा ढुङ्गाको मिसावट	(क) विद्यालय आसपास त्यहाँबाट देखिने ठाउँ देखाएर लेक,डाँडा,पाखा पखेरा,भिरालो,दमार,समथर,खोंच र खोल्साखोल्सी परेको जमिन चिन्न र छुट्याउन लगाउने । त्यसै आधारमा विद्यार्थीहरुको बसोबास क्षेत्र र त्यस वरिपरिको भौगोलिक बनावट बताउन लगाउने (ख) भौगमोलकि बनावट सम्बन्धि सरल भिडियो प्रदर्शन गर्ने (ग) विद्यालय र त्यहाँ नजीकैको स्थानको अवलोकन भ्रमण गराइ माटोको रङ,ढुङ्गाका साइज र प्रकार चिनाउने साथै माटोमा ढुङ्गाका टुक्राहरु कति बढी वा कम मिसिएका छन्,छलफल गराउने (घ) अवलोकनको आधारमाआफ्नो घर वरपर,खेत,बारी,वनपाखाको बनावट,माटोको रङ,ढुङ्गाको किसिम र आकार,माटोमा ढुङ्गाको मात्रा कस्तो र के कति छ भनी प्रस्तुत गर्न लगाउने	(क)सान्दर्भिक चित्र,पोष्टर (ख) भिडियो	(क) निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोत्तर गर्ने (ख) सिकाइ सहजीकरणका क्रममा छलफल (युगल, सामूहिक) मा सहभागिता समूहकार्यमा सक्रियताको अवलोकन तथा लेखाजोखा गर्ने (ग) निर्दिष्ट सूचीको प्रस्तुतिका आधारमा सिकाइको मूल्याङ्कन गर्ने (घ) लिखित अभ्यास गर्न लगाउन (ङ) परियोजना कार्य दिएर आफ्नो गाउँठाउँको भु-बनोटको बारेमासानो प्रतिबेदन बनाउन लगाउने,त्यहाँको माटो र ढुङ्गाका नमूनाहरु लिएर आउन लगाउने	२० घन्टी
२.प्राकृतिक स्रोत र सम्पदा	(क) प्राकृतिक स्रोतको वितरणको अवस्था अवलोकन गरी त्यसको चित्रण र प्रस्तुति गर्न (ख) प्राकृति स्रोतको महत्व बोध गरी मौखिक तथा लिखित रूपमा अभिव्यक्त गर्न (ग) अभिभावक, शिक्षक वा अन्य	२.१ प्राकृतिक स्रोतको अवस्था २.२ प्राकृतिक स्रोतको महत्व	(क) प्राकृतिक स्रोतको वितरणको अवस्था (ख) प्राकृतिक स्रोतको महत्व	(क) स्थानीय क्षेत्रका प्राकृतिक स्रोतका नाम र यिनीहरूको वितरणको अवस्था चित्रण हुने नक्सा, चित्र वा तालिका बनाई कक्षामा प्रस्तुत गर्ने । उक्त नक्सा, चित्र वा तालिकाका आधारमा छलफल तथा प्रश्नोत्तर गर्न लगाउने । नक्सा, चित्र वा तालिकामा केही थपघट गर्नुपर्ने भएका सोका लागि विद्यार्थीलाई उत्प्रेरित गर्ने । (ख) दैनिक कार्यव्यवहार तथा स्वस्थ जीवनशैलीका लागि	(क) सान्दर्भिक तस्बिर वा चित्र (ख) श्रव्यदृश्य सामग्री	(क) विद्यार्थीका कार्यकलापको निरीक्षण गर्ने (ख) व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गर्ने (ग) प्रश्नोत्तर गर्ने (घ) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गर्ने (ङ) व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गर्ने	२० घण्टी

	जानकार व्यक्तिको सहयोग लिइ स्थानीय सम्पदाका बारेमा जानकारी हासिल गरी छोटकरीमा बताउन (घ)स्थानीय सम्पदाको महत्व बोध गरी बुँदागत रूपमा प्रस्तुत गर्न			प्राकृतिक स्रोतको महत्व बताई त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने । (ग)स्थानीय प्राकृतिक स्रोतको जानकारी र महत्व समेटिएको भिडियो प्रदर्शन गर्ने		(च) आत्म विश्वासपूर्ण स्पष्ट प्रस्तुति रअभ्यासलाई उपयोग तथा अभिलेखीकरण गर्ने	
३.संस्कार र संस्कृति	(क) कुशेऔंसीको परिचय दिन र कुशको महत्व बताउन (ख) जन्माष्ठमीको पौराणिक प्रसङ्ग र विशेषता बताउन (ग) तीजको पौराणिक प्रसङ्ग,विशेषता र महत्व बताउन (घ) चाडवाडमा रमाउन	३.१ कुशेऔंसी, ३.२ जन्माष्ठमी ३.३ तीजको	(क) कुशेऔंसीको परिच कुशको महत्व (क) जन्माष्ठमीको पौराणिक प्रसङ्ग र महत्व, (ग) तीजको पौराणिक प्रसङ्ग,बिशेषता र महत्व	(क) कुशेऔंसीको प्रसङ्ग र अनुभव सहित कुशको बोट,पात वा चित्र देखाएर कुशेऔंसीको बारेमा छलफल गराउने र शिक्षकले थप कुरा बताइदिने (ख) भगवान कृष्णको फोटो,भिडियो वा भजन प्रदर्शन गरी जन्माष्ठमीको पौराणिक प्रसङ्ग बताउने (ग) जन्माष्ठमीमा गरिने कार्यहरुको बारेमा छलफल गराउने र सहजीकरण गर्ने (घ) तीजको गीत,नाचको भिडियो प्रदर्शन गर्ने (ङ) तीजको बारेमा छलफल गर्ने र तीज मनाउँदाका अनुभवःलुगा लगाएकोा,दर खाएको,गीत गाएको सुनेको सुनाउन लगाउने र शिक्षकले सहजीकरण गर्ने (च) तीजको पौराणिक प्रसङ्ग सुनाउने र यसको महत्वको बारेमा छलफल गर्ने (छ)स्थानीय जानकार बुढापाका व्यक्तिलाई बोलाएर कुशेऔसी,जन्माष्ठमी र तीजको बारेमा बताउन लगाउने	(क) कुश, (ख) कृष्णको फोटो, (ग) कुशेऔंसी,जन्माष्ठमी र तीजको झलक दिने फोटो तथा भिडियो	(क) कुशेऔंसी,जन्माष्ठमी र तीजको पौराणिक प्रसङ्ग भन्न लगाउने (ख) कुशेऔंसी,जन्माष्ठमी र तीजका बिशेषताहरु बताउन लगाउने (ग) कुशेऔंसी र तीजको महत्व बताउन लगाउने (घ) निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोत्तर गराउने (ङ) सिकाइ सहजीकरणका क्रममा छलफल (युगल ,सामुहिक) मा सहभागिता समूहकार्यमा सक्रियताको अवलोकन तथा लेखाजोखा गर्ने (च) निर्दिष्ट सूचीको प्रस्तुतिका आधारमा सिकाइको मूल्याङ्कन गर्ने (छ) लिखित अभ्यास गर्न लगाउने	२२ घन्टी
४.ऐतिहासिक र पर्यटकीय स्थल	(क) जाबुनेदहको भौगोलिक अवस्थिति, बनावट र प्राकृतिक शुन्दरताको बारेमा बताउन (ख) दह भित्रको बराहथान र यसको	४.१ जाबुनेदहको परिचय र महत्व ४.२ फर्साबथान गुफाको परिचय र महत्व	(क) जाबुनेदहको प्राकृतिक सुन्दरता र धार्मिक महत्व (ख) फर्साबथान गुफाको भौगोलिक अवस्थिति,बनावट र यसले बोकेको पर्यटन सम्भाव्यता	(क) जाबुनेदह र फर्साबथान गुफाको फोटो, भिडियो प्रदर्शन गर्ने (ख) जाबुनेदह र फर्साबथान गुफाको स्थलगत भ्रमण गराउने (ग) जाबुनेदह रहेको स्थान,त्यहाँको भौगोलिक	(क) जाबुनेदह र फर्साबथान गुफाको फोटो, (ख) भिडियो	(क) जाबुनेदह कहाँ,कस्तो र केका लागि प्रसिद्ध छ,भन्न लगाउने (ख) फर्साबथान गुफा रहेको स्थान,यसको बनावट र महत्वको बारेमा भन्न लगाउने (ग) भ्रमण प्रतिवेदन	१५ घन्टी

	धार्मिक सांस्कृतिक महत्व भन्न (ग) फर्सावथान गुफाको भौगोलिक अवस्थिति,र बनावटको बारेमा बर्णन गर्न (घ) फर्सावथान गुफाको महत्व बताउन			बनावट,दहको बनावट र सिमलको रुख तथा,त्यसको फेदमा रहेको बराहथानको बारेमा बताउने (घ) फर्सावथान गुफा रहेको स्थान,यसको बनावट,त्यस गुफामा बसेर हात हेर्ने प्रभुनी र उनको भविष्यवाणीको बारेमा बताउने (ङ) जावुनेदह र फर्सावथान गुफाले बोकेको पर्यटकीय सम्भावनाको बारेमा छलफल गर्ने (च) सूचना प्रविधिको प्रयोग गरी जावुने दह र फर्सावथान गुफाको बारेमा जानकार व्यक्तिसँग कुराकानी गर्ने र सुनाउने (छ) जावुनेदह र फर्सावथान गुफाको बारेमा जानकार व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी बताउन लगाउने		(मौखिक) तयार गर्न लगाइ लेखाजोखा गर्ने	
५.पेसा उद्यमशीलता र प्रविधि	(क) स्थानीय परम्परागत पेसाको संरक्षणका उपायहरू प्रस्तुत गर्न (ख) स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको प्रयोग गर्न	५.१ स्थानीय र परम्परागत पेसा र प्रविधिको संरक्षण	(क) स्थानीय परम्परागत पेसाको संरक्षणका उपायहरू (ख) स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको उपयोग (जस्तै: हलो: जोत्न,सुपो: अन्न केलाउन,सुकाउन, गुन्द्रो: बस्न,सुत्न र बिस्कुन सुकाउन)	(क) स्थानीय क्षेत्रमा पाइने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको सूची बनाउन लगाउने र उक्त सामग्रीहरूको उपयोग, (जस्तै : हलो जोत्न, सुपो अन्न केलाउन, सुकाउन, गुन्द्रो: बस्न,सुत्न र बिस्कुन सुकाउन) बारे छलफल गर्ने (ख) परम्परागत सामग्रीहरू (जस्तै : हलो सुपो र गुन्द्रो) बनाउने मानिसहरूसँग भेट गराई निर्माण प्रक्रिया अवलोकन गराउने (ग) स्थानीय परम्परागत पेसाको संरक्षणका उपायहरूबारे जानकारी दिन स्थानीय विज्ञबाट प्रस्तुतीकरण गर्न लगाई निष्कर्ष दिने	(क)स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको सूची र तिनीहरूको उपयोग सम्बन्धी पोस्टर, भिडियो (ख) पेसा व्यवसायबाट मानिसलाई हुने फाइदाहरू बुझाउने चार्ट	(क) स्थानीय क्षेत्रमा पाइने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको चित्र सहित सूची बनाउन लगाउने (ख)स्थानीय क्षेत्रमा पाइने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको उपयोगबारे प्रश्नोत्तर गर्ने (ग) पेसा व्यवसायबाट मानिसलाई हुने फाइदाहरूको सूची तयार पारी प्रस्तुत गर्न लगाउने ।	१५ घन्टी
६.स्वास्थ्य र सरसफाइ	(क) भोजनको धारणा भन्न (ख) दैनिक भोजन तालिका प्रयोग गर्न (ग) भोजनको	६.१ खानाको परिचय ६.२ व्यक्तिगत सामग्रीहरूको हिफाजत र	(क) भोजनको अर्थ (ख) भोजन तालिका (ग) भोजनको आवश्यकता	(क) भोजनको अर्थ लेखिएको चार्ट र भोजन तालिका देखाउँदै छलफल गर्ने (ख) विद्यालयमा स्थानीय	(क) स्थानीय अन्न, फलफूल र तरकारीहरू,फलफूल तथा तरकारीको चार्ट (ख) लारी, बियो , बाघचाल बोर्ड,गोटी,	(क) भोजनको अर्थ भन्न र लेख्न लगाउने (ख) भोजनको आवश्यकता किन पर्छ, सोध्ने	१५ घण्टी

	आवश्यकता बताउन (घ)स्थानीय खेलहरूको सूची बनाउन (ङ)स्थानीय खेलहरू खेल्न (च) खेलको महत्व भन्न	सरसफाइको परिचय र अभ्यास ६.३ स्थानीय खेलहरूको अभ्यास	(घ) लारीबियो बाघचाल, कुखुरेजुधाइ (ङ)स्थानीय खेलको अभ्यास (च) स्थानीय खेलको महत्व	रूपमा पाइने अन्न, तरकारी, फलफूलबाट बन्ने भोजनको प्रकारको तालिका बनाउने र भोजन तालिकाअनुसार घर तथा विद्यालयमा प्रयोग गर्दा पुग्ने फाइदाका बारेमा बताउने (ग) भोजनको आवश्यकता र महत्वका बारेमा गीत बनाएर गाउने, गाउने लगाउने (घ)सरसफाइको अर्थ र परिचय बताइ आवश्यकताका बारेमा छलफल गराउने (ङ) लारीबियो , बाघचाल र कुखुरेजुधाइ खेलको अभ्यास गराउने । (च) खेलको महत्वको बारेमा छलफल गराउने (छ) विद्यालय रहेको समूदायमा उपलब्ध हुने खेलाडी तथा प्रशिक्षकहरूसँग विद्यार्थीहरूको अन्तरक्रिया गराउने	(ग) सरसफाइ र फोहरको चार्ट (घ) खेल खेलेको भिडियो	(ग) दैनिक रूपमा घरमा प्रयोग गरिने भोजन तालिका बनाउन लगाउने (घ) सरसफाइको अर्थ र परिचय सोध्ने (ङ) खेलको महत्व भन्न लगाउने (च) विद्यार्थीले डन्डीबियो बाघचाल, कुखुरेजुधाइ खेल खेलेको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने	
७.प्रकोप, वातावरण र हरित एवम् वालमैत्री विद्यालय	(क) प्रकोप/विपद्को परिचय दिन	७.१ प्रकोप/विपद्को परिचय	(क) प्रकोपअन्तर्गत बाढी, पहिरो, भूक्षय, भूकम्प, हुरीबतास, आगलागी, चट्याङ, आदिको जानकारी	(क) बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि,चट्याङ आदिको चित्र /भिडियो प्रस्तुत गर्ने र प्रत्येक चित्रका बारेमा छलफल गराउने (ख) भूकम्प र त्यसले पुऱ्याउने हानि नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रश्तुत गरी छलफल गराउने (ग)शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गर्ने	(क) बाढी, पहिरो, भूक्षय आदिको चित्र/पोस्टर (ख) भूकम्पले घर भत्काएको अवस्थाको चित्र (ग)श्रव्यदृष्य सामग्री लगायतका सूचना प्रविधि	(क) आफ्नो घर वरिपरिका प्रकोप तथा विपद्को सूचि बनाउन लगाउने (ख) आफूले देखेका/भोगेका प्रकोप तथा विपद्का घटनाहरूको नाम बताउन लगाउने	५ घण्टी
	(क) आफ्नो वरिपरीको वातावरणको परिचय दिन	७.२ हाम्रो वातावरण	(क) प्राकृतिक वातावरण ; जस्तै : वन, वन्यजन्तु, नदी, खोलानाला, ढुङ्गा, माटो (ख) मानव निर्मित वातावरण ; जस्तै : खेतिपाती, बगैंचा, करेसाबारी, पोखरी, कुवा, मानवबस्ती, आदि	(क) वातावरणको परिचय दिँदा आफ्नै कक्षाकोठा, विद्यालय, घर तथा समुदायको वातावरणलाई उदाहरणका रूपमा छलफल गर्ने (ख) प्राकृतिक वातावरण, जस्तै : वन, वन्यजन्तु, नदी, खोलानाला, ढुङ्गा, माटो तथा मानव निर्मित वातावरण,, जस्तै : खेतीपाती, बगैंचा, करेसाबारी, पोखरी, कुवा,	(क)प्राकृतिक वातावरण ; जस्तै : वन, वन्यजन्तु, नदी, खोलानाला, ढुङ्गा, माटो चित्र (ख)मानव निर्मित वातावरण ; जस्तै : खेतीपाती, बगैंचा, करेसाबारी, पोखरी, कुवा, मानवबस्ती, मन्दिर, आदिको चित्र	(क) वातावरणको अर्थ बताउन लगाउने (ख)वातावरणको प्रकार उदाहरणसहित भन्न लगाउने	५ घन्टी

				मानववस्ती, मन्दिर, आदिको चित्र वा भ्रमणको माध्यमवाट छलफल गराउने	(ग)श्रव्यदृश्य सामग्री लगायतका सूचना प्रविधि		
	(क) आफूलाई प्रभाव पार्ने विद्यालयका सवै गतिविधिहरुमा आफू सहभागी हुन पाउनुपर्ने कुराको बोध गर्न र सहभागी हुन	७.३ वालसहभागिता	(क) शैक्षिक योजना निर्माण तथा कार्यान्वयनमा सहभागिता (ख) सिकाइमा सहभागिता (ग) अतिरिक्त क्रियाकलापमा सहभागिता	(क) कुनै काम गर्नुभन्दा पहिले वालवालिकालाई सोधेर सल्लाह लिएर र सहभागी गराएर गर्दा र नसोधी,सहभागी नगराइ गर्दा वालवालिकाको मनमा पर्ने प्रभावको बारेमा वालवालिकासँग सम्बाद गर्ने (ख) विद्यालयमा उनीहरु सहभागी हुन पाउनुपर्ने क्षेत्र पहिचान गराउने र बाल सहभागिताको महत्व बताउने (ग) विद्यालयका विभिन्न कामहरु:शैक्षिक योजना निर्माण र कार्यान्वयन,सिकाइ,अतिरिक्त क्रियाकलापमा वालवालिकालाई सहभागी गराउने	(क) वालसहभागिता देखाउने चित्र,फोटो (ख) भिडियो,	(क) वाल सहभागिताको अर्थ बताउन लगाउने (ख) वाल सहभागिताका क्षेत्र चिन्न लगाउने (ग) वाल सहभागिताको आवश्यकता बताउन लगाउने	
८.हाम्रो विगत	(क) जीवन यापनका लागि पहिलेका मानिसहरुले अर्मपर्म र ऐचोपैंचो गर्थे भन्ने कुराको बोध गर्न र बताउन (ख) उहिले समयमापनको आधार दिनमा सूर्य र घामको छायाँ,रातमा आकाशका तारा र जुन हुन्थे भन्ने कुराको बोध गर्न र बताउन (ग) कुट्नको लागि ढिकी र पिस्नको लागि झाँतोको प्रयोग	८.१ ऐचो पैंचो र अर्मपर्म ८.२ समय मापन ८.३ कुटपिस	(क) ऐचो पैंचो र अर्मपर्म (ख) समय मापन (ग) कुपपिस	(क) विद्यार्थीहरुलाई उहिलेका कुरा सुनाउँदै खेतीबाली लगाउने,मेलापात वा घरगोठ बनाउने जस्ता कामहरु अर्मपर्म गरेर गरिने कुरा बताइदिने (ख) त्यसै गरी आफूलाई गर्जो परेको सरसामान पछि फिर्ता दिने गरी लगेर काम चलाउने कुरा बताइदिने र त्यसलाई ऐंचोपैंचो भनिने कुराको बोध गराउने,नगद पैसा र बस्तु किनबेच गर्न बजार नभएको त्यस अवस्थामा पर्म र पैंचो जीवन निर्बाहको अनिबार्य र गतिलो तरिका भएको कुरा समेत बोध गराउने (ग) घडी नभएको त्यस समयमा	(क) पुराना चालचलन देखाउने फोटो,भिडियो, (ख) ढिकी,झाँतो	(क)पहिलेका मानिसहरु मेलापातको काम कसरी गर्थे भनी प्रश्न गर्ने र उत्तर भन्न लगाउने (ख) ऐचोपैंचोको बारेमा बताउन लगाउने (ग) उहिलेको समय अड्कल्ने तरिका र रातको समयमा कुटपिस गर्न उठ्ने आधारको बारेमा बताउन लगाउने (घ) कुटपिसको साधन र गर्ने समय र तरिकाको बारेमा प्रश्न सोध्ने	१५ घण्टी

	हुन्थ्यो भन्ने कुराको बोध गर्न र भन्न			मानिसहरु समय कसरी थाह पाउँथे भनी विद्यार्थीहरुसँग छलफल गर्ने र यसका उपायहरु अनुमान गर्न लगाउने । त्यसपछि दिनमा सूर्य र घामको छायाँ तथा रातमा जून र ताराहरुको स्थितिको आधारमा समय अनुमान गर्ने गरेको कुराको जानकारी गराउने (घ) कुटपिसको लागि ढिकीभाँतोका प्रयोग गरिने र रातमा ताराहरुको स्थितिको आधारमा महिलाहरु उठेर कुटपिस गर्ने गरेको कुरा बताउने (ङ) समाजका बुढापाकाहरुलाई स्रोतब्यक्तिको रुपमा विद्यालयमा बोलाएर पुराना कुरा सुनाउन लगाउने (च) पैँचो र पर्मको अभिनय गर्न लगाउने। (छ) ढिकी भाँतो भएका घरमा लगेर तिनीहरुको अवलोकन गर्नुका साथै प्रयोग बिधि बताउने			

९.जीवनमार्ग	(क) आफूले दैकि रुपमा गर्ने काम बताउन (ख) आफ्नो दैनिक कार्यतालिका तयार पार्न (ग)आफूले तयार पारेको कार्यतालिकालाई अनुसरण गर्न	९.१ दैनिक कार्यतालिका	(क) दैनिक कार्यतालिकाको निर्माण र अनुसरण	(क) विद्यार्थीहरुसँग छलफल गरी दैनिक कार्यतालिकाको अर्थ र महत्व बोध गराउने (ख) विद्यार्थीहरुलाई उनीहरुले दिनदिनै गर्ने कामको समयतालिका बनाउन लगाउने (ग) तालिकामा उनीहरुले लेखेअनुसारको काम झल्किने गरी चित्र कोर्न लगाई त्यसमा सुहाउँदो रङ भर्न लगाउने (घ) आफ्नो कार्यतालिका अनुसारका काम आफै गर्ने बारेमा छलफल गराउने (ङ)उनीहरुले बनाएको समयतालिकाको एक प्रति शिक्षकलाई बुझाउन , अर्को प्रति आफ्नो सुत्ने कोठामा देखिने स्थानमा टाँस्न र त्यसको पूर्णपालना गर्न लगाउने ; उक्त तालिकाको पालना गराउन अभिभावकसँग समन्वय गर्ने	(क) कार्डबोर्ड पेपर (ख) साइनपेन	(क) दैनिक कामको अर्थ बताउन लगाउने (ख) दैनिक कार्यतालिकाको अवलोकन गरी लेखाजोखा गर्ने (ग) दैनिक कार्यतालिका अनुसार काम गरे नगरेको अनुगमन गरी लेखाजोखा गर्ने (घ) अभिभावकसँग समन्वय गरी रिपोर्ट लिने (ङ) दैनिकी लेख्न लगाई त्यसको आधारमा लेखाजोखा गर्ने	६ घण्टी

	(क) बँगैचा बनाउन र फूलहरु रोप्न (ख) फूलसँग रमाउन र जीवनलाई फूल जस्तै सुन्दर र सुगन्धित बनाउनुपर्ने कुराको बोध गर्न	९.२ घर-बँगैचा	(क) घर-बँगैचामा फूल रोप्ने (ख)फूल र जीवन बीच तुलना	(क) विरुवा र मानिस बीचको सम्बन्धको बारेमा छलफल गर्दै बिरुवाहरु मानिसको लागि साक्षात भगवान हुन् भन्ने कुराको बोध गराउने (ख) फूलबारी बनाउनको लागि फूल रोप्ने तरिका र त्यसको हेरबिचार गर्ने तरिका सिकाउने (ग) बिद्यालयमा फूलबारी बनाएर त्यसमा फूलहरु रोप्ने र हेरचाह गर्ने अभ्यास गराउने (घ) त्यसैगरी घरमा फूलबारी बनाउन प्रतिबद्ध बनाउने र त्यसको अनुगमन गर्ने (ङ) बँगैचामा ढकमक्क फूलेका फूलहरु देखाएर फूलले मनमा पारेको प्रभाव सोध्ने र फूल जस्तै सबैको प्यारो ,राम्रो र गुणी हुनुपर्ने कुराको महशूस गराउने	(क) फूलबारीको फोटो,भिडियो (ख) कुटो,कोदालो,बाल्टीन,झारी, इँटा,ढुङ्गा,मल पानी,फूलका बेर्ना	(क) फूलबारी बनाउने तरिका भन्न लगाउने (ख) बिद्यालयमा फूलबारी बनाउँदा गरेको काम र परिणामको अनुगमन गर्ने (ग) घरमा फूलबारी बनाए/नबनाएको बारेमा अभिभावकसँग सोधपूछ गर्ने (घ) फूल जस्तै सुन्दर र असल बन्ने गरी ब्यवहार परिवर्तन भए/नभएको हेर्ने (ङ) फूलबँगैचाको मानिससँगको सम्बन्धको बारेमा विद्यार्थीको धारणा माग्ने (च) विद्यार्थीको ब्यवहारको निरन्तर अनुगमन गर्ने	९ घण्टी
	(क) घरमा भाइबहिनी र बिद्यालयमा साथीभाइसँग मिलेर बस्न,खेल्न र पढ्न सक्षम हुन (ख) सबैको भलो चिताउन र स्नेही र हीतपूर्ण ब्यबहार गर्न	९.३ मेलमिलाप र सद्भाव	(क)आपसी राम्रो सम्बन्ध,स्नेही र मैत्रीपूर्ण सोंच	(क) घरमा भाइबहिनी र विद्यालयमा साथीभाइसँगको सम्बन्धको बारेमा छलफल गरी सबैसँग मिलेर बस्दा,खेल्दा र काम गर्दाको र झै-झगडा गर्दाको तुलना गर्ने र यी दुई अवस्थाले मन र ब्यवहारमा पर्ने असरको बारेमा छलफल गर्ने (ख) पूर्वजानकारी बिना झगडा र मेलमिलापको अभ्यास गराउने र यसबाट मनमा पर्ने असर बताउन लगाई झै-झगडा गर्न नहुने र मेलमिलाप र सद्भाव राख्नुपर्ने कुराको महशूस गराउने (ग) बिद्यार्थीहरुलाई मेलमिलाप र सद्भावको बारेमा बताउँदै मेलमिलाप र सद्रभावको लागि		(क) मेलमिलाप र सद्भावको बारेमा विद्यार्थीको धारणा माग्ने (ख) विद्यार्थीको ब्यवहारको निरन्तर अनुगमन गर्ने	५ घण्टी

				प्रतिबद्ध बनाउने			
१०. सामाजिक सवाल	(क) दुर्ब्यवहारको अर्थ बताउन (ख) आफू माथि भएको दुर्ब्यवहार चिन्न (ग) दुर्ब्यवहारप्रति सजग हुन र दुर्ब्यवहारबाट बँच्न	१०.१ दुर्ब्यवहार	अनुशासनको नाममा हुने हिंसा,भौतिक सजाय र यौनजन्य आशयले बालबालिका प्रति गरिने व्यवहार	(क) अरुले आफूहरुलाई के गरेको मन पर्छ र के गरेको मन पर्दैन भनी वालवालिकाहरुलाई सोधेर सम्वाद गर्ने र मन नपर्ने व्यवहारको सूचि बनाउने (ख) अरुले आफूलाई वा आफूले अरुलाई गर्ने नराम्रो व्यवहार र कुराकानी दुर्ब्यवहार हो भन्ने कुराको बोध गराउने (ग) दुर्ब्यबहारको सूचि वनाएर आफूप्रति हुने त्यस्ता दुर्ब्यवहारबाट जोगिने उपायहरु बताउने र अभिनयात्मक अभ्यास गराउने	(क) दुर्व्यवहार र यसबाट बँच्ने उपाय सम्बन्धि फोटो,पोष्टर,पावरप्वाइन्ट,भिडियो	(क) दुर्ब्यवहार र यसको पहिचानको बारेमा प्रश्न सोध्ने (ख) दुर्ब्यवहारबाट बँच्ने उपायहरु भन्न लगाउने (ग) दुर्ब्यवहारबाट बँच्ने उपायहरुको प्रदर्शन गर्न लगाउने	८ घण्टी

कक्षा ४

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामग्री	मूल्याङ्कन प्रक्रिया	पाठ्य भार
१.हाम्रो गाउँपालिका	(क)आफ्नो वडाको भूबनोट पहिचान गरी त्यसका आधारमा क्षेत्रगत वर्गीकरण गर्न (ख) मौसम अनुसार आफ्नो वडाको हावापानीमा आउने भिन्नता पहिल्याउन (ग) मौसम अनुसारका पोसाक तथा खाद्य परिकार पहिचान गरी दैनिक व्यवहारमा उपयोग गर्न (घ) आफ्नो वडाको वनजङ्गल तथा नदीनालाको सूची निर्माण गरी तिनका बारेमा छोटकरीमा बताउन	१.१ आफ्नो वडाको भौगोलिक र वातावरणीय अवस्थाको परिचय १.२ आफ्नो वडाको भु-बनोट र हावापनी १.३ आफ्नो वडाको वनजङ्गल तथा नदीनाला	(क) आफ्नो वडाको भूबनोट ,हावापानी र वनजङ्गल तथा नदीनाला	(क) नक्सा तथा चित्र प्रदर्शन गरी आफ्नो वडाको भूबनोट पहिचान गर्न र त्यसका आधारमा क्षेत्रगत वर्गीकरण प्रस्तुत गर्न लगाउने (ख) मौसम अनुसार आफ्नो वडाको हावापानी विविधता झल्किने चित्र, श्रब्य, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी छलफल तथा प्रश्नोत्तर गर्न लगाउने । (ग) हावापानीको भिन्नता हुँदा लगाउने पोसाक, खाद्यपरिकार सङ्कलन गरी कक्षामा प्रदर्शन गर्ने र यिनीहरूको प्रयोगविधिका बारेमा छलफल गराउने (घ) हावापानीको भिन्नता हुँदा गरिने क्रियाकलाप तथा लगाइने पोसाकका बारेमा अभिभावक तथा टोलछिमेकका पाका व्यक्तिसँग छलफल गर्न लगाई त्यस क्रममा पाइएका विशेष कुरा कक्षामा प्रस्तुत गर्न लगाउने	(क) सान्दर्भिक चित्र वा नक्सा (ख) जातिगत पहिरन, खाद्य परिकार र पेसा झल्काउने सामग्री वा तिनका चित्र (ग) श्रव्यदृश्य सामग्री	(क) विद्यार्थीका कार्यकलापको निरीक्षण गर्ने (ख) व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गर्ने (ग) लिखित अभ्यास गराउने (घ) हाजिरीजवाफ सञ्चालन गर्ने (ङ) हिज्जे प्रतियोगिता सञ्चालन गर्ने (च) प्रश्नोत्तर गर्ने (छ) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गर्ने (ज) व्यवहारको निरन्तर अवलोकन र तिनको अभलेखन गर्ने (झ)आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गर्ने	१२ घन्टी
२.प्राकृतिक स्रोत र सम्पदा	(क) गाउँपालिका भित्र पर्ने जलसम्पदाहरु पहिचान गर्न (ख) जलसम्पदाको अवस्थाको वर्णन गर्न (ग) जलसम्पदाको हालको उपयोगिता बताउन र भावि सम्भावना आँकलन गर्न (घ)जल सम्पदा संरक्षणका उपायहरु बताउन र संरक्षणमा सरिक हुन	२.१ स्थानीय जलसम्पदा	(क) पानीका मूल,धारापँधेरा,पोखरी, खोला,नदीनाला,झरना र सिमसारक्षेत्रको परिचय (ख) जलसम्पदाको उपयोगिता र संरक्षण	(क) विद्यार्थीलाई समूह बिभाजन गरेर ऐरावती गाउँपालिका भित्रका मुख्य मूख्य जलसम्पदाको सूचि बनाउन लगाउने र समुहगत छलफलबाट प्राप्त सूचिलाई आवश्यक थपघट गरेर जलसम्पदाको पहिचान गर्ने (ख) प्राप्त सूचिको आधारमा ती सम्पदाको अवस्थाको बारेमा छलफल गर्ने (ग) जलसम्पदाबाट हुने फाइदाहरूको सूची निर्माण गरी कक्षामा प्रस्तुत गर्ने । त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्ने (घ)हाल सम्म भएका उपयोगिताको चर्चा गरी	(क) सान्दर्भिक चित्र वा नक्सा (ख) श्रव्यदृश्य सामग्री	(क)निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोत्तर गर्ने (ख) सिकाइ सहजीकरणका क्रममा छलफल (युगल,सामूहिक) मा सहभागितासमूह कार्यमा सक्रियताको अवलोकन तथा लेखाजोखा गर्ने (ग) निर्दीष्ट सूचीको प्रस्तुतिका आधारमा	१४ घन्टी

				जलसम्पदा संरक्षणका उपायहरुको बारेमा छलफल गर्ने र निश्कर्षमा पुग्ने		सिकाइको मूल्याङ्कन गर्ने (घ) लिखित अभ्यास गर्न लगाउने	
३.संस्कार र संस्कृति	(क) तिहारको परिचय दिन र यसको पौराणिक प्रसङ्ग बताउन (ख) यमपञ्चकका पाँच दिनको बिशेषता बताउन (ग) भाइटीकाको बिशेषता र महत्व बोध गर्न (घ) तिहारको मौलिकताको रक्षा गर्न र तिहारमा रमाउन	३.१ तिहारको परिचय र महत्व ३.२ भाइटिका र भैलो ३.३ द्वारेका घाटको मेला	(क) तिहारको पौराणिक प्रसङ्ग (ख) यमपञ्चकका पाँचवटै दिनको बिशेषता र महत्व (ग) द्वारेका घाटको मेला	(क) तिहार मनाउँदाको विद्यार्थीहरुको रमाइलो अनुभव सहित तिहारको बारेमा छलफल गर्ने (ख) तिहारको पौराणिक प्रसङ्ग प्रस्तुत गर्ने र त्यसबेलादेखि तिहार मनाउन थालिएको कुरा बताउने (ग) कार्तिक कृष्ण त्रयोदसीदेखि कर्तिक शुक्ल द्वितीया सम्मका काग तिहार , कुकुर तिहार,लक्ष्मीपुजा र नर्क चतुर्दसी,गाई तिहार,गोबर्धन पुजा र भाइ टीकाका बिशेषताका बारेमा छलफल गर्ने र थप कुरा बताउन आवश्यक भए प्रष्ट पारिदिने (घ) तिहारको झ- झल्को दिने,फोटो,श्रव्य तथा श्रव्यदृष्य सामग्री प्रस्तुत गर्ने (ङ) कागलाई भात खुवाएको,कुकुरलाई माला लगाइदिएको र मीठोमठिो खुवाएको ,गाईलाई नुन हालेको,लक्ष्मी पुजा गरेका र दिप बालेको,गौबर्धन पुजा गरेको ,घरघरमा फिनी,सेल,अनरसा,ठोकने लगायतका धेरै थरी रोटीहरु पकाएको,दिदीबहिनीले दाजुभाइलाई टीका र माला लगाइदिएको,ध्युसारी र भैलो खेलेका जस्ता कुराहरुको स्मरण गर्दै तिहारको मौलिकता जोगाउन र तिहारमा रमाउन प्रेरित गर्ने (च) तिहार पछिको षष्ठी तिथिमा हरिया खोला र झिमरुक नदीको दोभानमा पर्ने द्वारेका घाटमा लाग्ने मेलाको सुरुवात,त्यहाँ नाच्ने नाच र त्यसको प्रकृति ,नाच नचाउने व्यक्ति,त्यहाँ हुने व्यापार,रामरस आदिको बारेमा बताउने र उक्त मेलामा जाँदाको अनुभव सुन्ने/ सुनाउने (छ) द्वारेका घाटको मेलाको अवलोकन भ्रमण गराउने	(क) तिहारको झलक देखाउने फोटो,श्रव्य,श्रव्यदृष्य सामग्री	(क) तिहारको बारेमा निबन्ध लेख्न लगाउने (ख) यमपञ्चकका पाँच दिनका मूलभूत बिशेषता सोध्ने (ग) तिहारको अनुभव बताउन लगाउने (घ) तिहारको पौराणिक प्रसङ्ग बताउन लगाउने (ङ) द्वारेका घाटको मेलाको बारेमा प्रतिवेदन बनाउन लगाउने (च) तिहारमा खाइने खाना,लगाइने लुगा र गरिने कृयाकलापहरुको सूचि बनाउन लगाउने (छ) तिहारमा गरिने कृयाकलापहरुको अभिनय गर्न लगाउने	१८ घन्टी
४.ऐतिहासिक र पर्यटकीय स्थल	(क) ऐरावतीका पुराना मानव बस्ती रहेका गाउँ पहिचान गर्न (ख) सिर्सेनी गोलीकाण्डको बारेमा बर्णन गर्न (ग) पुरानो बसोबासको प्रकृति बताउन (घ) पुराना बस्ती र हालका बस्ती	४.१ ऐरावतीका ऐतिहासिक बस्तीहरु	(क) ऐरावती गाउँपालिकाका प्रारम्भिक मानव वस्तीहरु : दाडवाड,मान्द्रे,सिर्सेनी,हार्बुड, कुमालटाकुरा, कात्तिके,जाबुने,तिल्केनी,दार्ि	(क) ऐरावती गाउँपालिकाका पुराना मानव बसोबासक्षेत्रहरुको पहिचान गर्ने र ती क्षेत्र वा गाउँहरुमा मानिसहरु बसोबास गर्नुको कारण विद्यार्थीहरुलाई बताईदिने (ख) २०१८ सालमा सिर्सेनीमा भएको एकरातको लडाइको बारेमा विद्यार्थीहरुलाइ बताइ त्यसको कारण र असर समेत भन्ने (ग) बेशी र अन्य ठाउँमा मानव बस्ती	(क) पावर प्वाइन्ट स्लाइड (ख) श्रव्यदृष्य सामग्री (ग) सूचीकृत चार्ट	(क) पुरानो मानव बस्ती वा गाउँहरुको सूची बनाउन लगाउने (ख) सिर्सेनी गोलीकाण्डका बारेमा बताउन लगाउने (ग) बेशीहरुमा मानव बसोबास नहुनुको कारण	१४ घन्टी

	बीचको तुलना गर्न		रम्पाटा, थाम,च्युरापानी,सिंगेथुम,हाति तपाइला (ख) ऐरावती गाउँपालिकाका हालका मानव बस्तीसँग पुराना वस्तीहरुको तुलना	नहुनुको कारण पहिचान गरी हालको अवस्थासँग तुलना गन (घ) स्थानीय जानकार बुढापाकाहरुलाई कक्षामा आमन्त्रण गरी मानव वस्ती वा गाँउको बारेमा लगाउने		सोध्ने (घ) विद्यालय नजिकको कुनै एउटा पर्यटकीय क्षेत्रको परिचय लेख्न लगाउने	
५.पेसा उद्यमशीलता र प्रविधि	(क) पुराना र स्थानीय प्रविधिमा आधारित सामग्रीहरूको परिचय दिन र प्रयोग गरेर देखाउन ।	५.१पुराना तथा स्थानीय प्रविधिमा आधारित सामग्रीहरूको परिचय र प्रयोग(ढिकी,झाँतो,कोल) ५.२ पुराना तथा स्थानीय प्रविधिमा आधारित सामग्रीहरुको परिचय र प्रयोग (काठको लिस्नो,भऱ्याङ्ग,काठका भाडाँ,पानीघट्ट)	(क) पुराना प्रविधि (ढिकी, झाँतो,आरन, तोरी र च्युरी पेल्ने कोल,उखु पेल्ने कोल, पानीघट्ट, काठको भऱ्याङ, काठको भाँडा बनाउने स्थानीय प्रविधि) बारे परिचय, तिनीहरूको काम वा प्रयोग	(क) फोटो , वृत्तचित्र वा भिडियो प्रदर्शन गरी ढिकी ,झाँतो , कोल , पानीघट्ट , लिस्नो , काठको भऱ्याङ , तिनीहरु बनाउने तरिका र प्रयोग बारे छलफल गन (ख) स्थानीय परम्परागत प्रविधि (ढिकी, झाँतो,पानीघट्ट,उखु पेल्ने कोल, तोरी तथा च्युरी पेल्ने कोल) सञ्चालन भएको ठाउँमा लगी अवलोकन गराउने र प्रयोग गर्ने तरिकाबारे छलफल गर्ने (ग) स्थानीय परम्परागत सामग्री बनाउने मानिससँग भेट गराई उक्त सामग्री बनाउने तरिकाबारे देखाउन लगाउने र छलफल गराउने ।	(क) स्थानीय परम्परागत प्रविधिः ढिकी, झाँतो, पानीघट्ट, उखु पेल्ने कोल, तेल पेल्ने कोलको फोटो र तिनीहरू बनाउने तरिकाबारे जानकारीमूलक पोस्टर,फोटो,भिडियो	(क) आफ्नो घर/ विद्यालय नजिक पाइने स्थानीय परम्परागत प्रविधिमा आधारित सामग्रीहरूको नाम टिपोट गरी त्यसको प्रयोगबारे लेख्न लगाउने । (ख)स्थानीय परम्परागत प्रविधिमा आधारित कुनै दुई ओटा सामग्रीहरूको चित्र बनाई त्यसको उपयोगबारे लेखी कक्षामा प्रस्तुत गर्न लगाउने (ग)अवलोकन भ्रमणका आधारमा आफूले सिकेका पाँचओटा बुँदाहरू टिपी प्रस्तुत गर्न लगाउने	१६ घन्टी
६.स्वास्थ्य र सरसफाइ	(क) स्वस्थ र अस्वस्थ भोजन के के हुन छुट्याउन (ख) सन्तुलित भोजन चिन्न ,खानाको बर्गीकरण गर्न र आफ्नो दैनिक खानालाई सन्तुलित बनाउन (ग) स्वस्थ र अस्वस्थ भोजनका फाइदा बेफाइदा बताउन (घ) स्वस्थ भोजनको प्रयोग गर्न । (ङ) सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका बताउन र अभ्यास गर्न (च) कक्षाकोठाको सफाइको आवश्यकता भन्न र कक्षाकोठा सफा गर्न	६.१ स्वास्थ्यकर र पत्रु खाना ६.२ सुत्ने र बस्ने तरिका ६.३ कक्षाकोठाको सरसफाइ	(क) घरमा बनेका खानाहरू (ख) शरीरलाई शक्ति दिने, वृद्धि गर्ने र रक्षा गर्ने खानाका प्रकारहरू भिटामिन, कार्बोहाइड्रेट, प्रोटिन मिसिएका खाना स्वस्थकर खाना (ग) पत्रु भोजन (जङ्कफुड) को बेफाइदा (घ) ताजा र बासी खाने कुरा र यसले शरीरमा पार्ने प्रभाव	(क)स्वस्थ भोजनका फाइदा र अस्वस्थकर भोजनले पुऱ्याउने नोक्सानबारे छलफल गराउने (ख) कुन कुन खानामा भिटामिन, प्रोटिन, कार्बोहाइड्रेट पाइन्छ भनी छलफल गराउने (ग) स्वस्थकर र अस्वस्थकर खानाका फाइदा बेफादाको सूची बनाई छलफल गराउने । (घ) कस्ता कस्ता खानेकुराले शारीरिक, मानसिक वृद्धि गराउँछ भनी बताउने (ङ) ताजा र बासी खाने कुरा र यसले पुऱ्याउने फाइदा बेफाइदाका बारेमा छलफल गराउने	(क) स्वस्थकर र अस्वस्थकर भोजनका चित्रहरू (ख)सुत्ने आसनका चित्रहरू (ग)सफा र फोहोर कक्षाकोठाको चित्र	(क) स्वस्थ र अस्वस्थ भोजनका फाइदा बेफाइदा बताउन लगाउने (ख) स्वस्थ र अस्वस्थ भोजनको सूची बनाउन लगाउने (ग) खानालाई कसरी सन्तुलित बनाउन र सुरक्षित राख्न सकिन्छ सोध्ने (घ) कार्बोहाइड्रेट, चिल्लो पदार्थ,भिटामिन, प्रोटिन र खनीज कुन	१२ घण्टी

			(ङ)सुत्ने र बस्ने सही तरिका (च) कक्षाकोठाको सरफाइको आवश्यकता र महत्व	(च) खानालाई कसरी सन्तुलित बनाउने र सुरक्षित राख्ने; बताउने (छ) उठ्ने, बस्ने र सुत्ने तरिका ; जस्तै : उत्तानो, देब्रे, दाहिने, घोप्टो आसनका चित्रहरू देखाई अभ्यास गराउने (ज) कक्षाकोठाको सरसफाइ गर्न लगाउने		कुन खानेकुरामा पाइन्छ, सोध्ने (ङ) सुत्ने आसनको अभ्यासको मूल्याङ्कन गर्ने (च) समूह बनाइ दैनिक कक्षाकोठा सरसफाइ गर्न लगाउने र पृष्ठपोषण दिने	
७.प्रकोप, वातावरण र हरित एवम् वालमैत्री विद्यालय	(क) प्रकोप र बिपद बीचको भिन्नता छुट्याउन (ख) प्राकृतिक र मानव निर्मित प्रकोप र विपद्को पहिचान गरी हानि नोक्सानीका बारेमा बताउन	७.१ प्रकोप/विपद्को परिच	(क)प्राकृतिक प्रकोप/विपद् अन्तर्गत बाढी, पहिरो, भूक्षय, भूकम्प,हुरीबतास, चट्याङ (ख)मानवनिर्मित प्रकोप/विपद्अन्तर्गत आगलागि	(क) आफूले देखेका, भोगेका, सुनेका बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागी, आदिका बारेमा बताइदिने, चित्र प्रस्तुत गर्ने र प्रत्येक चित्रका बारेमा प्राकृतिक वा मानव निर्मित बिचको भिन्नताका बारेमा छलफल गराउने (ख) बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटनाले पुऱ्याउने हानि नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रस्तुत गरी छलफल गराउने (ग) शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गर्ने	(क)स्थानीय स्तरमा भएका प्रकोप/विपद् र वातावरणीय अवस्था दर्शाउने चित्र, वृतचित्र, श्रव्यदृष्य सामग्रीलगायतका सूचना प्रविधि	(क) आफूले देखेका, भोगेका प्राकृतिक प्रकोप/विपद्को सूचीकरण गर्न लगाउने (ख) मानव निर्मित प्रकोप/विपद्को सूचीकरण गर्न लगाउने (ग) बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिको चित्र/कविता, गित आदिको माध्यमबाट जानकारी प्रस्तुत गर्न लगाउने ।	५ घन्टी
	(क) स्थानीय बातावरणको परचिय दिन र वातावरणीय तत्वहरु सहित वातावरणको अवस्था बर्णन गर्न	७.२ हाम्रो वातावरण परिचय	(क)वातावरणको परिचय:हावा,पानी माटो,वनजङ्गल,जीवजन्तु,वातावरणको हालको अवस्था	(क)स्थानीय बातावरणको अवस्थाको बारेमा त्यहाँका वातावरणीय तत्वहरु सहित छलफल गर्ने र अवस्था बोध गराउने	(क) स्थानीय वातावरणीय अवस्था दर्शाउने चित्र, वृतचित्र, श्रव्यदृष्य सामग्रीलगायतका सूचना प्रविधि	(क)स्थानीय वातारणको अवस्थाको बारेमा सिर्जनात्मक प्रस्तुति गर्न लगाउने	३ घण्टी
	(क) फोहोर व्यवस्थापनका उपाय अवलम्बन गर्न	७.३ फोहोर व्यवस्थापन	(क) फोहोरको परिचय, घर/विद्यालय/भवन भित्र र वाहिरका फोहोरका स्रोतहरू,, जस्तै : भान्छाबाट निस्कने फोहोर,	(क) घरभित्र र बाहिरवाट निस्कने फोहोरहरूको सूची प्रस्तुत गरी छलफल गराउने (ख) वरिपरि पाइने फोहोरको प्रदर्शन गर्ने, विद्यार्थीलाई समूहमा विभाजन गरी फोहोरको वर्गीकरण गर्न लगाउने (ग) नकुहिने फोहोरबाट विभिन्न सामाग्री	(क) चित्र, पोस्टर, वरिपरि रहेका फोहोरमैला नकुहिने फोहोरबाट वनेका सामाग्री, श्रव्यदृश्य	(क) कक्षाकोठाबाट निस्कने फोहोरमैलाको सूचीकरण गर्न लगाउने (ख) आफनो घरमा पाइने फोहोरको वर्गीकरण गरी चार्ट पेपरको माध्यमवाट	४ घण्टी

			विद्यालयमा सरसफाई गर्दा निस्कने फोहोर- कागज, पेन्, पेन्सिल, इरेजर, दिसापिसाब, फोहोर कसिङ्गर, प्याकेजिङ, खेतबारीबाट निस्कने फोहोर (ख) फोहोरको किसिम- ठोस, तरल/कुहिने, नकुहिने उदाहरण सहित (ग) फोहोर व्यवस्थापनका सिद्धान्त, नकुहिने फोहोरबाट सामग्री निर्माण,	बनाउन सिकाउने	सामग्रीलगायतका सूचना प्रविधि	प्रस्तुतीकरण गर्न लगाउने (ग) विद्यालय वरिपरिको फोहोर उपलब्ध गराई कुहिने र नकुहिने फोहोर छुट्टयाउन लगाउने (घ) घरबाट निस्किने फोहोरबाट सामग्री बनाउन लगाउने	
८.हाम्रो बिगत	(क) पहिलेका मानिसहरुले खाने खाना,भोक,कुपोषण,रोग र कमजोर स्वास्थ्य अवस्थाको बोध गर्न (ख) अनिकाल र बेसाहा खोज्न जानुपर्ने ठाउँ,पाइने अन्नपात र बेसाहा खोज्न जाँदा आउँदाका कथाव्यथा बुझ्न र महशूस गर्न (ग) त्यतिबेलाको प्राकृतिक जीवनशैली र त्यसले गर्दा बाँच्नेहरु दीर्घजीवी हुने कुराको बोध गर्न (घ) त्यसबेलाको औषधी उपचारको तरिका बोध गर्न (ङ) त्यसबेलाका घरायसी सरसामानःडाला,फुँगा,सोली,थुन्से ,नाम्लो,दाम्लो,जाबी,खुर्पेटो,ठेका र चौका चिन्न र तिनीहरुको प्रयोग बोध गर्न	उहिलेका कुरा ८.१ पोषण र स्वास्थ्य ८.२ घरमा प्रयोग हुने सरसामान	(क) पोषण र स्वास्थ्य,अनिकाल र बेसाहा (ख) घरमा प्रयोग हुने सरसामानःडाला,फुँगा,सोली,थुन्से,नाम्लो,दाम्लो,जाबी,खुर्पेटो,ठेका,चौका	(क)पुराना गीत,फोटो,चित्र,पोष्टर आदीको प्रदर्शनात्मक छलफलबाट पुरानो जीवन शैलीको बोध गराउने (ख) पुरानो जीवनशैली झल्काउने भिडियो प्रदर्शन गर्ने (ग) विद्यार्थीहरुलाई रोचक ढङ्गले पहिलेका मानिसहरुले उब्जाउने अन्नपात,तिहुन तरकारी,फलफूल र त्यसको परिमाण,त्यसले खान पुग्ने समय,त्यसपछि बेसाहा खोज्न जानुपर्ने ठाउँ,बेसाहा खोज्न जाँदाआउँदाका कथाव्यथा सुनाउने र महशूस गर्न लगाउने (घ) खानाको अभाव ,पेटभरी खान नपाउने अवस्थाको कारणले उनीहरुको स्वास्थ्य अवस्था कमजोर हुने र धेरैथरी रोगहरुले सताउने कुराको बोध गराउने (ङ) चेतनाको कमी,आर्थिक अभाव,बजारको अभाव आदि कारणले सरसफाइको कमी हुँदा धेरैथरी रोग लाग्ने कुराको जानकारी गराउँदै धामीझाँक्री र जडीबुटी नै उपचारका मुख्य उपाय भएको कुरा बोध गराउने (च)स्थानीय बुढापाका र जानकार व्यक्तिहरुलाई बिद्यालयमा बोलाएर बिषयबस्तु सम्बन्धि पुराना कुरा सुनाउन लगाउने (छ) घरमा प्रयोग हुने पुराना सरसामानःडाला,फुँगा,सोली,थुन्से,नाम्लो,दाम्लो, जाबी,खुर्पेटो,ठेका सङ्कलन गर्ने,देखाउने र तिनीहरुको उपयोगको बारेमा छलफल गर्ने र	(क) पुरानो जीवनशैलीको बोध गराउने गीतहरु (ख) पुरानो जीवनशैली दर्शाउने फोटो ,चित्र,पोष्टर (ग) पुरानो जीवनशैली दर्शाउने भिडियो (घ) डाला,फुँगा,सोली,थुन्से,नाम्लो,दाम्लो,जाबी,खुर्पेटो ठेका	(क) पहिलेका मानिसहरुको खाना र पोषणको अवस्था भन्न लगाउने (ख) अनिकाल र बेसाहाको बारेमा अभिनय गर्न लगाउने (ग) उहिलेको पोषण र सरसफाइको अवस्था ,यसले निम्त्याउने रोगहरु र उपचार पद्धतिको बारेमा वक्तृत्वकलाको आयोजना गर्ने (घ) पुराना सरसामानहरुको फोटो देखाइ तिनिहरुलाई चिन्न र काम बताउन लगाउने	८ घण्टी

				बुझाउने,चौका र यसको प्रयोगको बारेमा बताउने			
९.जीवनमार्ग	(क)आफ्नो जीवनको लक्ष्य बताउन (ख) आफुले आफ्नो जीवनको लक्ष्य छनोट गर्नुको कारण बताउन	९.१ लक्ष्य	` भविष्यको सपना	(क) विद्यार्थीहरुलाई पालैपालो भविष्यमा तिमी के बन्न चाहन्छौ भनी सोध्ने र त्यसको कारण भन्न लगाउने (ख) प्रत्येक विद्यार्थीलाई एक/एकवटा सेतो कागज र रङ्गिन कलम दिएर आफ्नो हातको चित्र छाप्न लगाउने,जसमध्ये कान्छी औँलामा नाम,साहिली औँलामा ठेगाना ,माझी औँलामा रुची,चोर औँलामा क्षमता र बुढी औँलामा लक्ष्य लेख्न लगाउने ,कागजको माथिल्लो दाँया कुनामा आफ्नो फोटो टास्न वा बनाउन लगाउने । हातलाई रङ्ग्याएर आफ्नो रङ्गिन सपनालाई आफ्नो कोठामा देखिने ठाँउमा टाँस्न लगाउने (ग) विद्यार्थीलाई भविष्यमा आफ्नो र अरु (मानिस,समाज र देश)को लागि गर्न चाहेको कुरा भन्न लगाउने र ताली,शब्द र गीतले शुभकामना दिने (घ) सान्दर्भिक भिडियो प्रदर्शन गर्ने र भविष्यमा असल मान्छे बन्न र लक्ष्य हासिल गर्न प्रेरणा प्रदान गर्ने	(क)सेतो कागज,साइनपेन , (ख) भिडियो	(क) भविष्यको सपना शिर्षकमा निबन्ध लेख्न लगाएर मुल्याङ्कन गर्ने (ख) आफ्नो जीवनको लक्ष्य झल्किने चित्र बनाउन लगाउने (ग) प्रश्नोत्तर गराउने (घ)जोडी सम्बाद गराइ मुल्याकङ्न गर्ने (ङ) व्यवहारको निरन्तर अवलोकन गर्ने	५ घण्टी
	(क) राम्रो र नराम्रो आनीबानी छुट्याउन (ख) आफ्ना राम्रा र नराम्रा आनीबानी चिन्न र भन्न (ग) नराम्रा आनीबानीको त्याग र राम्रा आनीबानीको विकास	९.२ असल आनीबानी	(क) राम्रो र नराम्रो आनीबानी (ख) आफ्नो आनीबानीको पहिचान, नराम्रा आनीबानीको त्याग र राम्रो आनीबानीको विकास	(क) विद्यार्थीहरुमाझ हामीले गर्ने राम्रा व्यवहारहरु के के हुन भनी सोध्ने र छलफल गराउने , नराम्रा व्यवहारहरु के के हुन भनी सोध्ने र छलफल गराउने (ख) उनीहरुबाट उत्तर आएपछि उनीहरुको भनाईलाई सम्बोधन गर्दै राम्रो बानीका सकारात्मक पक्ष र नराम्रा बानीका नकारात्मक पक्ष वा परिणामको बारेमा बताउने (ग)चित्र वा फोटो प्रदर्शन गरेर त्यसमा देखिएको आनीबानी राम्रो वा नराम्रो के हो भन्ने बारेमा छलफल गर्ने (घ) राम्रो आनीबानीको बारेमा पावरप्वाइन्टमा तयार गरेको सामग्री प्रस्तुत गरी छलफल गर्ने (ङ) सान्दर्भिक भिडियो प्रदर्शन गर्ने र त्यसको समिक्षा गर्ने (च) असल आनीबानी निमार्णको लागि महशूसीकरण क्रियाकलाप गराउने	(क) चित्र,फोटो, पावरप्वाइन्ट (ख) भिडियो	(क) कक्षा कार्यको अवलोकन गर्ने (ख) प्रश्नोत्तर गर्ने (ग)परियोजना कार्य दिई त्यसको प्रतिबेदन जाँच गर्ने (घ) राम्रो र नराम्रो आनीबानीको सूची बनाउन लगाउने (ङ) व्यवहारको निरन्तर अवलोकन गर्ने	७ घण्टी

	(क) आफ्नो काम आफै गर्न सिक्ने (ख) आफ्नो काम आफै गर्ने बानीको विकास (ग) स्वावलम्बीपनको पूर्व तयारी	९.३ आफ्नो काम	(क) आफ्नो काम आफै गर्ने:ओछ्युान लगाउने, उठाउने र पट्याउने , कपडा पट्याउने फोहोर टिप्ने,घर आगँन बढार्ने,हातमुख धुने,ब्रुस गर्ने,नङ काट्ने,नुहाउने, आफ्नो लुगा धुने,कापी कलम किताब ठिक ठाँउमा मिलाएर राख्ने, जुत्तामा तुना राख्ने र बाध्ने, कोठा सफा गर्ने	(क)विद्यार्थीका व्यक्तिगत वा आफ्ना कामहरु के के हुन भन्ने बारेमा छलफल गर्ने र उनीहरुका आफ्ना व्यक्तिगत कामहरुको सूची बनाउन लगाउने (ख) आफ्ना कामहरु आफै गर्नुपर्नाको कारण बताउने,आफ्नो काम आफै गर्न प्रेरित गर्ने (ग) प्रत्येक विद्यार्थीलाई घरबाट एक एक जोर कपडा ल्याउन लगाएर टाँक लगाउन, पट्याउन र उपयुक्त ठाँउमा राख्ने अभ्यास गराउने (घ) सियोमा धागो राख्ने,रबर ब्याण्डको सिक्री बनाउने र जुत्तामा तना राख्ने र बाध्ने खेलहरु खेलाउने (ङ) वालवालिकालाई कठिन परिस्थितीको सामना गर्न र आत्मनिर्भर बनाउन अज्ञात स्थलको भ्रमण गराउने र वनभोज लैजाने (च) नुहाउने र कपडा धुने अभ्यासको अभिनय गराउने	(क) चित्र,फोटो, पावरप्वाइन्ट (ख) भिडियो	(क) प्रश्नोत्तर गर्ने (ख) परियोजना कार्य दिई त्यसको प्रतिवेदन जाँच गर्ने (ग) व्यवहारको निरन्तर अवलोकन गर्ने (घ) खेलको प्रदर्शनको मुल्याकंन गर्ने (ङ) अभिभावकसँगको समन्वय र अर्न्तक्रियाको आधारमा मूल्यांकन गर्ने	८ घण्टी
१०.स्थानीय सामाजिक सवाल	(क) दुर्व्यवहारबाट बच्ने उपायहरु बताउन (ख) आफुमाथि भएको दुर्व्यवहारको बारेमा सम्बन्धित व्यक्ति वा संस्थामा भन्न (ग) दुर्व्यवहारबाट बच्न	१०.१ दुर्व्यवहार	(क)यौन दुर्व्यवहारबाट बँच्ने उपाय	(क) एउटी केटी/वालिका विद्यालयबाट घर फर्कदै गर्दा बाटोमा एउटा केटाले उनलाई घरीघरी जिस्काएको,चिमोटेको,घरीघरी उनको शरीरमा छुन खोजेको र ती वालिका डरले बोल्न वा प्रतिकार गर्न नसकेको नाटक देखाउने,नाटकलाई रोकेर निम्न प्रश्नहरु गर्ने: (१) नाटकमा तिमीले के के देख्यौ ? (२) नाटक हेरेर तिमीले के बुझ्यौ ? (३) नाटक हेरेर तिमीलाई कस्तो लाग्यो ? (४) त्यो अवस्थामा तिमी भए के गर्थ्यौ ? (ख) वालवालिका माथि विद्यालय,बाटोघाटो,मेलापर्व,सवारी साधनमा यात्रा गर्दा वा अन्य विभिन्न ठाउँमा हुने यौन दुर्व्यवहार र त्यसबाट बँच्ने उपायहरुको बारेमा छलफल गर्ने (ग) सान्दर्भिक चित्र,फोटो, पोष्टर,वृतचित्र र भिडियो प्रदर्शन गर्ने (घ) स्थानीय क्षेत्र अथवा अन्यत्र कतै भए गरेका यौन दुर्व्यवहारका घटनाका बारेमा छलफल गर्ने (ङ) यौन दुर्व्यवहार हुँदै गरेको अवस्थामा वालवालिकालाई निम्नानुसार कुराहरु गर्न भन्ने: -त्यस्तो अवस्थामा नडराइ सिधा उसको	(क) चित्र,फोटो, पोष्टर,वृतचित्र र भिडियो	(क) प्रश्नोत्तर गर्ने (ख) सिकाइमा सक्रियताको लेखाजोखा गर्ने (ग) अभिनय गर्न लगाइ त्यसको निरिक्षण गर्ने (घ) यौन दुर्व्यवहारका घटना र त्यसबाट बच्न गर्नुपर्ने कामहरुको बारेमा प्रतिवेदन तयार गर्न लगाउने र त्यसको जाँच गर्ने (ङ)आत्मविश्वासपूर्ण प्रस्तुति र बुझाइको गहिराइ मापन गर्ने (च) व्यवहारको निरन्तर अवलोकन गर्ने	१० घण्टी

				आखाँमा हेर्ने र ठुलो स्वरमा कराउदै गुहार मार्ग्ने -सकेसम्म छिटो भन्दा छिटो त्यहाँबाट भाग्ने -आफुले सबैभन्दा बढी विश्वास गर्ने व्यक्ति(बुबा,आमा) लाई बताउने,यस्तो कुरा घरपरिवारलाई बताउन कहिल्यै नहिच्किचाउने -कसैको ललाइफकाइमा नफस्ने - बाल यौन दुर्व्यवहार विरुद्धको हेल्पलाइन फोन नम्बर दिने र घटना हुँदै गर्दा वा त्यसको लगत्तै पछि उक्त नम्बरमा फोन गर्ने वा गर्न लगाउने			

कक्षा ५

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामग्री	मूल्याङ्कन प्रक्रिया	पाठ्य भार
१.हाम्रो गाउँपालिका	(क) ऐरावती गाउँपालिकाको उचाइ, अक्षांश र देशान्तर बताउन (ख)गाउँपालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या खोजी गरी सन्दर्भका आधारमा उपयोग गर्न (ग) ऐरावती गाउँपालिका भित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरूको सूची निर्माण गरी प्रस्तुत गर्न	१.१ ऐरावती गाउँपालिकाको परिचय १.२ शैक्षिक संघ संस्थाहरु	(क) ऐरावती गाउँपालिकाको क्षेत्रफल: क्षेत्रगत उचाइ अक्षांश, देशान्तर (ख) गाउँपालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या (नेवार, ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, दलित) (ग) ऐरावती गाउँपालिका भित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरू (विद्यालय, कलेज, अन्य शैक्षिक सङ्घ संस्थाहरू)	(क) ग्लोब तथा नक्साको प्रयोग गरी ऐरावती गाउँपालिकाको उचाइ, अक्षांश, र देशान्तरबारेमा छलफल गराउने (ख) ऐरावती गाउँपालिकाको भूगोल, अक्षांश, देशान्तर तथा माटोको प्रकार समेटिएका विविध सामग्रीको अध्ययन गरी मुख्य मुख्य कुरा टिपोट गरी युगल जोडीमा छलफल गर्न लगाउने (ग)गाउँपालिकाको क्षेत्रफल बताई भूगोल (समथर, पहाडी, खेतीयोग्य जमिन,बस्ती र अन्य) क्षेत्रले ओगट्ने क्षेत्रफलको अनुमान गर्न लगाउने (घ) उपलब्ध सन्दर्भ सामग्री, विभिन्न पत्रपत्रिका, स्मारिका र अन्य श्रव्यदृश्य सामग्रीको उपयोग गरी गाउँपालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या पहिचान गर्न परियोजना कार्य गर्नलगाउने (ङ) जातजातिगत सूचनालाई स्थानीय जानकार व्यक्ति वा वडा तथा गाउँपालिका	(क) सान्दर्भिक चित्र वा नक्सा (ख) सूचना प्रविधि (ग)अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री	(क) उपलब्ध सामग्रीका आधारमा ऐरावती गाउपालिकाको क्षेत्रफल पहिचान गरे नगरेका आधारमा लेखाजोखा गर्ने (ख) प्रदर्शित नक्सा वा चित्र जस्तै गरी चित्र वा नक्सा कोरे नकोरेको अवलोकन गर्ने (ग)कोरिएको नक्सामा गाउँपालिकाको बस्ती वा गाँउ, उचाइ, वनजङ्गल सही ढङ्गले राखे नराखेको हेरी सिकाइको मूल्याङ्कन गर्ने (घ)विद्यार्थीले आत्मविश्वास तथा	१२ घन्टी

				कार्यालयमा गई यकिन गर्ने लगाउने (च) खोज अनुसन्धान वा परियोजना कार्य गर्दा जनसङ्ख्यामा भिन्नता देखिए सम्बन्धित पक्षलाई सुधार गर्न सहयोग गर्ने (सही जानकारी उपलब्ध गराउन स्थानीय निकायमा निवेदन दिएर, आफूसँग भएको सही सूचना उपलब्ध गराएर, अभिकभावकका सहयोग लिई स्थानीय निकायलाई सचेत गराएर,जानकार व्यक्तिको सूचनामा सुधार गर्न आग्रह गरेर) (छ) ऐरावती गाउँपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूको सूची निर्माण गरी प्रस्तुत गर्न लगाउने र यसका आधारमा शैक्षिक सस्थाको सङ्ख्या यकिन गर्न लगाउने (ज) शैक्षिक संस्थाहरू रहेको नक्सा सङ्कलन गरी नक्सामा जस्तै भौगोलिक क्षेत्र झल्किने चित्र निर्माण तथा प्रदर्शन गर्न लगाउने		स्पष्टताका साथ प्रस्तुति गरे नगरेको आधारमा सिकाइको मापन गर्ने (ङ)ऐरावती गाउपालिका र यसको जातजातिगत वितरण र जनसङ्ख्याको सूची निर्माण तथा प्रदर्शन गर्न नसकेका आधारमा सिकाइको मापन गर्ने (च) ऐरावती गाउँपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूको जानकारी भए नभएको प्रश्नोत्तर गरी सिकाइको मापन गर्ने	
२.प्राकृतिक स्रोत र सम्पदा	(क) वनजङ्गलको परिचय दिन र उपयोगिता पहिचान गरी संरक्षणका उपाय बताउन (ख) जडीबुटीको पहिचान गरी उपयोगिता बताउन र संरक्षणका उपाय सुझाउन	प्राकृतिक स्रोतको उपयोगिता र संरक्षण २.१ वनजङ्गल परिचय ,उपयोगिता र संरक्षण २.२ जडीबुटी पहिचान,परिचय, उपयोगिता र संरक्षण	(क) वनजंगलको परिचय , पहिचान , उपयोगिता र संरक्षण (ख) जडीबुटीका परिचय , पहिचान , उपयोगिता र संरक्षण	(क) वनजङ्गलको स्वरूप र अवस्थाको बारेमा छलफल र अन्तरक्रिया गर्ने गराउने । यस क्रममा सान्दर्भिक नक्सा वा चित्र वा अन्य सामग्री प्रदर्शन गर्ने (ख)स्थानीय वन क्षेत्रको स्थलगत अवलोकन भ्रमण गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने (ग)स्थानीय जडीबुटीहरुको पहिचान गरी तिनीहरुको उपयोगिता र संरक्षणका उपायहरुको बारेमा छलफल गर्ने (घ)स्थानीय क्षेत्रको स्थलगत भ्रमण गरी त्यहाँ पाइने जडीबुटीहरु पत्ता लगाउने र तिनीहरुको उपयोगिता पहिचान गर्ने (ङ) विद्यार्थीले कुनै विषयवस्तुको सिकाइमा कठिनाइ महशूस गरेमा त्यसमा थप सामग्री, सान्दर्भिक अन्य विषयवस्तु र शिक्षण विधिमा विविधता ल्याई सहज सिकाइको वातावरण तयार पार्ने	क)सान्दर्भिक चित्र वा नक्सा (ख) सूचना प्रविधि (ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री	(क) निर्धारित विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल(मौखिक तथा लिखित अभ्यास) गरे नगरेका आधारमा लेखाजोखा गर्ने (ख) प्रदर्शित चित्रको वर्णन गर्न लगाई विषयवस्तुको ज्ञान हासिल गरे नगरेको मापन गर्ने (ग) विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने	१४ घन्टी
३.संस्कार र	(क) हरिशयनी र हरिबोधिनी	३.१ ठूला एकादशी,	(क) ठूलाएकादशी(	(क) मैरीमा तुलसीको बिउ छर्ने वा बेर्ना	(क) हरिबोधिनी र	(क) हरिशयनी	१८

संस्कृति	एकादशीको पौराणिक प्रसङ्ग र बिशेषता बताउन (ख) माघेसक्रन्तिको पौराणिक महत्व र विशेषता बताउन (ग) ऐरावती मेलाको विशेषता बताउन	३.२ माघेसक्रान्ति ३.३ ऐरावती मेला	हरिशयनी र हरिबोधिनी)को पौराणिक प्रसङ्ग विशेषता र महत्व (ख) माघेसक्रान्तिको पौराणिक प्रसङ्ग , विशेषता र महत्व (ग) ऐरावती मेला	रोप्ने प्रसङ्ग सहित असार शुक्लएकादशीको बारेमा छलफल गर्ने (ख) पौराणिक प्रसङ्ग सहित त्यस दिनलाई हरिशयनी एकादशी भनिनुको कारण बताउने र त्यस दिनका बिशेषताहरुको बारेमा छलफल गर्ने (ग) पौराणिक कथालाई कार्तिक शुक्लएकादशीका दिन सम्म पुऱ्याएर त्यस दिनलाई हरिबोधिनी एकादशी भनिनुको कारण बताउने (घ) हरिबोधिनी एकादशीको दिनका विशेषताहरु बताउने र यी दुई एकादशी र चतुर्मास ब्रत तथा यसको धार्मिक महत्वको बारे प्रष्ट्याउने (ङ) मकरसक्रान्ति र मकरस्नानको धार्मिक महतव बताउने (च) ऐरावती मेलाको परिचय दिई यसको विशेषता बोध गराउने (छ) ऐरावती मेलाको श्रव्यदृष्य सामग्री प्रस्तुत गर्ने र मेलाको विशेषताहरु बारे छलफलगर्ने (ज) माघेसक्रान्तिमा ऐरावती मेलाको अवलोकन भ्रमण गराउने र प्रतिबेदन लेख्न लगाउने	हरिशयनी एकादशी सँग सम्बन्धित चित्र,फोटो ,श्रव्य तथा श्रब्यदृष्य सामग्री,तुलसीको बिरुवा (ख) ऐरावती मेलाको भिडियो	रहरिबोधिनी एकादशीको पौराणक प्रसङ्ग सोध्ने (ख) एकादशी ब्रत र तुलसी पुजाको बरेमा प्रश्नोत्तर गराउने (ग) माघेसक्रान्ति र मकरस्नानको धार्मिक प्रसङ्ग सोध्ने (घ) ऐरावती मेलाको बारेमा निबन्ध लेख्न लगाउने (ङ) असार शुक्ल एकादशी र कार्तिक शुक्ल एकादशीका दिन ब्रतालुहरुलाई भेट्न लगाई प्रतिवेदन तयार गर्न लगाउने	घण्टी
४.ऐतिहासिक र पर्यटकीय स्थल	(क) आलमदेवी मन्दिरको ऐतिहासिक पृष्ठभूमि र बनावट बताउन (ख) आलमदेवी मन्दिरमा लाग्ने कोजाग्रत पुर्णिमा मेलाको बिशेषता बताउन (ग) काफलबुटा तपश्वी गुफाको परिचय दिन (घ)काफलबुटा तपश्वी गुफाको धार्मिक महत्व बताउन (ङ) कमिरेको परिचय दिन र यसको महत्व बताउन	४.१ आलमदेवी मन्दिर ४.२ काफलबुटा तपश्वी गुफा ४.३ कमिरे	(क) आलमदेवी मन्दिरको स्थापना र पुजाको सुरुवात (ख) कोजाग्रत पुर्णिमाको जाबुनेदह मेला (ग) कफलबुटा तपश्वी गुफाको परिचय र धार्मिक तथा पर्यटकीय महत्व (घ) कमिरेको परिचय र पर्यटकीय महत्व	(क) जाबुनेमा दर्शैंको कोजाग्रत पुर्णिमामा मेला लाग्ने प्रसङ्गबाट छलफल सुरु गरी आलमदेवी मन्दिरको स्थापनाको पृष्ठभूमि बताउने,मन्दिरका पुजारी,पुजाबिधि ,बलि र सरायँ नाचको बारेमा प्रष्ट्याउने (ख) काफलबुटा तपश्वी गुफा पत्ता लागेको प्रसङ्ग,गुफा र यसको वरिपरिको वातावरण,यहाँ हुने पुजा र यसको धार्मिक तथा पर्यटकीय महत्वको बारेमा सहभागितात्मक छलफल गर्ने /गराउने (ग) आलमदेवी मन्दिर र काफलबुटा तपश्वी गुफाको बारेमा स्थानीय जानकार बुढापाकाहरुलाई विद्यालयमा बोलाएर भन्न लगाउने (घ) कमिरेको प्राकृतिक वातावरण ,दृष्यावलोकन स्तम्भ,प्रस्तावित पार्क र यसले बोकेको पर्यटकीय सम्भाव्यताको बारेमा छलफल र अन्तरक्रिया गर्ने (ङ) आलमदेवी मन्दिर,काफलबुटा तपश्वी गुफा र कमिरेको स्थलगत अवलोकन भ्रमण गराएर प्रतिवेदन लेख्न लगाउने	(क) श्रव्यदृश्य सामग्री (ख) नक्सा (ग) फोटो	(क) आलमदेवी मन्दिर स्थापनाको पृष्ठभूमि र यहाँ लाग्ने मेलाको बारेमा बताउन लगाउने (ख) काफलबुटा तपश्वी गुफाको खोजी,यसको बनावट,यस वरिपरिको वातावरण र यहाँ हुने आजापुजाको बारेमा देखेजानेको वा सुनेजानेको कुरा भन्न लगाउने (ग) कमिरेको बारेमा प्रश्नोत्तर गराउने (घ) तत्तत् स्थानहरुको अवलोकन भ्रमण गराइ प्रतिवेदन लेख्न लगाइ सोको जाँच गर्ने	१४ घण्टी

५.पेसा उद्यमशीलता र प्रविधि	(क) निगालो, र बाँसका सामग्री, बनाउने तरिका र प्रयोग बारे बताउन (ख) पात खुटेर बनाइने सामग्री बनाउने तरिका र प्रयोग बारे बताउन (ग) पटुवा बाटेर बनाइने सामग्री बनाउने तरिका र प्रयोग बारे बताउन (घ) मकैको पात,खोसेला र पराल बुनेर बनाइने सामग्री बनाउने तरिका र प्रयोग बारे बताउन (ङ) उनको हाते बुनाइबाट बनाइने सामग्री बनाउने तरिका र प्रयोग बारे बताउन	५.१ निगालो र बाँसका सामग्रीको परिचय र प्रयोग ५.२ घरायसी सरसामान: दाम्लो,नाम्लो,जाबी, चकटी र गुन्द्रो बुनाइ ५.३ पात खुटेर बनाइने सामग्रीहरु दुना,बौता र टपरी खुटाइ ५.४ उनबाट बनाइने सामग्रीहरु: टोपी,झोला र गलबन्दी बुनाइ	(क) निगालो, र बाँस (डोको,डालो,थुन्से,सुपो, चाल्नी,पेरुङ्गो,घुम)का सामग्री बनाउने तरिका र प्रयोग बारे जानकारी (ख)डोरी, नाम्लो, दाम्लो, जाबी,चकटी,गुन्द्रो,दुना, बौता,टपरी,पुरो,जाबी बनाउने तरिका र प्रयोग बारे जानकारी (ग) उनको टोपी,झोला र गलबन्दी बनाउने तरिका र प्रयोग बारे जानकारी	(क) स्थानीय क्षेत्रमा निगालो, र बाँसका सामग्री(डोको, डालो,फुँगो, थुन्से, सुपो, चाल्नी, पेरुङ्गो), डोरी,नाम्लो,दाम्लो, घुम बनाएको ठाउँमा लगेर अवलोकन गर्न लगाउने र सम्बन्धित व्यक्तिसँग उक्त सामग्रीहरू बनाउने तरिकाबारे छलफल गर्न लगाउने । (ख) उल्लिखित सामग्रीहरूमध्ये कुनै पाँचओटाको नमुना तयार पार्न लगाई त्यसको प्रयोगबारे छलफल गराउने । (ग) पातबाट बन्ने सामग्री र तिनीहरुको प्रयोग बारे छलफल गरी स्थानीय क्षेत्रमा दुना,बौता,खोप्ला,टपरी,पुरो खुट्ने र घुम बनाउने मानिसकहाँ लगेर ती सामान अवलोकन गर्न र बनाउने तरिका बारे छलफल गर्न लगाउने (घ) पटुवाको परिचय र पटुवा बनाउने तरिका बारे छलफल गरी स्थानीय क्षेत्रमा पटुवाबाट बनाइएका त्यस्ता सामग्रीहरुको अवलोकन गर्न र ती सामान निर्माण गर्ने मानिसहरुसँग तिनीहरुको निर्माण र प्रयोग बारे सोधपूछ तथा छलफल गर्न लगाउने (ङ) चकटी,गुन्द्रो,उनको टोपी,झोला,गलबन्दीको परिचय दिई स्थानीय क्षेत्रमा यी सामग्री निर्माण गर्ने मानिससँग भेट गराय तिनीहरुको निर्माण र प्रयोगको बारेमा छलफल गर्न लगाउने	(क) स्थानीय क्षेत्रमा उपलब्ध निगालो, बाँस, पराल, छवाली , पात , पटुवा लगायत अन्य बस्तुहरु (ख)स्थानीय प्रविधिमा आधारित सामग्रीहरूका नमूना,ती समग्री बनाउने सम्बन्धी बृत्तचित्र, पोस्टर	(क) स्थानीय क्षेत्रमा निगालो, र बाँसबाट बनाइने सामग्रीहरु: डोको,डालो,फुँगा,सोली ,थुन्सेको प्रयोग बारे बुँदागत रूपमा लेख्न लगाउने (ख) दुना ,बौता, खोप्ला, टपरी र पुरो खुट्न लगाउने र कामको आधारमा मूल्याङ्कन गर्ने (ग) डोरी,दाम्लो बाट्न र नाम्लो बुन्न लगाउने र कामको आधारमा मूल्याङ्कन गर्ने (घ) स्थानीय प्रविधिमा आधारित कुनै दुईओटा सामग्रीहरूको नमूना बनाई कक्षामा प्रदर्शन गर्न लगाउने (ङ) विद्यार्थीहरूको प्रस्तुतिको अवलोकन मूल्याङ्कन गर्ने	२४ घन्टा

६.स्वास्थ्य र सरसफाइ	(क) प्राकृतिक खाना र कृतिम खानाको फरक बताउन (ख) विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजाको सूची बनाउन (ग) विद्यालयमा स्वस्थ खाजा प्रयोग गर्न (घ) योगको अवधारणा र महत्व बताउन (ङ) केही साधारण आसनहरु:सुखासन,वज्रासन र शवासनको अभ्यास गर्न	६.१ प्राकृतिक र कृत्रिम गुण भएको खाना ६.२ विद्यालयमा खाजाको व्यवस्थापन ६.३ योगको अवधारणा र अभ्यास	(क) प्राकृतिक गुण भएको खानाको महत्व (ख) कृत्रिम खानाले पुऱ्याउने क्षतीको जानकारी (ग) प्राकृतिक खाना र कृत्रिम खानाको परिचय र फरक (घ) विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजाका प्रकार र प्रयोग (ङ) योगको अर्थ र परिचय (च) योगको महत्व, उपयोगिता र अभ्यास	(क) प्राकृतिक खाना र कृत्रिम खानाको फरक देखाइएको चार्ट देखाइ छलफल गराउने (ख) विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजाको सूची बनाउन लगाउने (ग) स्वस्थ खाजाकोबारेमा अनुच्छेद लेख्न लगाउने (घ) योगको अर्थ, महत्व र उपयोगिताबारे पावर प्वाइन्टको प्रयोग गरी छलफल गर्ने (ङ) श्रव्यदृश्य, चित्र पोस्टर जस्ता सामग्रीको प्रयोग गरी योग, प्राणायाम र ध्यानको सामान्य परिचय दिने (च) सुखासन,वज्रासन र शवासनको अभ्यास गराउने र ती आसनहरुबाट हुने फाइदा बताउने	(क) प्राकृतिक खाना र कृत्रिम खानाको फरक देखाइएको चार्ट (ख) विद्यालयमा ल्याइने/खाने स्वस्थकर खाजाको सूचीको चार्ट (ग) योगपरिचय र उपयोगितासम्बन्धी पावर प्वाइन्ट स्लाइड, चार्ट र भिडियो	(क) प्राकृतिक खाजा ल्याए नल्याएको यकिन गर्ने (ख) घरमा प्रयोग हुने प्राकृतिक खाना र कृत्रिम खानाको सूचि बनाउन लगाउने (ग) योग गर्दा अपनाउनुपर्ने सावधानीहरू लेख्न लगाउने । (घ) योगासन अभ्यासमा विद्यार्थीले प्रदर्शन गरेको सक्षमताको आधारमा लेखाजोखा गर्ने	१२ घण्टी

७.प्रकोप, वातावरण र हरित एवम् वालमैत्री विद्यालय	(क) प्राकृतिक र मानव सिर्जित प्रकोप/विपद्का प्रकारका बारेमा बताउन	७.१ प्राकृतिक र मानव सिर्जित प्रकोप/बिपद्का प्रकार	(क) प्राकृतिक प्रकोप/विपद् अन्तर्गत बाढी, पहिरो, भूक्षय, भूकम्प, हुरीबतास, चट्याङ (ख) मानवजन्य प्रकोप/विपद् अन्तर्गत आगलागी, दुर्घटना, विषाक्त पदार्थ, महामारी आदि	(क) आफूले देखेका, भोगेका, सुनेका बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिका बारेमा बताइदिने, चित्र प्रस्तुत गर्ने र प्रत्येक चित्रका बारेमा प्राकृतिक वा मानव निर्मित प्रकोप / विपद् बिचको भिन्नताका बारेमा छलफल गराउने (ख) बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटनाले पुऱ्याउने हानी नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रस्तुत गरी छलफल गराउने (ग) शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गर्ने (घ) बाढी खेल खेलाउने	(क) स्थानीय स्तरमा भएका प्रकोप/विपद्का चित्र, वृतचित्र	(क) आफूले देखेका, भोगेका प्राकृतिक प्रकोप/विपद्को अनुभव लेख्न लगाउने (ख) मानव सिर्जित प्रकोप/विपद्को अनुभव लेख्न लगाउने (ग) बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिको चित्र/कविता, गीत आदिको माध्यमबाट प्रस्तुत गर्न लगाउने (घ) चार्ट पेपरमा आफ्नो क्षेत्रका सम्भावित प्रकोप क्षेत्रको नक्साङ्कन तयार पार्न लगाउने	२ घन्टी
	(क) प्रदूषणको परिचय दिन (ख) प्रदुषणका प्रकार, कारण र प्रदूषण न्यूनीकरणका उपाय बताउन	७.२ प्रदूषणको परिचय, प्रकार, स्रोत, न्यूनीकरणका उपाय	(क) जल प्रदूषण, जस्तै : नदी, पोखरी आदिको परिचय (ख) जल प्रदूषणका स्रोत, जस्तै ढल, नल, उद्योगधन्दा, लुगाधुने, मानिस, गाईबस्तुलाई पानी खुवाउने,भैंसीलाई आहाल बसाउने, नुहाउने, सांकृतिक परम्परा (ग) जमिन प्रदूषण, जस्तै :विद्यालय, बाटो, खुला चउर, पार्क, बजार क्षेत्र परिचय, जमिन प्रदूषणका स्रोतहरू जथाभावी फोहोर विसर्जन (घ) वायु प्रदूषणको परिचय,	(क) प्रदूषण भएको र नभएको चित्र पोस्टर, श्रव्यदृष्य सामग्रीको माध्यमबाट छलफल गराउने (ख) विद्यालय वरिपरिका प्रदूषित क्षेत्रको अध्ययन अवलोकन भ्रमण गराउने (ग) स्थानीय क्षेत्रमा जलप्रदुषणको अवस्थाको बारेमा छलफल गर्ने र उक्त प्रदुषण न्युनीकरणका उपायहरु पहिचान गर्ने (घ) स्थानीय क्षेत्रमा जमिन प्रदुषणको अवस्थाको बारेमा छलफल गर्ने र प्रदुषण नियन्त्रषको लागि चाल्नुपर्ने कदमहरुको पहिचान गर्ने (ङ) स्थानीय क्षेत्रमा वायु प्रदुषणको अवस्था , यसको कारण र न्युनीकरणका उपायहरुको बरेमा छलफल गरी उचित निश्कर्षमा पुग्ने (च) स्थानीय क्षेत्रमा ध्वनि प्रदुषणको अवस्थाको बारेमा छलफल गरी यसका कारणहरु पहिचान गर्ने र न्युनीकरणका उपायहरु समेत पत्ता लगाउने	(ख) प्रदूषण भएको र नभएको चित्र, पोस्टर, श्रव्यदृष्य सामग्री	(ँङ) प्रदूषणको अर्थ भन्न लगाउने (च) प्रदूषणका कारणहरू सोध्ने (छ) विद्यार्थीले आफूले तहवाट प्रदूषण न्यूनीकरणका लागि गर्न सक्ने उपायहरू बताउन लगाउने (ज) स्वच्छ वातावरणको चित्र बनाउन लगाउने	६ घण्टी

			वायु प्रदूषणका स्रोतहरू जस्तै, उद्योगधन्दा, यातायातका साधन, जलाउने कार्य (ङ) ध्वनी प्रदूषणको परिचय, ध्वनी प्रदूषणका स्रोत, जस्तै :कलकारखाना, यातायातकासाधन,माइकिङ ,महोत्सव आदि बाट आउने आवाज (च) वातावरण प्रदूषण रोक्ने उपायको जानकारी				
	(क) वालमैत्री सिकाइको अर्थ बोध गर्न (ख) वालमैत्री सिकाइको माग गर्न (ग) वालमैत्री सिकाइको महत्व बोध गर्न र बताउन (घ) आफूले वालमैत्री सिकाइ पाएनपाएको छुट्याउन	७.३ वालमैत्री सिकाइ अवधारणा र महत्व	वालवालिकाको रुचि अनुसारका विषयबस्तु,शिक्षकको मित्रवत र अभिभावकीय व्यवहार,सम्मानजनक सम्बोधन र सरल प्रस्तुति, ,नाच्दै नचाउँदै,गाउँदै गाउन लगाउँदै,खेल्दै खेलाउँदै सिकाउने शिक्षकको कला , वालमैत्री विद्यालयको महत्व	(क) वालवालिकालाई खुसी बनाउने र रुचि बढाउने सम्बोधन र क्रियाकलापको प्रस्तुतिकरण गर्ने (ख) विद्यालय वालवालिकाको मामाघर, विद्यार्थी शिक्षकका भान्जभान्जी सम्झेर बोली र व्यवहार गर्ने (ग) विषयबस्तुलाई गीत,नृत्य,कथा,कबिता,अभिनय र खेलको माध्यमबाट सिकाउने (घ) शारीरिक र मानसिक दण्डलाई निषेध गर्ने (ङ) वालमैत्री सिकाइको महत्वको बारेमा छलफल गर्ने र वालमैत्री सिकाइमा द्यार्थीले गर्ने अनुभूति सुनाउन लगाउने (च) वालमैत्री सिकाइको महत्व बोध गराउने	सान्दर्भिक चित्र,पोष्टर,फोटो,भिडियो	(क) वाल मैत्री सिकाइको अर्थ बताउन लगाउने (ख) आफ्नो शिक्षण प्रति वालवालिकाहरुको गोप्य प्रतिक्रिया दिन लगाउने (ग) रुजु सूची र स्वमूल्याङ्कन फाराम भर्न लगाउने (घ) शिक्षण सिकाई तरिका प्रति विद्यार्थीको अपेक्षा टिपोट गर्न लगाउने (ङ) वाल मैत्री सिकाइको महत्व विषयमा लघुवक्तृत्वकलाको आयोजना गर्ने (च) वाल मैत्री सिकाइको महत्व लेख्न लगाउने	२ घण्टी
८.हाम्रो विगत	(क) पहिलेका मानिसहरुको आम्दानीको स्रोत थाहा पाउन (ख) खर्क, चरन, ठेकाभाँडा, चौथाई, हाप,टीन,हाटको अर्थ बताउन (ग) खर्क जाने,खर्चपानी लैजाने,गोठ बस्ने,घाँस काट्ने,घिउ सँगाल्ने,टीन भर्ने,हाट जाने ,नुन ल्याउने जस्ता पुराना जीवन यापन गर्ने कला साग परिचित हुन (घ) पुराना सरसामानहरु:ठैलो(कोठा),भार,गरियो,मटुलो,फाँक,तरी,हर्पे चिन्न, प्रयोग थाहा पाउन र जतन	उहिलेका कुरा ८.१ आम्दानीको स्रोत ८.२ घरमा प्रयोग हुने सामग्री	(क) आम्दानीको स्रोत,खर्क,चरन,हाट जाने (ख) घरमा प्रयोग हुने सामग्री:ठैलो,भार,हर्पे,गरियो,मटुलो ,फाँक,तरी	(क) पुरानो जीवनशेली र उहिलेका मान्छेको आम्दानीको स्रोतको बारेमा छलफल गर्ने (ख) पुरानो सामाजिक आर्थिक पद्धतिसँग सम्बन्धित शब्दहरु: खर्क, चरन, ठेकाभाँडा, चौथाई,हाप,टीन,हाटको अर्थ बोध गराउने र यी शब्दावलीको मद्दतले त्यतिबेलाको जीवनको कथाव्यथा बताउने (ग) फोटो वा भिडियो प्रदर्शन गरी पुराना सरसामानहरु:ठैलो,भार गरियो, मटुलो, फाँक, तरी, हर्पे र तिनीहरुको प्रयोग बारेमा प्रष्ट्याउने (घ) स्थानीय जानकार बुढापाकालाई	(क) ठैलो,भार, गरियो,फाँक,मटुलो तरी,हर्पे (ख) फोटो,श्रव्यदृष्य सामग्री	(क) बिषयबस्तु सम्बन्धि पुराना कुरा भन्न लगाउने (ख) फोटो देखाइ पुराना सरसामान चिन्न र तिनीहरुको प्रयोग भन्न लगाउने (ग) पुराना सरसामान खोजी गरी तिनीहरुको प्रयोगको बारेमा प्रतिवेदन बनाउन लगाउने (घ) पुराना सरसामानको महत्व र संरक्षणका	

<table>
<tr><td></td><td>गर्न</td><td></td><td></td><td>बिद्यालयमा बोलाएर बिषयबस्तु अनुसारका पुराना कुरा सुनाउन लगाउने
(ङ) पुराना सामग्रीहरुको महत्व बोध गराइ संरक्षणका उपायहरु बारे छलफल गर्ने</td><td></td><td>उपायहरु बताउन लगाउने</td><td></td></tr>
<tr><td>९.जीवनमार्ग</td><td>(क) पाचौँ कक्षा र त्यसपछिको तिन वर्ष (कक्षा ६,७ र ८)को योजनाको खाका निमार्ण गर्न
(ख) योजना कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्न र योजना अनुसार काम गर्न</td><td>९.१ योजना</td><td>(क) पाचौँ कक्षा पछिका तिन वर्ष कक्षा ६,७ र ८ सम्मको तिन वर्षे योजना</td><td>(क) विद्यार्थीलाई हातको चित्र ट्रयास गर्न लगाइ कान्छीऔँलामा कक्षा ६,साहिलीऔँलामा कक्षा ७ माझीऔँलामा कक्षा ८ चोरऔँलामा कक्षा ९ र बुढीऔँलामा कक्षा औँलामा कक्षा १० मा आफुले ल्याउने सिकाइ उपलब्धि (जि.पि.ए) लक्ष्य प्रस्ताव गर्न लगाउने।
(ख) विद्यार्थीहरुलाई आगामी तिन वर्षपछि तिमी कस्तो बन्न चाहन्छौ भनी प्रश्न गर्ने, यसको लागि स्वास्थ्य प्रवर्द्धन,चरित्र निर्माण सिकाइ उपलब्धि वृद्धि र जीवनवृत्ति पूर्वाधार विकासका चारवटा क्षेत्रहरु भित्र छलफल गर्ने
(ग) निम्नानुसारको खाका प्रस्तुत गरी विद्यार्थीलाइ उनीहरुको आगामी ३ वर्षे योजना बनाउन लगाउने
योजनाको खाका
<table>
<tr><th>क्र.स</th><th>विवरण</th><th>पहिलो वर्ष</th><th>दोस्रो वर्ष</th><th>तेस्रो वर्ष(</th></tr>
</table>
</td><td>(क) साइन पेन, सेतो कागज</td><td>(क) योजनाको महत्व र आवश्यकताका बारेमा प्रश्नोत्तर गर्ने
(ख) छलफल र सिकाइमा सक्रियताको लेखाजोखा गर्ने
(ग) विद्यार्थीले बनाएको योजनाको लेखाजोखा गर्ने
(घ) घरको अवस्था,घरायसी वातावरण र अभिभावकको धारणाको आधारमा मापन गर्ने
(ङ) विद्यार्थीको आत्म विश्वास र तत्परताको आधारमा हेर्ने
(च) व्यवहारको निरन्तर अवलोकन गर्ने</td><td>३ घण्टी</td></tr>
</table>

		(कक्षा ५)	(कक्षा ६)	कक्षा ७)
१	स्वास्थ्य प्रर्वद्धन			
२	चरित्र निर्माणा			
३	सिकाइ उपलब्धि वृद्धि			
४	जीवन वृत्ति पूर्वाधार विकास			

घ) उनीहरुले निर्माण गरेको योजनामा आवश्यक सुधार गरी त्यसलाई कार्यान्वयन गर्न प्रतिवद्ध गराउने,अभिभावकसँग समन्वय गरी योजना कार्यान्वयनमा सहयोग पुऱ्याउन अनुरोध गर्ने

	(क) सहयोगको अर्थ बताउन (ख) सहयोग आवस्यक पर्ने मानिस पहिचान गर्न र उनीहरुलाइ सक्दो सहयोग गर्न (ग) सहयोगको भावना विकास गर्न (घ) समन्वयको अर्थ बताउन (ङ) समन्वय गर्नपर्ने स्थान र अवस्था पहिचान गर्न र समन्वयात्मक भुमिका निर्वाह गर्न	९.२ सहयोग र समन्वय	(क) सहयोगको अवधारणा र अर्थ, सहयोग आवश्यक पर्ने मानिस र उनीहरुका लागि गर्नुपर्ने सहयोग पहिचान, महसुसीकरण , समन्वयको अवधारणा र अर्थ समन्वय गर्नूपर्ने ठाँउ वा अवस्था	(क) आफुलाइ समस्या वा आपत विपद पर्दा अरुको मद्धत आवश्यक पर्ने कुराको बारेमा छलफल गर्ने (ख) पावर प्वाइन्ट प्रयोग थरी वालक,वृद्ध,रोगी,गर्भवती ,अपाङ्ग र घाइते मानिसको फोटो देखाइ उनीहरुको अवस्थाको बारेमा छलफल गर्ने (ग) आफुलाई पर्दा अरुबाट लिइने र अरुलाई पर्दा आफुले गर्ने पारस्परिक मद्धत वा सहायता नै सहयोग भएको कुराको बोध गराउने (घ) सहयोग आवश्यक पर्ने मानिसहरु वा अवस्थाको बारेमा छलफल गर्ने जस्तै: वालक,वृद्ध,अपाङ्ग,घाइते,रोगी,गर्भवती, गरीब आदी । (ङ) मानिस सामाजिक प्राणी भएको र पारस्पारिक मद्धत बिना जीवन चल्न नसक्ने निश्कर्षम पुग्ने। (च) महर्षी वेदव्यासले चारवेद र अठार पुराण लेखि सकेपछि त्यसको निश्कर्ष “परोपकाराय पुन्याय पापाय परपीडनम्” लेख्नुले पनि परोपकार नै धमैको अभिष्ट भएको बोध गराउँछ भन्ने कुराको बोध गराउने। दुःखमा परेकालाई सहयोग गर्नु मानवको नैतिक कर्तव्य र परम् धर्म भएको बोध गराइ त्यस्तो मानिसलाई सहयोग गर्न प्रेरित गर्ने (छ) फरक फरक सोच विचार र व्यवहार भएका मानिसहरु बीच पारस्पारिक सम्बन्ध कायम गर्न वा मेलमिलाप कायम गर्न लगाउने र यसैबाट समन्वयको अर्थ बोध गराउने	(क) फोटो,चित्र (ख) पावर प्वाइन्ट स्लाइड (ग) श्रव्यदृश्य सामग्री	(क) सहयोगको अर्थ बताउन लगाउने (ख) सहयोगको आवश्यक पर्ने अवस्था र मानिस पहिचान गर्न लगाउने (ग) व्यवहारको निरन्तर अवलोकन गर्ने (घ) अभिनय गर्न लगाइ त्यसको लेखाजोखा गर्ने (ङ) सहायताको आवस्यकता भएका मानिस पहिचान गरी सक्दो सहयोग गर्न र प्रतिवेदन तयार गर्न लगाउने (च) समन्वयको अर्थ बताउन लगाउने (छ) समन्वयकारी भुमिका आवस्यक पर्ने काममा त्यस्तो भुमिका निर्वाह गर्न लगाएर त्यसको मूल्याङ्कन गर्ने	४ घण्टी

				(ज)कक्षामा भएका फरक फरक सोंच,विचार र व्यवहार भएका साथीहरु बीच मेलमिलाप गर्नु ,परस्पर सम्बन्ध कायम गर्नु ,घरमा भाइबहिनी झगडा गर्दा वा विद्यालयमा साथीहरु बीच द्वन्द वा झगडा हुँदा द्वन्द समाधान गर्न भुमिका निर्वाह गर्नु वा झगडा मिलाउने भुमिका खेल्नु समन्वय भएको कुरा बोध गराउने र परिआउँदा त्यस्तो भुमिका निर्वाह गर्न सक्षम एवम् अग्रसर बनाउने (झ) सान्र्दभिक भिडियो प्रदर्शन गर्ने र त्यसको समिक्षा गर्ने			
	(क) दालभात रोटी र तरकारी पकाउन (ख) नेपालको नक्सा हेरेर आफ्नो बसोबास क्षेत्र पहिचान गर्न (ग) गुगल नक्सामा आफ्नो गाउँठाउँ खोज्न र भेट्याउन (घ) घरमा खाना बनाउन सहयोग गर्न	९.३ खाना पकाउने र नक्सा हेर्ने	(क) दाल,भात,रोटी र तरकारी पकाउने, (ख) नेपालको नक्सा हेर्ने र आफ्नो गाँउठाँउ पत्ता लगाउने	(क) खाद्यान्न र भाँडाकुँडा जम्मा गरेर कुकरमा दाल राख्न; पानी , नुन , बेसार अड्कल्न र राख्न लगाउने,त्यसपछि विर्को बन्द गर्न लगाएर चुल्होमा बसालेर ८-१० सिट्टी लगाउन्जेल पकाउने , त्यसपछि ताप्केमा भुटन (तेल) राखेर लसुन प्याज फुराउन र दाल झान्न लगाउने । (ख) खाना खाने मानिसको सङ्ख्या अनुसार चामल अड्कल्न,कसौडी मोसाउन,कसौडीमा चामल राखेर पानी अड्कल्न,चुल्होमा बसालेर पकाउन,चलाउन,ढाक्न र भर्साउन लगाउने (ग) पिठो मुछ्न,रोटी बेल्न,तावामा पकाउन र भुग्रामा सेकाउन सिकाउने र गर्न लगाउने घ) तरकारी पखाल्न वा धुन ,लसुन प्याज गोलभेडा काट्न,कराइ वा ताप्केमा भुटन(तेल) खराउन(तताउन) लसुन प्याज भुट्न नुन बेसार अड्कल्न तरकारी भुट्न र पानी राखेर पकाउन, जीरा धनिया र अन्य मसला राख्न र उतार्न सिकाउने र लगाउने (ङ) खाना पकाउन भन्दा अघि सुरुमा साबुनपानीले हात धुन सिकाउने र लगाउने (च) वनभोजको आयोजना गरी झोलामा दाल,चामल,तरकारी,पिठो,नुनतेल र भाडाकुडा	(क(दाल ,चामल, हरियो तरकारी ,पिठो, नुन , तेल बेसार, लसुन, प्याज, कुकर, कराइ , ताप्के, कसौडी, डाडु ,पन्यु, ढकनी ,थाल, बटुका लगायतका खाद्य सामग्री र भाँडाकुडा (ख) भिडियो	(क) भात पकाउने तरिकाको बारेमा वर्णन गर्न लगाउने (ख) दाल , तरकारी पकाउने तरिका वर्णन गर्न लगाउने (ग) रोटी बनाउने तरिका भन्न लगाउने (घ) वालवालिकालाई कठीन परिस्थितिमा पनि खाना पकाएर खान सक्ने बनाउन अज्ञात स्थलको भ्रमण र वनभोजको आयोजना गरी कामको लेखाजोखा गर्ने (ङ) व्यवहारको निरन्तर अवलोकन गर्ने (च) परियोजनाकार्य दिई घरमा खाना पकाउन र त्यसको प्रतिवेदन बनाउन लगाई जाँच गर्ने (छ) विद्यार्थीले घरमा खाना पकाउने काम गरे नगरेको वा खाना पकाउन सघाए नसघाएको बारेमा	५ घण्टी

				लगेर जाने र विद्यार्थीलाइ पकाउन लगाउने (छ) खाना पकाउदै गरेको भिडियो प्रदर्शन गर्ने (ज) घरमा खाना पकाउन आमा दिदीलाई सघाउन लगाउने (झ) नेपालको नक्सा देखाएर त्यसमा आफ्नो प्रदेश,जिल्ला, गाउँपालिका,वडा,गाउँ र घर कहाँनेर पर्छ भनी सोध्ने र पत्ता लगाउन दिने; आवश्यक परेमा शिक्षकल सहजीकरण गर्ने। त्यसै गरी अन्य ठाँउहरु पनि पत्ता लगाउन भन्ने (ञ) इन्टरनेटको प्रयोग गरी फोन वा कम्प्युटरमा गुगल नक्सा हेरेर आफ्नो देश, गाउँ र घर पत्ता लगाउन लगाउने		अभिभावकसँग सोधपूछ गर्ने (ज) नेपालको नक्सा हेर्न लगाइ नक्सामा उल्लेख गरिएका ठाउँहरु: विभिन्न प्रदेश , जिल्ला , पालिका , स्थान पत्ता लगाउन लगाउने ; आफ्नो प्रदेश , जिल्ला , गाउँपालिका पत्ता लगाउन भन्ने (ञ) गाउँपालिकाको नक्सा हेरेर आफ्नो वडा र आफ्नो बसोबास रहेको स्थान पत्ता लगाउन भन्ने (ट) गुगल नक्सा हेर्न लगाएर आफ्नो घर , विद्यालय , बाटोघाटो , नदीनाला आदि पत्ता लगाउन लगाउने	
१०.स्थानीय सामाजिक सवाल	(क) विद्यालयमा हुने दुर्व्यवहार(यौन दुर्व्यवहार,हिंसा र भौतिक सजाय)बाट बँच्ने उपायहरु अवलम्बन गर्न (ख) घरेलु दुर्व्यवहारबाट बँच्ने उपायहरु अवलम्बन गन	१०.१ दुर्व्यवहारबाट बँच्ने उपायहरु	(क) सामाजिक दुर्व्यवहारबाट बँच्ने उपाय	(क) विद्यालय अनुशासन र कक्षा आचारसंहिता निर्माणको लागि सहभागितात्मक छलफल गर्ने र बिद्यार्थीकै सहभागितामा बिद्यालय अनुशासन सम्बन्धी नियम र कक्षा आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने/गराउने (ख) नियम वा आचारसंहिताको उलङ्घन गर्नेलाई गल्ती महशूस गराउने र गल्ती गरेकोमा पश्चाताप गरी फेरी त्यस्तो गल्ती नदोहोऱ्याउने प्रतिबद्धता गर्ने गरी मनोवैज्ञानिक तरिका अवलम्बन गरिने बारेमा छलफल गर्ने (ग) गल्ती गर्नेलाई दण्ड स्वरुप सिर्जनात्मक काममा लगाउने र अभिभावकको सहयोग लिने बारेमा छलफल गर्ने (घ) दुर्व्यवहारको अवधारणा र अर्थको बोध गराई आफूमाथि दुर्व्यवहार भएनभएको छुट्याउन लगाउने बारेमा सहभागितात्मक छलफल गर्ने (ङ) अनुशासनको नाममा विद्यालयमा दिइने शारीरिक तथा मानसिक सजायले	चित्र,पोष्टर,फोटो,बृत्तचित्र , भिडिया	(क) अनुशासन र कक्षा आचारसंहिता पालन गरे नगरेको अवलोकन गर्ने (ख) विद्यार्थीका गुनासा र पीरमर्का सुनाउन लगाउने (ग) विद्यालयमा उजुरीपेटिका राख्ने र बिद्यार्थीलाई परेका पीरमर्का , गुनासो र सुभाव माग गर्ने (घ) अभिभावकसँग सोधपूछ गर्ने (ङ) विद्यार्थीसँग सोधपूछ गर्ने (च) परियोजनाकार्य दिई प्रतिवेदन लेख्न लगाउने (छ) शिक्षकले आत्मसमिक्षा गर्ने (ज) वालमैत्री सिकाइ वातावरणको पुनरावलोकन गर्ने	१० घण्टी

				वालवालिकाको शारीरिक र मानसिक विकासमा बाधा पुऱ्याउने,मानसिक समस्याहरु उत्पन्न हुने र प्रतिहिंसाको भावना उत्पन्न हुने कुरामा छलफल गरी अनुशासनको नाममा वालवालिका माथि हुने दुर्ब्यवहारलाई अन्त्य गरिने र वालवालिकाहरु स्वत स्फूर्त अनुशासित हुनुपर्ने कुरामा सबैलाई सहमत गराउने (च) घरमा विद्यार्थीहरु माथि हुने दुर्ब्यवहारको बारेमा छलफल गर्ने र त्यसको कारण पहिचान गरी सूची बनाउने (छ) घरेलु दुर्ब्यवहार र हिंसा कम गर्न घरमा विद्यार्थी र अभिभावकले गर्नुपर्ने कामहरुको बारेमा छलफल गर्ने र गर्नुपर्ने कामको सूची बनाउने (ज) शिक्षक , विद्यार्थी र अभिभावकको त्रिपक्षीय भेलाको आयोजना गरी वाल दुर्ब्यवहार अन्त्य गर्ने प्रतिबद्धता सहितको योजना निर्माण गरी कार्यान्वयन गर्ने (झ) दुर्ब्यवहार, हिंसा वा सजायबाट बँच्चे उपायहरुको बारेमा थप छलफल गरी समय परिस्थिति अनुसार तिनीहरुको अवलम्बन गर्ने/गराउने निश्कर्षमा पुग्ने			

कक्षा ६

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामग्री	मूल्याङ्कन प्रक्रिया	पाठ्य भार
१.हाम्रो गाउँपालिका	(क) ऐरावती गाउँपालिकाको भौगोलिक अवस्थिति बताउन (ख) ऐरावती गाउँपालिकाको भु-बनोट र हावापानीको परिचय दिन (ग) ऐरावती गाउँपालिकाको जनसङ्ख्या र यसको वितरणको अवस्था बोध गर्न (घ) गाउँपालिका भित्र पर्ने धार्मिक स्थलहरु चिन्न र भन्न	१.१ ऐरावती गाउँपालिकाको भौगोलिक अवस्थिति,भौगोलिक बनावट, १.२ जनसङ्ख्या १.३ धार्मिक स्थलहरु	(क) देश,प्रदेश र जिल्लामा यसको अवस्थिति,अक्षांस,देशान्तर,क्षेत्रफल उचाइ,लेक,डाँडापाखा,दमार,मोहडा, बेशी, खोलानाला, हावापानी, माटो र चट्टान (ख) कुल जनसङ्ख्या, महिला, पुरुष, जातजातिगत,जनसङ्ख्याको वितरण (ग)धार्मिक स्थलहरु	(क) ऐरावती गाउँपालिकाको नक्सा कक्षामा प्रस्तुत गर्ने र त्यसका आधारमा यसको अवस्थिति,अक्षांस,देशान्तर र क्षेत्रफलको बारेमा छलफल तथा प्रश्नोत्तर गराउने (ख) गाउँपालिकाको प्राकृतिक नक्साको आधारमा यसकोउचाइ,लेक,डाँडापाखा,दमार,मोहडा,बेशी,खोला नाला,हावापानी,माटो र चट्टानको बारेमा छलफल गर्ने (ग)कक्षा बाहिर विद्यालय चउर वा त्यस आसपासको ठाउँमा लगेर आँखाले देखिने क्षेत्रको भु-बनोटको बारेमा दृष्यात्मक छलफल गर्ने (घ) गाउँपालिकाको जनसङ्ख्यात्मक विवरण समेटिएको चार्ट प्रदर्शन गरी त्यसको आधारमा जनसङ्ख्या र यसको वितरणको बारेमा छलफल गरी निचोडमा पुग्ने (ङ) जनगणना २०७८ को जनसङ्ख्या विवरण र वडागत जनसङ्ख्या वितरण खोजी गर्नको लागि विद्यार्थीहरुलाई परियोजनाकार्य दिने (च) गाउँपालिकाका धार्मिक स्थलहरु र त्यहाँ हुने पुजाआजाको बारेमा तयार गरिएको भिडियो प्रदर्शन गर्ने (छ) धार्मिक स्थल पहिचान र त्यसको प्रमुख विशेषताको जानकारीको लागि समूहकार्य गराई अन्तरसमूह छलफल गराउने (ज) गाउँपालिकाको शैक्षिक भ्रमण गराइ भ्रमण प्रतिवेदन लेख्न लगाउने	(क) सान्दर्भिक चित्र वा नक्सा (ख) सूचना प्रविधि (ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री	(क) विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर (ख) व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर (ग) प्रश्नोत्तर गरेर (घ) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर (ङ) व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर (च)आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर (छ) प्रतिवेदन तयार गर्न लगाई त्यासको मूल्याङ्कन गर्न लगाएर	१२ घन्टी
२.प्राकृतिक स्रोत र सम्पदा	(क) ऐरावती गाउँपालिकाको उब्जाउ भुमि,डाँडापाखा र खनीजको परिचय र महत्व बताउन	२.१ उब्जाउ भुमि र डाँडापाखा २.२ खनीज	(क) ऐरावती गाउँपालिकाको उब्जाउ भुमि,डाँडाकाडा,पाखापखेरा र खनीज (अ) परिचय (आ) उपयोगिता/महत्व (इ) संरक्षण	(क) समुह निर्माण गरी ऐरावती गाउँपालिकाका उब्जाउ भुमि,डाँडापाखा, खनीज सम्पदा र तिनीहरुको हालको उपयोगको अवस्था पहिचान गर्न लगाउने र कक्षामा प्रस्तुत गर्ने,त्यसका आधारमा अन्तरसमूह छलफल तथा प्रश्नोत्तर गराउने (ख)प्रदर्शित समूहगत सामग्रीका आधारमा	(क) सान्दर्भिक फोटो, चित्र वा नक्सा (ख) सूचना	(क) बिद्यार्थीका कार्यकलापको निरीक्षण गरेर (ख)व्यक्तिगत र सामुहिक छलफलका आधारमा सिकाइको मापन गरेर	१२ घन्टी

	(ख) ऐरावतीको उब्जाउ भुमि, डाँडापाखा र खनीजको संरक्षणका उपाय पहिचान गरी संरक्षणमा सहयोग गर्न			ऐरावतीको उब्जाउ भुमि,डाँडापाखा र खनीजको महत्व पहिचान गर्न लगाउने (ग) उब्जाउ भुमि,डाँडापाखा र खनीजको वर्तमान अवस्था: वनविनास,रासायनिक मल र किटनासक बिषदीको प्रयोग,डोजर लगाएर जथाभावि बाटो खन्ने प्रवृत्ति,गिट्टी बालुवा र ढुङ्गाको बढ्दो उत्खनन्को बारेमा सामुहिक छलफल गर्दै तिनीहरुको संरक्षणका उपाय सुझाउने	प्रविधि	(ग) प्रश्नोत्तर गरेर (घ) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर (ङ) व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर (च) आत्मविश्वास पूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर (छ) प्रतिवेदन तयार गर्न लगाई त्यसको मूल्याङ्कन गर्न लगाएर	
३.संस्कार र संस्कृति	(क) दशैंको परिचय दिन र यसको पौराणिक प्रसङ्गको बारेमा बताउन (ख)स्थानीय क्षेत्रमा दशैं मनाउने तरिका बताउन (ग) बिजुलीकोटमा हुने दशैं(दुर्गा पुजा) र महानवमी मेलाको बारेमा बताउन (घ)दलितहरुको जन्म,मृत्यु,बिवाह र अन्य कार्यमा गरिने संस्कार र चालचलनको बारेमा बताउन	३.१ दशैं, बिजुलीकोटको महानवमी मेला ३.२ दलितहरुको संस्कार र संस्कृति	(क) दशैंको परिचय र पौराणिक प्रसङ्ग,बिजुलीकोटको नवरात्रि र महानवमी मेला (ख) दलितहरुको जन्म,मृत्यु,बिवाह र अन्य संस्कार	(क) दशैंको बारेमा बिद्यार्थीको बुझाइ र अनुभवको प्रस्तुति सहित परिचयात्मक छलफल गर्ने/गराउने (ख) दशैंको पौराणिक प्रसङ्ग र यसका बिशैषताहरुको बारेमा छलफल गर्नेक (ग) बिजुलीकोटको महानवमी मेलाको भिडियो प्रदर्शन गनै , महानवमी मेलामा बिजुलीकोट गएका बिद्यार्थीहरु भए उनीहरुको अनुभव सुनाउन लगाउने र मेलाको बारेमा छलफल गर्ने (घ) दशैंको प्रतिपदा देखि नवमी सम्म बिजुलीकोटमा हुने नवदुर्गापुजा,दशमीको दिनको टीका र एकादशीको सरायँको बारेमा छलफल गर्ने र गराउन (ङ) बिजुलीकोटको बारेमा जानकार बुढापाकालाई बिद्यालयमा आमन्त्रण गरी बताउन लगाउने (च) दलितहरुको जन्म संस्कार , मृत्यु संस्कार,विवाह प्रक्रियाको बारेमा छलफल गर्ने;विशेष गरी दलित विद्यार्थीहरुलाई उनीहरुको घर तथा समुदायमा बच्चा जन्मिदा , मानिसको मृत्यु हुँदा ,बिबाह गर्दा र अन्य अवसरमा के कस्ता कर्म गरिन्छन्े; सोको बारेमा बताउन लगाउने (छ)स्थानीय दलित सँस्कृतिका जानकार व्यक्तिलाई बिद्यालयमा बोलाएर दलित सँस्कृतिको बारेमा थप प्रष्ट पार्न लगाउने	(क) बिजुलीकोट को फोटो,वृत्तचित्र,भिडियो	(क) दशैंको परिचय दिन र यसको पौराणिक प्रसङ्ग बताउन लगाउने (ख) बिजुलीकोटको महानवमी मेलाको बिशेषता प्रस्तुत गर्न लगाएर (ग) आश्विन शुक्ल प्रतिपदादेखि एकादशी सम्म बिजुलीकोटमा हुने दैनिक कार्यको सूचि बनाउन लगाएर (घ) दलितहरुको जन्म , मृत्यु र विवाह संस्कारको बारेमा परियोजना कार्य दिई प्रतिवेदन तयार गर्न लगाएर	१५ घन्टी
४.ऐतिहासिक र पर्यटकीय स्थल	(क) छापदेखि ऐरावतीसम्मका झिमरुक नदी र यस आसपासका	४.१ झिमरुकको तिरैतिर ४.२ माडीको तिरैतिर	(क) झिमरुक नदी र यस आसपासका रमणीय तथा अनौठो स्थान तथा क्षेत्र चुना, बरौलाफाँट, भर्वु, रकसा,कडकुरा, रेङ्र, छेडा,	(क) छापदेखि ऐरावतीसम्मको झिमरुकको नदी र त्यस आसपासका रमणीय स्थान र अनौठा प्राकृतिक संरचनाहरु कहाँ कहाँ के के र कुन कुन होलान् भन्ने प्रसङ्गसहित छलफल गरी त्यस्ता स्थान तथा	(क) सूचीकृत चार्ट (ख) श्रव्यदृश्य	(क) कक्षाकार्यमा सहभागिता र सक्रियताको आधारमा मूल्याङ्कन गर्ने	१४ घण्टी

	मुख्य मुख्य पर्यटकिय स्थल चिन्न र तिनीहरुको विशेषता बताउन (ख) कोलबाङ फेदीदेखि ऐरावतीसम्मको माडी नदी र यस आसपासको मुख्य मुख्य पर्यटकिय स्थल चिन्न र तिनीहरुको विशेषता बताउन		बंशारी ,डाब्र , ऐरावती (ख) माडी र यस आसपासका रमणीय तथा अनौठा स्थान तथा क्षेत्र	प्राकृतिक संरचनाहरु पहिचान गर्ने र तिनीहरुको सूची बनाउने (ख) त्यस्ता स्थानहरुको भ्रमण अनुभव भएमा विद्यार्थीहरुलाई सुनाउन लगाउने (ग) झिकरुक नदी र त्यस आसपासका त्यस्ता स्थानहरु र तिनिहरुका विशेषता समेटिएको सूचिकृत चार्ट प्रदर्शन गरी छलफल गर्ने (घ) झिमरुक नदी र यस आसपासका रमणिय र अनौठा संरचनायुक्त स्थानहरुलाई समेटेर तयार पारिएको वृत्तचित्र वा भिडियो प्रदर्शन गर्ने (ङ) विद्यार्थीहरुलाई स्थलगत अवलोकन भ्रमण लैजाने र ती स्थानहरुको बनावट र पर्यटकिय महत्वको बारेमा उनीहरुको अनुभव सहितको प्रतिवेदन तयार गर्न लगाउने (च) कोलबाङफेदी देखि ऐरावती सम्मको माडी नदी र त्यस आसपासका रमणीय र अनौठा प्राकृतिक संरचनाहरुको बारेमा छलफल गर्ने र विद्यार्थीले देखेजानेका वा सुनेजानेका कुराहरुलाई समावेश गरी त्यस्ता स्थान र तिनीहरुको विशेषता सहितको सूची तयार गर्ने (छ) माडी नदी र त्यस आसपासका त्यस्ता स्थानहरुको सूचीकृत चार्ट प्रदर्शन गरी तिनीहरुको बनावट र विशेषताको बारेमा छलफल गर्ने (ज) माडी नदी र त्यस आसपासको रमणीय स्थान तथा क्षेत्रलाई समेटेर तयार गरिएको वृत्तचित्र वा भिडियो प्रदर्शन गर्ने (झ) विद्यार्थीहरुलाई माडी नदीको कोलबाङफेदी देखि ऐरावती सम्मको स्थलगत अवलोकन भ्रमण गराइ त्यहाको बनावट र विशेषताको बारेमा अनुभव सहितको प्रतिवेदन तयार गर्न लगाउने	सामग्री	(ख) झिमरुक नदी र त्यस आसपासका रमणीय स्थान र तिनीहरुको विशेषता भन्न लगाएर (ग) भिडियोमा देखेका दृश्यहरुको समिक्षा गर्न लगाएर (घ) भ्रमण प्रतिवेदन लेख्न लगाइ त्यसको जाँच गरेर (ङ) माडी नदी र त्यस आसपासका रमणिय स्थान र तिनीहरुको विशेषता बताउन लगाएर (च) झिमरुक नदी र माडी नदीका बारेमा निबन्ध लेख्न लगाएर (छ) सिकाइको सिर्जनात्मक प्रस्तुति गर्न लगाएर	


५.पेसा उद्यमशीलता र प्रविधि	(क) स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय सम्बन्धी जानकारी दिन (ख) स्थानीय परम्परागत प्रविधिहरूवाट उत्पादीत वस्तुहरूको परिचय दिन (ग) घरपालुवा जनावरको परिचय दिन ।	५.१ स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय ५.२ घरपालुवा जनावर	(क)स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय(जस्तै: बाँस तथा निगालोमा आधारित चोयाचित्राको काम, फर्निचर उद्योग, आरन व्यवसाय,मादल निर्माण,ठेका कुदाइ,पशुपालन डकर्मी, सिकर्मी, कपडा बुनाइ) सम्बन्धी जानकारी (ख) स्थानीय परम्परागत प्रविधिहरूवाट उत्पादीत वस्तुहरूको परिचय (जस्तै: हसिया,कोदालो,मुसेरी,ओद्राक,मादल, दमाहा,ठेका) (ग) घरपालुवा जनावरहरु (गाई, बाखा, भैँसी, कुखुरा,हाँस)को परिचय, महत्व र आवश्यकता	(क) स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय -निगालो, बाँस उद्योग, फर्निचर उद्योग, आरन व्यवसाय, मादल निर्माण,ठेका कुदाइ) सञ्चालनमा रहेको ठाउँमा लगेर अवलोकन गराउने र सम्बन्धित व्यक्तिसँग उक्त उद्योगले उत्पादन गर्ने सामग्रीहरूका उपयोगिताबारे छलफल गर्न लगाउने (ख) स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय सम्बन्धि वृत्तचित्र प्रस्तुत गरी यसले हाम्रो समाजमा पार्ने प्रभावका बारे छलफल गर्न लगाउने (ग) स्थानीय परम्परागत सिप र प्रविधिवाट उत्पादीत वस्तुहरूको सूचीसहित त्यसको उपयोगबारे प्रतिवेदन तयार गर्न लगाउने (घ) घरपालुवा जनावरको परिचय, महत्व र आवश्यकताबारे छलफल गर्ने (ङ) घरपालुवा जनावर भएको फार्म हाउसहरूको अवलोनक भ्रमण गराउने र विज्ञ तथा पशुपालकसँग अन्तरक्रिया गराउने	(क)स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय सँग सम्बन्धित वृत्तचित्र, पोस्टर, तालिम सामग्री (ख)घरपालुवा जनावर र चराहरूका चित्र,चार्ट, पोस्टर तथा तस्विरहरू	(क) विद्यालय नजिकैको कुनै एक स्थानीय उद्योगको अवलोकन अध्ययन भ्रमण गरी उक्त उद्योगको परिचय, उत्पादित वस्तुको उपयोगिता समेटी प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने (ख) विद्यार्थीहरूको प्रस्तुतिको अवलोकन मूल्याङ्कन गर्ने (ग) घरपालुवा जनावरको महत्व लेख्न लगाउने	१६ घन्टी
६.स्वास्थ्य र सरसफाइ	(क) शरीरमा पानीको सहि मात्राबारे बताउन र दैनिक रूपमा सही मात्रामा पानी पिउन (ख) रेसा, बोक्रा र चोकरको महत्व बताउन र प्रयोग गर्न (ग)प्राणायामको परिचय दिन, महत्व बताउन र अभ्यास गर्न	६.१ पानी पिउने सही मात्रा र तरिका, ६.२ भोजनमा रेसा,बोक्रा र चोकरको महत्व, ६.३ प्राणायामको परिचय, महत्व र अभ्यास	(क) शरीरमा पानीको सही मात्रा र तरिका (ख) रेसादार,बोक्रा भएको र चोकर भएको खानेकुराको परिचय र महत्व (ग) प्राणायामको परिचय र महत्व (घ) प्राणयामको अभ्यास (भस्त्रीका, भ्रामरी,कपालभाती,अनुलोम विलोम)	(क) शरीरलाई आवश्यक पर्ने पानीको मात्रा , पानी पिउने समयतालिका र तरिकाको बारेमा श्रव्यदृश्य सामग्री समेतको प्रयोग गरी छलफल गर्ने (ख) शरीरमा पानी न्यून वा अधिक हुँदा के कस्तो असर पर्छ उदाहरणसहित छलफल गर्ने (ग) रेसा, बोक्रा र चोकर हुने अन्न, फलफूल र तरकारी के के हुन सूचि बनाउन लगाउने (घ) रेसा,बोक्रा र चोकर भएको र नभएको खानेकुराको महत्वको बारेमा छलफल गराउने (ङ) प्राणायामको परिचय दिने र महत्व बताउने (च) स्थानीय विज्ञको सहायतामे प्रणायामका प्रकारका बारेमा प्रश्नोत्तर अन्तरक्रिया र अभ्यास गराउने (छ) भस्त्रीका,भ्रामरी,कपालभाती र अन्तरलोम विलोमको भिडियो प्रदर्शन गरी अभ्यास गराउने	(क) पानी पिउने तालिका, श्रव्यदृश्य सामग्री (ख) रेसा, बोक्रा र चोकर हुने अन्न, फलफूल र तरकारी (ग) रेसा, बोक्रा र चोकर हुने अन्न, फलफूल र तरकारीको वास्तविक वस्तु (घ) प्राणायामको चार्ट, पोस्टर,	(क) शरीरमा पानीको सही मात्राबाट र तरिकाबाट शरीरमा पारेको असर सोध्ने (ख) रेसादार खाना, बोक्रा भएको खाने कुरा र चोकरको के महत्व छ, लेख्न लगाउने (ग) प्राणायामको अर्थ र महत्व लेख्न लगाउने (घ) प्राणायामको अभ्यास गर्न लगाइ अवलोकन गर्ने (ङ) व्यवहारको निरन्तर अवलोकन गर्ने	१२ घण्टी

					भिडियो, पावर प्वाइन्ट स्लाइड		
७.प्रकोप, वातावरण र हरित एवम् वालमैत्री विद्यालय	(क) विपद् जोखिम न्यूनीकरणको परिचय दिन	७.१ विपद्जोखिम न्यूनीकरण	(क)विपद्जोखिम न्यूनीकरणको परिचय (ख) स्थानीय स्तरमा रहेका विपद् जोखिमको पहिचान , आवश्यकता र महत्व	(क)विपद् जोखिमको परिचय, आवश्यकता र महत्वका बारेमा प्रस्तुति, छलफल, चित्र, पोस्टर र श्रव्यदृश्यका सामग्रीमार्फत स्पस्ट पारिदिने (ख) स्थानीय स्तरमा रहेका सम्भावित जोखिमको सूची प्रस्तुत गरी किन जोखिम भनिएको हो स्पष्ट पारिदिने (ग)सम्भावित विपद् जोखिम न्यूनीकरण गर्न अपनाउनुपर्ने प्रक्रियाका बारेमा छलफल गराउने	(क) चित्र, पोस्टर, चार्ट पेपर र (ख) श्रव्यदृष्यका सामग्री	(क) विपद्जोखिम न्यूनीकरण भन्नाले के बुझ्नुहुन्छ ? बताउन लगाउने (ख) स्थानीय स्तरमा प्रकोपबाट हुन सक्ने सम्भावित विपद्लाई न्यूनीकरण गर्न कस्ता उपाय अवलम्बन गर्न सकिन्छ ? त्यसको प्रतिवेदन तयार पार्न लगाउने (ग) विपद्जोखिमसँग सम्बन्धित शब्दावलीहरूको सूची तयार पार्न लगाउने	५ घण्टी
	(क) विद्यालयमा हरियाली प्रवर्धनका लागि सरिक हुन	७.२ विद्यालय हरियाली प्रवर्धन	(क) विद्यालयमा वृक्षरोपण/करेसाबारी/बँगैचा निर्माण आवश्यकता, महत्व (ख) विद्यालयमा हरियाली प्रवर्धद्धनका लागि क्षेत्र छनोट तथा विधिहरू	(क) विद्यालयमा वृक्षरोपण/करेसाबारी/बँगैचा निर्माणको परिचय, आवश्यकता, महत्वका बारेमा छलफल गराउने (ख) श्रव्यदृश्य सामग्री प्रयोग गरी हरित विद्यालयको भिडियो प्रदर्शन गर्ने (ग) विद्यालयमा हरियाली प्रवर्द्धनका लागि विद्यार्थीहरूको सहभागितामा क्षेत्र छनोट गराउने (घ) विद्यालयको आवश्यकता, ठाउँको उपलब्धता तथा विद्यार्थीहरूको रुचिका आधारमा हरियाली प्रवर्द्धनका विधिहरूको छलफलबाट कार्ययोजना बनाउने (ङ) तयार गरिएको कार्ययोजना बमोजिम उपयुक्त याममा वृक्षारोपण गर्ने (च) करेसाबारीको निमार्ण गरी तरकारी उत्पादन गर्ने (छ) फूलबारीको महत्व र आवश्यकताको बारेमा छलफल गर्ने (ज) समूह निर्माण गरी समूहगत रुपमा फूलबारी निर्माण गर्न लगाउने	(क) चित्र, पोस्टर, श्रव्यदृश्य सामग्री, चार्ट पेपर (ख)फलफूल , तरकारी र फूलका बेर्नाहरु	(क) विद्यार्थीलाई तिनओटा समूहमा विभाजन गरी पहिलो समूहलाई क्षेत्र छनोट, दोस्रो समूहलाई विद्यालयमा उपलब्ध क्षेत्र अनुसारको हरियाली प्रवर्धनका कार्य र तेस्रो समूहलाई हरियाली प्रवर्धन गर्न आवश्यक स्रोतको बारेमा अध्ययन प्रतिवेदन तयार पार्न लगाउने (ख) प्रत्येक विद्यार्थीलाई विद्यालयको वर्तमान अवस्था र हरियाली प्रवर्धन गरिएपछिको अवस्थाको बारेमा चार्ट पेपरमा तुलनात्मक चित्राङ्कन तयार पार्न लगाउने	७ घण्टी
	(क) वालमैत्री	७.३ वालमैत्री विद्यालय	(क) वालमैत्री विद्यालयको अवधारणा	(क) विद्यार्थीलाई आफ्नो विद्यालयका राम्रा र कमजोर पक्षहरुको सूचि बनाउन लगाउने,	(क) वृत्तचित्त, भिडियो,	(क) वालमैत्री विद्यालयको	३ घण्टी

	विद्यालयका विशेषताहरु बताउन (ख)आफ्नो विद्यालय वालमैत्री भए नभएको छुट्याउन (ग) वालमैत्री विद्यालयका मुख्य सूचकहरु बताउन		(ख) वालमैत्री विद्यालयका सूचकहरु	प्रधानाध्यापक तथा शिक्षकले आफूहरुलाई गर्ने मन पर्ने र मन नपर्ने व्यवहारको सूचि समेत बनाउन लगाउने (ख) वालमैत्री विद्यालयको अवधारणा बताउँदै वालमैत्री विद्यालयको अर्थ बोध गर्न लगाउने (ग) वालमैत्री विद्यालयको वृत्तचित्र अथवा भिडियो प्रदर्शन गर्ने । (घ) वालमैत्री विद्यालयका मुख्य मुख्य सूचकहरुलाई पावर प्वाइन्टबाट प्रस्तुत गर्ने र छलफल गर्ने	(ख) पावर प्वाइन्ट स्लाइड	अवधारणाको बारेमा विद्यार्थीको धारणा मागेर (ख)वालमैत्री विद्यालयका विशेषता लेख्न लगाएर (ग)आफ्नो विद्यालयका सकारात्मक र नकारात्मक सूचकहरु खोज्न लगाएर (घ) प्रश्नोत्तर गराएर (ङ) परियोजना कार्य दिएर	
८.हाम्रो विगत	(क) पहिले पहिले हुने यज्ञ,पुजापाठ भजनकिर्तन र धर्मकर्मको बारेमा बताउन (ख) उहिलेको मनोरञ्जनको माध्यम रामरस र झाम्रे गीतको परिचय दिन (ग) पहिलपहिलेको केटी माग्ने र विवाह गर्ने विधि पद्धति बारे परिचित हुन	उहिलेका कुरा ८.१ आजा पुजा ८.२ स्वस्थानी व्रत र भजन किर्तन ८.३ रामरस ८.४ विवाह र जन्तेबाखो	(क) आजापुजा(श्रीमद्भागवत महापुराण,सप्ताह,देविभागवत,लक्षवत्ति, सत्यनाराण,रुद्री) (ख) स्वस्थानीब्रत, भजनकिर्तन (ग) रामरस, झाम्रे गीत(लोक गीत) (घ) बिबाह,जन्तेबाखो	(क)पहिलेका मानिसहरुको धार्मिक आस्थाको बारेमा छलफल गर्ने र उनीहरुले लगाउने पुजापाठको बारेमा बताइदिने (ख) श्रीमद्भागवत महापुराण ,सप्ताह, देवीभागवत, लक्षवत्ति,सत्यनारायण र रुद्री पुजाका भिडियो प्रदर्शन गर्ने (ग)स्वस्थानी व्रत बस्ने तरिका,परम्परा र महत्वको बारेमा छलफल गराउने (घ) स्वस्थानी ब्रतका बारेमा स्थानीय बिज्ञसँग छलफल गराउने (ङ) स्वस्थानी ब्रतकथाको श्रव्य सामग्री सुनाउने (च) भजनकिर्तनको परिचय दिई भजनकिर्तन गाउने र गाउन लगाउने,पुजापाठ सँगसँगै र त्यसको समापन पछि गाइने देवीदेवताको महिमायुक्त लयात्मक गीत भजन तथा किर्तन भएको कुराको बोध गराउने (छ) भजन तथा किर्तनका भिडियो प्रस्तुत गर्ने (ज) स्थानीय भजन तथा किर्तन गायकलाई विद्यालयमा बोलाएर भजन तथा किर्तन गाउन लगाउने (झ) पहिलेपहिलेको बिबाह गर्ने तरिकाको बारेमा छलफल गर्ने गराउने,जन्तेबाखोलाई अहिलेको बिबाह भोज सँग तुलना गरी थप स्पष्ट पारिदिने	(क) वृत्तचित्र, श्रव्य तथा श्रव्यदृष्य सामग्री, (ख) स्वस्थानी ब्रतकथा पुस्तक, (ग)डम्फू ,खैजडी, मुजुरा,कठताल, हार्मोनियम	(क) पहिलेपहिले गरिने धार्मिक कार्यहरुको सूचि बनाउन लगाउने (ख) प्रत्येक यज्ञको सामान्य परिचय दिन लगाउने (ग)स्वस्थानी ब्रत कहिले र कसरी गरिन्छ , भन्न लगाउने (घ) गाउँका बृद्धापाकाहरुबाट पुराना गीतका भाका र टुक्का टिपोट गरी ल्याउन र गाउन लगाउने गरी परियोजना कार्य दिने (ङ) बिवाहको परम्परागत प्रक्रियाको बारेमा बताउन लगाउने	८ घण्टी
९.जीवनमार्ग	(क) कार्ययोजनाको अर्थ र अवधारणा बताउन (ख) आफ्नो वार्षिक कार्ययोजना निमार्ण गरी त्यसलाई कार्यान्वयन गर्न	९.१ कार्ययोजना	(क) कार्य योजना निर्माण र कार्यान्वयन	(क) कार्ययोजनाको अर्थ परिभाषा र यसको अवधारणाको बारेमा छलफल गर्ने, योजना विनाको जीवन कुहिरोको कागजस्तै गन्तव्य विहिन हुने ; योजनालाई जीवनको गन्तव्यमा पुग्ने मार्ग तथा कार्ययोजनालाई उक्त मार्गमा राखिएको सडक बत्ती सँग तुलना गर्दै कार्ययोजनाको अर्थ र महत्व बोध गराउने (ख)प्रत्येक विद्यार्थीलाई निम्नानुसारको ढाचाँमा आ-आफ्नो वार्षिक कार्य योजनाको नमूना बनाउन लगाउने, यसको लागि शिक्षकले आवश्यक सहजीकरण गर्ने क्र.स | के गर्ने | कहिले | मुख्य | आवश्य | आवश्य | कैफियत	(क) कार्य योजना फारामको नमूना	(क) कार्ययोजनाको अर्थ परिभाषा र अवधारणाको बारेमा प्रश्नोत्तर गरेर (ख) वार्षिक कार्ययोजना निमार्ण गर्न लगाई त्यसको निरिक्षण गरेर (ग) योजना कार्यान्वयन गर्न लगाएर (घ) कार्ययोजनाको कार्यान्वयन भए नभएको बारेमा निरन्तर अनुगमन गरेर (ङ) अभिभावकसँग	२ घण्टी

				<table><tr><td></td><td></td><td>गर्ने</td><td>जिम्मेवार व्यक्ति</td><td>क स्रोत</td><td>क सहयोग</td><td></td></tr><tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table> प्रत्येक वर्षको बैशाख १ गते आ आफ्नो वार्षिक कार्ययोजना बनाएर आफ्नो सुत्ने कोठाको भित्तामा देखिने गरी टाँस्ने र त्यसलाई कार्यान्वयन गर्न निर्देशन दिने । यसरी बनाएको योजनाको एक प्रति विद्यालयमा विद्यार्थीको कार्यसञ्चयिकामा राख्ने र शिक्षकले निरन्तर अनुगमन गर्ने		सोधपुछ गरेर	
	(क)आत्म अनुशासनको अर्थ बताउन र यसको महत्व बोध गर्न (ख) आत्म अनुशासन प्राप्त गर्ने उपायहरु बताउन र अवलम्बन गर्न (ग) सदाचारिताको अर्थ बताउन र महत्व बोध गर्न (घ) सदाचारिताका विशेषता बताउन र अवलम्बन गर्न	९.२ नैतिक आचरण	(क) आत्म अनुशासन र सदाचारिता	(क) छलफल एवंम् अर्न्तक्रिया द्वारा आत्म अनुशासनको अर्थ बोध गराउने ; केबल इच्छाशक्ति प्रयोग गरेर क्रम र स्थिरताका साथ व्यक्तिगत रुपमा लागु नियमहरु पालना गर्न सक्ने क्षमता नै आत्मअनुशासन हो भन्ने निश्कर्षमा पुग्ने (ख) सफल र विश्व प्रशिद्ध व्यक्तिहरुको प्रेरक प्रसङ्ग सहित आत्म अनुशासनको महत्व बोध गराउने (ग) आत्म अनुशासन प्राप्त गर्ने उपायहरुको बारेमा चरणबद्ध छलफल गर्ने (घ) आत्म अनुशासन प्राप्त गर्न सबै विद्यार्थीलाई दृढ संकल्प गर्ने लगाउने र निरन्तर रुपमा अभ्यास गर्ने / गराउने ताकी यो बानीमा परिणत होओस (ङ) सदाचारिताको बोध गराउन सान्दर्भिक भिडियो प्रदर्शन गर्ने (च) सदाचारिताको बोध गराउने कथा,प्रसिद्ध व्यक्तिका जीवन कथा वा अन्य प्रेरक प्रसङ्ग सुनाउने (छ) सदाचारिताको महशूसीकरण क्रियाकलाप गराउने (ज)सदाचारिताका विशेषताहरुको बारेमा छलफल गर्ने (झ)सबै विद्यार्थीहरुलाई सदाचारी बन्न संकल्प गराउने र व्यवहारको निरन्तर अनुगमन गर्ने	(क) पावर प्वाइन्ट स्लाइड (ख) भिडियो	(क) प्रश्नोत्तर गर्ने (ख) आत्म विश्वासपूर्ण प्रस्तुती र प्रदर्शित व्यवहारको अवलोकन गरेर (ग)व्यवहारको निरन्तर अनुगमन गरेर (घ) सदाचार र दुराचारलाई चिन्न र छुट्याउन लगाएर (ङ) वक्तृत्वकलाको आयोजना गरी त्यसको लेखाजोखा गरेर	४ घण्टी
	(क) जीवन उपयोगी सीपको अर्थ र परिभाषा बताउन (ख) आत्म जागरणको परिचय दिन , आत्म जागरण सीपको	९.३ जीवन उपयोगी सीप	(क) आत्मजागरण (ख)परानुभूति (ग) प्रभावकारी सञ्चार	(क) जीवन उपयोगी सीपको बारेमा छलफल र सम्वाद गर्ने , जीवन उपयोगी सीपको अर्थ थाहा नपाइकनै विद्यार्थीले दैनिक रुपमा गर्ने व्यवहारहरुमा प्रयोग भैरहेका जीवन उपयोगी सीपहरुको उदाहरण प्रस्तुत गर्ने,शिक्षकले जीवन उपयोगी सीपको परिचय र महत्वको बारेमा थप कुराहरु बताउने,दशवटा महत्वपूर्ण जीवन उपयोगी	(क) गलबन्दी, बर्की , चकलेट (ख) ह्वाइट पेपर ,न्युजप्रिन्ट पेपर (ग) श्रव्यदृश्य सामग्री	(क) प्रश्नोत्तर गर्ने (ख) कक्षाक्रियाकलापको लेखाजोखा गर्ने (ग) खेल प्रदर्शनको अवलोकनको आधारमा लेखाजोखा गर्ने (घ) महशूसीकरण भए	६ घण्टी

	विकास गर्न र आफ्नो जीवनमा यसको उपयोग गर्न (ग) परानुभूतिको अर्थ बताउन , परिचय दिन र परानुभूति सीपको विकास गरी अरुको समस्या सुख दुःख,पीडा , पिरमर्का बुझ्न र उपयुक्त व्यवहार गर्न (घ) प्रभावकारी सञ्चारको परिचय दिन , प्रभावकारी सञ्चार सीपको विकास र प्रयोग गर्न			सीपहरुको नाम र तिनीहरुको सामान्य अर्थको बारेमा छलफल गर्ने (ख)आत्मजागरणको परिचयात्मक छलफल गर्ने, यसका फाइदा र तरिकाको बारेमा समूहकार्य गराउने र मुख्य कुराहरु बताउने (ग) आफुलाई माया गर्ने क्रियाकलाप गराउने (घ) कम्तिमा दुईजना विद्यार्थीलाई कक्षा बाहिर पठाइ ढुङ्गा , पात वा फूल लिन लगाएर आफ्ना राम्रा र नराम्रा ५/५ वटा आनीबानी भन्न लगाएर आत्मजागरण गराउने (ङ) आत्मजागरण सम्बन्धित गीत गाउने,नाच्ने र नचाउने (च) परानुभूतिको अभिनय र प्रत्यक्ष उदाहरणसहित यसको परिचयात्मक छलफल गर्ने,यसको अर्थ र परिभाषाको बोध गराउने,आफूलाई परे कस्तो कस्तो अरुलाई परे सस्तो उखानको व्याख्या गर्ने (छ) आमाबाबुको दुःख बुझ्ने र महशुसीकरण गराउने (ज) दुःखको कथा सुनाउने ,कथा कस्तो लाग्यो? यो कथा तपाईको आफ्नै भएको भए के गर्नुहुन्थ्यो भनी प्रश्न गर्ने र छलफल गर्ने, आफुलाई अर्काको ठाउँमा राखेर हेर्ने बारेमा छलफल गर्ने (झ) अपाङ्गताको खेल खेलाउने (एकजनाको आखाँमा पट्टी बाधीदिने, एकजनाको जनाको दुबै हात पछाडी लगेर बाधी दिने, एकजनाको दुबै हात र खुट्टा बाधीदिने, एकजनाको दुबै खुट्टा बाधिदिने,र अर्को एकजनालाई खुला छोडिदिने, त्यसपछि भुईमा चकलेट छरेरर सबैलाई टिप्न लगाउने, टिपेर भ्याईसकेपछि कसले कति वटा टिपे ,क-कसलाई कस्तो अनुभूति भयो ? भनी छलफल गर्ने (ञ) परानुभूति र परानुभूति गर्ने तरिकाको बारेमा समूहकार्य गर्ने/ गराउने (ट) चिठि आयो, चिठि आयो खेल खेलाउने (ठ) चिठि लेख्ने अभ्यास गराउने (ल्याउने वस्तुको विस्तृत सूचना चाहिने र विषयवस्तु केन्द्रित हुनुपर्ने कुराको बोध गराउने) (ड)अभिनय तथा इसारा खेल खेलाउने (एकैपटक मात्र र दोहोऱ्याई दोहोऱ्याई दुबै किसिमले) (ड) लामो वाक्य र छोटो वाक्यको खेल खेलाउने ढ) आफ्ना पीरमर्का र आफुलाई परेका भावनाहरु पोख्नको लागि पाचँवटा घेरा बनाउन लगाउने		नभएको अवलोकन गरी त्यसको आधारमा गर्ने (ङ) परियोजना कार्य दिई प्रतिवेदन जाँचको आधारमा मूल्याकंन गर्ने (च) गृहकार्य जाचँको आधारमा मूल्याङ्कन गर्ने (छ) व्यवहारको निरन्तर अवलोकनको आधारमा मूल्याङ्कन गर्ने	

						
१०.स्थानीय सामाजिक सवाल	(क) घरमा हुनुपर्ने वालमैत्रि व्यवहारको बारेमा बताउन (ख) यौन दुर्व्यहार हुन नदिन अभिभावकले चाल्नुपर्ने कदमहरु बताउन (ग) दुर्व्यहार भएमा अभिभावकले गर्नुपर्ने कामहरु बताउन	१०.१ सुरक्षा	दुर्व्यहार नियन्त्रणमा पारिवारीक दायित्व	(क) अभिभावकले वालवालिकाहरुप्रति गर्नुपर्ने नमूना व्यवहारको भिडियो प्रदर्शन गर्ने (ख) घरमा वालवालिकाहरु प्रति हुने गरेका व्यवहारको बारेमा छलफल गर्ने, त्यसपछि घरमा हुनुपने वालमैत्री व्यवहारको बारेमा छलफल गर्ने र तिनिहरुको सूची बनाउने (ग) दुर्व्यहार हुन नदिन अभिभावकले गर्नुपर्ने कामहरुको बारेमा छलफल गरी तिनीहरुको सूची बनाउने लगाउने (घ) यौन दुर्व्यहारको नियन्त्रण गर्न अभिभावकले गर्नुपर्ने कामहरुको बारेमा छलफल गर्ने र ती कामहरु पहिचान गरी तिनीहरुको सूची बनाउने (ङ) दुर्व्यहार नियन्त्रणमा पारिवारिक दायित्व बोध गराउने गरी लघुनाटक प्रदर्शन गर्ने (च) दुर्व्यहार भएमा अभिभाबकले गर्नुपर्ने कामहरुको बारेमा छलफल गरी सूची बनाउने, विद्यालयमा गरिएको छलफल र निश्कर्ष घरमा गएर अभिभावकलाई सुनाउने र गर्न अनुरोध गर्ने (छ) विद्यालयमा अभिभाबक बोलाएर दुर्व्यहार नियन्त्रणमा अभिभाबको दायित्व विषयक कार्यशाला गोष्ठीको आयोजना गर्ने	(क) भिडियो, (ख)साइनपेन,कार्डबोर्ड पेपर	(क) घरमा हुनुपने वालमैत्री व्यवहारको बारेमा बताउन लगाउने (ख) दुर्व्यहार हुन नदिन अभिभावकले गर्नुपर्ने कामहरुको सूची बनाउन लगाउने (ग) दुर्व्यहारपछि अभिभावकले गर्नुपर्ने काम पहिचान गर्न लगाउने (घ) अभिभावकसँग छलफल गरी ल्याइएको निचोड प्रस्तुत गर्न लगाउने	४ घण्टी

	(क) स्थानीय क्षेत्रमा जुवातासको अवस्था बोध गर्न , यसको कारण र परिणाम बताउन (ख) जुवातास नखेल्न र यसको नियत्रणमा भूमिका खेल्न (ग) स्थानीय क्षेत्रमा मद्यपानको अवस्था बोध गर्न , यसको कारण र परिणाम बताउन (घ) मद्यपान सेवन नगर्न र यसको नियन्त्रणमा भूमिका खेल्न	१०.२ जुवातास र मद्यपान	(क) जुवातास कारण परिणाम र नियन्त्रणका उपायहरु (ख) मद्यपान कारण परिणाम र नियन्त्रणका उपायहरु	(क) स्थानीय क्षेत्रमा भएका जुवातासको उदाहरण दिई यसको अवस्थाको बारेमा छलफल गर्ने, (ख) जुवातास खेलिने समय ,स्थान, र त्यसमा हुने रकमको कारोबारको बारेमा बताउने (ग) जुवातास खेलिनुका कारणहरु यसले निम्त्याउने परिणमको बारेमा छलफल गरी यो एउटा सामाजिक विकृति भएको र यसलाई नियन्त्रण गर्न आवश्यक रहेको बोध गराउने । (घ) जुवातास नियन्त्रणका उपायहरुको बारेमा छलफल गरी सूची बनाउने , यसमा विद्यार्थीको भुमिकाको बारेमा थप चर्चा गर्ने (ङ) जुवातास र मद्यपान विरुद्धका भिडियो प्रदर्शन गर्ने,गीत बजाउने र सन्देश सुनाउने (च) मद्यपानको अर्थ बताउदै स्थानीय क्षेत्रमा मद्यपानको अवस्थाको बारेमा छलफल गर्ने (छ) मद्यपानका कारण र यसले निम्ताउने परिणामको बारेमा अन्तरक्रिया तथा छलफल गरी कारण र परिणामहरुको सूची बनाउने (ज) विद्यार्थीहरुलाई मदिरापान नगर्न र यसको नियन्त्रणमा भूमिका खेल्न प्रतिबद्ध गराउने (झ) मदयपान सेवनको अभिनय गर्न लगाउने र यसका असरहरुको बोध गराउने (ञ) मद्यपान सम्बन्धी सन्देशमूलक नाटकको तयारी गरी प्रदर्शन गर्ने	(क) चित्र,फोटो, ब्यानर , प्लेकार्ड, न्युज प्रिन्ट कागज (ख)पावरप्वाइन्ट, भिडिया	(क) स्थानीय क्षेत्रमा जुवातासको अवस्था कस्तो छ ? भनी प्रश्न गर्ने (ख) जुवातास खेलिनुका कारण र यसबाट हुने हानीको बारेमा घटना अध्ययन गर्न लगाउने (ग) स्थानीय क्षेत्रमा जुवातास खेलिनुका कारण र यसबाट परेका असरहरु खोजी गर्न परियोजना कार्य गर्न लगाउने (घ) जुवातास नियन्त्रणका उपायहरु खोज्ने (ङ) मद्यपान सेवनको कारण र यसबाट पर्ने असरहरुको बारेमा परियोजना कार्य गर्न लगाउने (ङ) मद्यपान नियन्त्रणका उपायहरु पहिचान गर्न लगाउने (छ) व्यवहारको निरन्तर अवलोकन गर्ने (ज) जुवातास र मद्यपान बीचको सम्बन्ध खोज्न लगाउने	६ घण्टी
	(क)घरेलु हिंसाको परिचय दिन (ख)स्थानीय क्षेत्रमा हुने गरेका घरेलु हिंसाको पहिचान गर्न (ग) घरेलु हिसाका कारण पहिचान गर्न र असरहरु बताउन (घ) घरेलु हिंसा न्युनीकरण गर्ने उपायहरु बताउन र अवलम्बन गर्न	१०.३ घरेलु हिंसा	(क) घरेलु हिंसा: परिचय,कारण,असर र न्यूनीकरणका उपायहरु	(क) घरेलु हिंसा जनाउने/देखाउने कोडको प्रस्तुति गर्ने;यसका लागि कथा,कविता,गीत वा सान्दर्भिक भिडियो प्रस्तुत गर्ने (ख) घरेलु हिंसाको परिचयात्मक छलफल गर्ने;छलफलकै माध्यमबाट घरेलु हिंसाको परिभाषा बनाउन लगाउने;पावरप्वाइन्टको प्रयोग गरी घरेलु हिंसाको परिचय दिने र परिभाषा बताउने (ग) स्थानीय क्षेत्रमा हुने गरेका घरेलु हिंसाको बारेना छलफल गरी यसको अवस्था बोध गराउने (घ) समूह निर्माण गरी घरेलु हिंसा के कारणले हुन्छ भनी प्रश्न गरेर उत्तर माग गर्ने । सबै समूहका उत्तरहरुलाई एकिकृत गरी आवश्यक थपघट गरेर कारण पहिचान गर्ने । फेरि समूहमै यसका असरहरु के के हुन्छन् भनी प्रश्न राखेर उत्तर माग गर्ने । प्राप्त असरहरुलाई एकिकृत गरी आवश्यक थपघट गरेर अन्तिम रुप दिने (ङ) घरेलु हिंसा न्युनीकरणका उपायहरुको बारेमा	(क) चित्र,फोटो, ब्यानर , प्लेकार्ड, न्युज प्रिन्ट कागज (ख)पावरप्वाइन्ट, भिडियो	(क) घरेलु हिंसा भनेको के हो ? बताउन लगाउने । (ख) स्थानीय क्षेत्रमा हुने गरेका घरेलु हिंसाको सूची बनाउन लगाउने । (ग) घरेलु हिंसाका कारण पत्ता लगाउन लगाउने । (घ(घरेलु हिंसाबाट उत्पन्न हुने असरहरु बताउन लगाउने । (ङ) घरेलु हिंसा नियन्त्रण गर्ने उपायहरु लेख्न लगाउने । (च) घरेलु हिंसा: कारण,असर र	

				छलफल गरी समूहगत धारणा माग गर्ने । प्राप्त धारणालाई एकीकृत गरी त्यसमा थपघट गरेर त्यसलाई अन्तिम रुप दिने (च) पावरप्वाइन्ट प्रस्तुत गरी घरेलु हिंसाको परिचय , परिभाषा , यसको स्थानीय अवस्था , कारण , असर र न्युनीकरणका उपायहरुको बोध गराउने (छ) घरेलु हिंसा सम्बन्धी सान्दर्भिक भिडियो प्रदर्शन गर्ने (ज) विद्यार्थीहरुलाई प्लेकार्ड सहित घरेलु हिंसा बिरुद्धको ज्यालीको आयोजना गरी विद्यालय र यस वरिपरिको क्षेत्र परिक्रमा गराउने		न्येनीकरणका उपायहरु बिषयमा वक्तृत्वकला प्रतियोगिता गराउने (छ) स्थानीय क्षेत्रमा हुने गरेका घरेलु हिंसा पहिचान गरी तिनीहरुको कारण तथा असरहरु पत्ता लगाउन र त्यसलाई नियन्त्रण गर्ने उपाय सुझाउन परियोजना कार्य दिने ।	

कक्षा ७

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामग्री	मूल्याङ्कन प्रक्रिया	पाठ्यभार
१.हाम्रो गाउँपालिका	(क) स्थानीय स्रोत पहिचान गरी तिनको सदुपयोग तथा संरक्षण गर्न (ख) स्रोत परिचालन,संरक्षण ा तथा संबर्द्धनका लागि गाउँपालिकाका नीति तथा कार्यक्रमहरुका बारेमा जानकारी हासिल गरी	१.१ स्थानीय स्रोत परिचालन र पर्यावरणीय प्रभाव १.२ स्थानीय तहमा उपलब्ध सेवाहरू १.३ स्थानीय जन प्रतिनिधि १.४ सार्वजनिक स्थल संरक्षण	(क) स्थानीय स्रोत(भिमरुक नदी,सामुदायिक वन) (ख)स्रोत परिचालन,संरक्षण तथा संबर्द्धनका लागि नगरका नीति तथा कार्यक्रमहरु (ग)स्रोत परिचालनले पर्ने प्रभाव(बालुवा,ढुङ्गाखानी,कमेरो,रातोमाटो) (ख) स्थानीय स्तरमा उपलब्ध सेवाहरू (ग) वडाका निर्वाचित प्रतिनिधिहरू र तिनको जिम्मेवारी (घ) सार्वजनिक स्थल संरक्षण (पाटी पौवा, कुवा,पोखरी, धारो, चौतारो)	(क) स्थानीय तहमा उपलब्ध प्रमुख प्राकृतिक स्रोत तथा साधन समावेश गरिएको तालिका निर्माण गरी कक्षामा प्रस्तुत गर्ने र त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने (ख) प्रदर्शित तालिकाका आधारमा स्थानीय तहमा छुट भएका स्रोतसाधनको पहिचान गर्न लगाई थप गर्न लगाउने । कक्षा शिक्षणको अन्तमा अभिभावक तथा अन्य जानकार व्यक्तिसँग सहकार्य गरी वा विद्यार्थीको समूहले आफै खोज अनुसन्धान गरी स्थानीय प्राकृतिक स्रोत साधनका बारेमा परियोजना कार्य गर्न लगाउने र परियोजना कार्य गर्दा प्राकृतिक स्रोत तथा साधनको सदुपयोग तथा संरक्षण गर्ने विधि वा परम्परागत अभ्यास समेट्न उत्प्रेरित गर्ने ।	(क) सान्दर्भिक चित्र वा नक्सा (ख) सूचना प्रविधि (ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री	(क) विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर (ख) व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर (ग) प्रश्नोत्तर गरेर (घ) कक्षाकार्य तथा	१२ घन्टी

	त्यसको कार्यान्वयनमा सहयोग गर्न (ग) स्रोत परिचालनले पर्ने सकारात्मक तथा नकारात्मक प्रभाव विश्लेषण गर्न (घ) वडाका निर्वाचित प्रतिनिधिहरू र तिनको जिम्मेवारीका बारेमा जानकारी हासिल गरी सन्दर्भ र आवश्यकताका आधारमा सहयोग लिन र दिन (ङ) सार्वजनिक स्थल संरक्षणमा जनप्रतिनिधिलाई सेवा तथा सहयोग गर्न र लिन			(ग)नजिकको स्थानीय निकाय (वन कार्यालय,सम्बन्धित सरकारी कार्यालय,गाउँपालिका)अवलोकन तथा अध्ययन भ्रमण गरी स्रोत परिचालन,संरक्षण तथा संबर्धनका लागि गाउँपालिकाका नीति तथा कार्यक्रमहरुका बारेमा छलफल गर्ने । छलफलका क्रममा स्थानीय निकाय,स्थानीय जनसमुदाय र विद्यार्थीको भुमिका जिम्मेवारी र कर्तव्य पहिचान गर्ने तथा सो अनुसार दैनिक व्यवहार वा कार्य सम्पादन गर्न उत्प्रेरित गर्ने । (घ)विद्यार्थीलाई दुई समूहमा बाँडेर एक समूहले स्थानीय प्राकृतिक स्रोत परिचालनले पर्ने सकारात्मक प्रभावको सूची तथा अर्को समूहले नकारात्मक प्रभाव सूची निर्माण गरी कक्षामा प्रस्तुत गर्न लगाउने । उपलब्ध सूचीका आधारमा आ-आफ्नो पक्षमा तर्क गर्न लगाउने र प्रयोगको विश्लेषण गर्न लगाउने (ङ) स्थानीय स्तरमा उपलब्ध सेवाहरूका बारेमा जानकारी सङ्कलन गरी ती सेवाले गर्ने सहयोगको क्षेत्र तथा उपयोगको तरिकासँग सम्बन्धित सामग्री प्रस्तुत गरी अध्ययन गर्न लगाउने । यस क्रममा विषयवस्तुको जानकारी र प्रयोगसँग सम्बधित भई सूचना प्रविधिलाई प्रयोग गर्ने (च) नजिकेको वडा कार्यालयको भ्रमण गरी वडाका निर्वाचित प्रतिनिधिहरू परिचयात्मक कार्यक्रम सञ्चालन गर्ने (छ) स्थानीय जनप्रतिनिधिसँग छलफल गरी तिनको जिम्मेवारी, काम, कर्तव्य र अधिकारका बारेमा सोध्ने तथा त्यसलाई उपयोग गर्ने रणनीतिको तयारी गर्न लगाउने (ज) सार्वजनिक स्थल संरक्षणमा जनप्रतिनिधिलाई सेवा तथा सहयोग लिई गरिने नमुना अभ्यास गर्ने/ गराउने		परियोजना कार्यको परीक्षण गरेर (घ) व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर (ङ)आत्मविश्वास पूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर (छ) प्रतिवेदन तयार गर्न लगाई त्यसको मूल्याङ्कन गर्न लगाएर	
२.प्राकृतिक स्रोत र सम्पदा	(क) ऐरावती गाउँपालिका भित्रकासामुदायिक वनको परिचय दिन (ख)सामुदायिक वनको महत्व बुझी तिनको संरक्षण कार्यमा सक्रिय रहन (ग) स्थानीय वन्यजन्तु,	२.१ ऐरावती पालिका भित्रका सामुदायिक वन २.२ स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति २.३ स्थानीय जडीबुटी	(क) ऐरावती गाउँपालिका भित्रका सामुदायिक वन: परिचय, आवश्यकता र महत्व, संरक्षण (ख) स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति : नाम र स्वभाव (ग) स्थानीय जडीबुटी : नाम, उत्पादन, प्रयोगको क्षेत्र र संरक्षण	(क) विद्यार्थीलाई ऐरावती गाउँपालिका भित्रका सामुदायिक वनको सङ्ख्या, अवस्था र महत्वका बारेमा अनुभव प्रस्तुत गर्न लगाउने (ख) सामुदायिक वन हुँदा र नहुँदा हुने फाइदा र बेफाइदाका बारेमा स्थानीय व्यक्तिको राय सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने कक्षाको छलफलबाट निष्कर्ष निकाल्न लगाई तिनको संरक्षण कार्यमा विद्यार्थी तथा तिनको परिवारको भूमिका टिपोट गर्न लगाउने । विद्यार्थी तथा तिनको परिवारले सो भूमिकाअनुसार जिम्मेवारी पूरा गरे नगरेको अवलोकन गर्ने (ग) स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति नाम तथा स्वभाव समावेश भएको नमूना	(क) सान्दर्भिक चित्र वा नक्सा (ख) सूचना प्रविधि (ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री	(क) विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर (ख) व्यक्तिगत र सामूहिकछलफलका आधारमा सिकाइको मापन गरेर (ग) प्रश्नोत्तर गरेर (घ) कक्षाकार्य तथा परियोजना	१२ घन्टी

	चराचुरुङ्गी र वनस्पति नाम तथा स्वभाव बताउन (घ) स्थानीय जडीबुटीको नाम र प्रयोगको क्षेत्र बताउन (ङ) स्थानीय जडीबुटीको उत्पादन तथा संरक्षणका लागि प्रचारप्रसार एवम गोडमेलमा सहयोग गर्न			तालिका प्रदर्शन गर्ने । विद्यार्थीलाई यस्तै अन्य मौलिक तालिका निर्माण गरी प्रस्तुत गर्न लगाउने । तालिका निर्माणका क्रममा स्थानीय जानकार व्यक्तिको सहयोग लिन विद्यार्थीलाई उत्प्रेरित गर्ने (घ) स्थानीय वनस्पति र पशुपन्छीको रहनसहन तथा खानपानको अध्ययन गरी तिनीहरूको स्वभावलाई चित्रका माध्यमले प्रस्तुत गरी वर्णन गरिदिने (ङ) स्थानीय जडीबुटीको नाम र प्रयोगको क्षेत्र पहिचानका लागि स्थानीय जानकार व्यक्ति तथा परिवारका सदस्य सहयोग लिन लगाउने विद्यार्थीले हासिल गरेका सिकाइ कक्षामा प्रस्तुत गर्न उत्प्रेरित गर्ने (च) स्थानीय जडीबुटीको उत्पादन तथा संरक्षणसँग सम्बन्धित पोस्टर, सूचना, पम्प्लेटलगायतका प्रचारप्रसार सामग्री निर्माण, प्रदर्शन र वितरण गर्न लगाउने । यसका साथै स्थानीय रूपमा भएका वा खेती गरिएका स्थानमा गई तिनको उत्पादन र संरक्षणको प्रत्यक्ष अनुभव गर्न लगाउने (छ) सान्दर्भिक श्रव्यदृश्य सामग्री उपयोग गरी सिकाइलाई रोचक तथा प्रभावकारी बनाउने		कार्यको परीक्षण गरेर (ङ) व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर (च)आत्मविश्वस पूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर (छ) प्रतिवेदन तयार गर्न लगाई त्यसका मूल्याङ्कन गर्न लगाएर	
३.संस्कार र संस्कृति	(क)मगरहरुको बासस्थान, रहनसहन र वेषभूषाको परिचय दिन (ख) जन्म र मृत्यु संस्कारको बिधि बताउन (ग) विवाहको प्रकृया बताउन (घ) बिरामठेकीको अर्थ बताउन र प्रक्रिया वर्णन गर्न (ङ)मगरहरुले मनाउने चाडवाड र तिनीहरु मनाउने तरिका बर्णन गर्न	३.१ मगरहरुको संस्कृति र संस्कार	(क) क्षेत्रगत वितरण,रहनसहन र वेषभुषा (ख)जीवन संस्कार: जन्म संस्कार,भात खुवाइ,कपाल छेवार,बस्त्र फेर्ने,विवाह संस्कार,बिरामठेकी,मृत्यु संस्कार (ग) कुलपुजा (घ) चाडपर्व: बैसाख पुर्णिमा,जेठ पुर्णिमा,साउनेसक्रान्ति,जन्माष्ठमी,तीज, जँवरेऔंसी,दशैं,तिहार,माघेसक्रान्ति,चणि डराक्षस र समुच्चयपुजा,पालुपुजा,बुधबाराहीपुजा, चैतेदशैं	(क) मगरहरुको वेषभूषा र रहनसहन देखाउने चित्र तथा फोटो प्रदर्शन गरी पुरुष र महिलाले गर्ने पहिरन,महिलाले लगाउने गरगहना,खानपिन र परम्परागत पेसाको बारेमा छलफल गर्ने (ख) मगरहरुको वेषभूषा र रहनसहन देखाउने वृत्तचित्र /भिडियो प्रदर्शन गरी मगर वेषभूषा,चालचलन,चाडपर्व र जीवनसंस्कारको बारेमा जानकारी प्रदान गर्ने (ग)विद्यार्थीलाई मगर पहिरनमा विद्यालयमा आउन लगाई उनीहरुको वेषभूषाको बारेमा छलफल गर्ने;पुरुष र महिलाले लगाउने पोषाक तथा महिलाले लगाउने गरगहनाको सूची बनाउन लगाउने (घ)मगर समुदायमा बच्चा जन्मदा गरिने कर्महरु: सुत्काहा बार्ने,चोख्याउने र बच्चाको नाम राख्ने पद्धतिको बारेमा छलफल गर्ने (ङ)मगर समुदायमा हुने परम्परागत भागी बिवाह र बिरामठेकीको बारेमा छलफल गरी त्यसका राम्रा र नराम्रा पक्षहरु केलाउने (च) मगर परम्परा अनुसार मानिसको मृत्यु हुँदा गरिने अन्त्यष्ठीकर्म,काजक्रिया र चोख्याउने बिधिको बारेमा छलफल गरी थप कुराहरु बताउने	(क) फोटो, वृत्तचित्र, भिडियो (ख) मगर भेषभु पहिचान सामग्री (ग) मगर वंशावली पुस्तक तथा पत्रपत्रिका	(क)मगरहरुले लगाउने पोसाक तथा गरगहना, तिनीहरुको विशेषता र प्रयोगबिधिको चार्ट बनाउन लगाउने (ख)मगरहरुको जन्म संस्कारको प्रक्रिया भन्न लगाउने (ग) मगर संस्कारमा मान्छे मर्दा के के गरिन्छ,भन्न लगाउने (घ) मगरहरुका चाडपर्व र तिनीहरु मनाउने तरिकाको बारेमा प्रश्नोत्तर गर्ने (ङ) स्थानीय मगर	७ घन्टी

				(छ)मगरका चाडपर्वहरु: बैसाख पुर्णिमा,जेठ पुर्णिमा,साउनेसक्रान्ति,जन्माष्ठमी,तीज,जँवरेऔं सी,दशैं,तिहार,माघेसक्रान्ति,चण्डिराक्षस र समुच्चयपुजा,पालुपुजा,बुधबाराहीपुजा,चैतेदशैं र ती चाडपर्वहरु मनाउने तरिकाको बारेमा छलफल गर्ने (ज)मगरहरुको जन्म,मृत्यु,बिवाह र अन्य जीवन संस्कार भैरहेको ठाउँमा लगी स्थलगत अवलोकन गराउने (झ)मगर संस्कार र संस्कृतिको बारेमा जानकार स्थानीय बुढापाकालाई विद्यालयमा आमन्त्रण गरी मगरहरुका पुराना चालचलनहरुको बारेमा सुनाउन लगाउने		समुदायमा गई उनीहरुको जीवन संस्कारको बारेमा सोधपूछ गरी प्रतिवेदन बनाउन लगाउने	
	(क)गुरुङहरुको बासस्थान, रहनसहन र वेषभूषाको परिचय दिन (ख) गुरुङहरुको जन्म , मृत्यु र विवाह संस्कारको प्रक्रिया वर्णन गर्न (ग) छेवरलव र कोयतिवको अर्थ भन्न र विधि वणन गर्न (घ) ल्होसार र घाटुनाचको परिचय दिन	३.२ गुरुङहरुको संस्कृति र संस्कार	(क) भेषभुषा: पहिरन, गरगहना (ख) खानाको परिकार (ग) जन्म संस्कार (घ) भात खुवाइ (ङ) छेवरलव (च) कोयतिव (छ) विवाह मागी,भागी (ज) चौरासी पुजा (झ) मृत्यु संस्कार (ञ) ल्होसार (ट) घाटु नाच	(क) ऐरावती गाँउपालिकामा गुरुङहरुको क्षेत्रगत वितरणको बारेमा छलफल गर्ने र उनीहरुको घरपरिवार तथा जनसङ्ख्याको आंकलन गर्ने (ख) गुरुङ भेषभुषा झल्कने फोटो तथा चित्रहरु प्रदर्शन गरी पुवा (चाल्ने सिस्नोबाट बनाइएको पटुवा) को धागो र त्यसको तान बुनेर बनाइएको भाङ्ग्राको गादा र कछाडको बारेमा बताउने (ग) गुरुङसेनीहरुले लगाउने परम्परागत लुगा :मखमलको रातो चोली र रातो घलेक , मुगिया लुङ्गी र निलो पटुकी तथा उनीहरुले पहिरने गरगहना : ढुङ्गी, मडबारी ,हमेल , हारी,रैया, ठोका, ठिगुरा, कण्ठेमाला , फुली, मुन्द्री, बुलाकी, मुगामाला, कल्लीका फोटोहरु प्रदर्शन गरी छलफल गर्ने (घ) वृततचित्र वा भिडियो प्रदर्शन गरी गुरुङ भेषभुषा र संस्कारको बारेमा जानकारी प्रदान गर्ने (ङ) गुरुङहरुको परम्परागत खाना : आटो, ढिंडो, सिस्नो, गेडागुडी, सिल्दुङ,गहूँ,मकै, गहत उसिनेका खानाहरुको बारेमा छलफल गरी जानकारी प्रदान गर्ने (च) गुरुङहरुका पुरोहित (खेगी) : पच्यु, क्याभ्री र वोनमहरु तथा तिनीहरुको कामको बारेमा छलफल गर्ने (छ) गुरुङहरुको जन्म संस्कार, छेवरलव र कोयतिवको प्रक्रियाको बारेमा छलफल तथा अन्तरक्रिया गर्दै जानकारी प्रदान गर्ने (ज) गुरुङ जातीको विवाह गर्ने तरिकाको बारेमा छलफल गर्ने (झ) गुरुङहरुको मृत्यु संस्कारको प्रक्रिया : पच्यु र क्याभ्रीको काम, छेलो हान्ने , अर्बङकार्यको बारेमा छलफल गरी थप कुराहरु बताइदिने	(क) फोटो, चित्र (ख) वृत्तचित्र भिडियो (ग) गुरुङ भेषभुषासँग सम्बन्धित पोसाक तथा गरगहनाहरु	(क) प्रश्नोत्तर गरेर (ख) गुरुङ जातीका पुरुष र महिलाहरुलले लगाउने कपडा तथा गरगहनाको सूची बनाउन लगाएर (ग) गुरुङहरुको जन्म संस्कारको प्रक्रिया वर्णन गर्न लगाएर (घ) छेवरलव र कोयतिवको अर्थ र विधि भन्न लगाएर (ङ) गुरुङहरुको परम्परागत खानाको सूची बनाउन लगाएर (च) गुरुङ जातीमा हुने विवाहको प्रक्रिया वर्णन गर्न लगाएर (छ) गुरुङहरुको मृत्यु संस्कारको प्रक्रिया बताउन लगाएर	८ घण्टी

				(त्र) गुरुङ संस्कृतिको बारेमा जानकार स्थानीय बुढापाकाहरुलाई विद्यालयमा आमन्त्रण गरी गुरुङ भेषभुषा,खानपान,जन्म संस्कार,विवाह प्रक्रिया ,मृत्यु संस्कार लगायतका अन्य विविध पक्षहरुको बारेमा बताउन लगाउने (ट) ल्होसारको अर्थ र यसका प्रमुख विशेषताको बारेमा छलफल गर्ने (ठ) घाटु नाचको अर्थ, यसको बिधि र महत्वको बारेमा छलफल गर्ने		(ज) ल्होसार र घाटु नाच विषयमा निबन्ध लेख्न लगाएर	
४.ऐतिहासिक र पर्यटकीय स्थल	(क) तिल्केनी देखि बाटाचौर सम्मको लेक श्रृङ्खलाको प्राकृतिक स्वरुप र त्यहाँबाट गर्न सकिने दृष्यावलोकनको बारेमा बताउन (ख) मान्द्रेको ऐतिहासिक , सामाजिक र सांस्कृतिक पक्षको परिचय दिन (ग) सिर्सेनीको ऐतिहासिक,सामाजिक र सांस्कृतिक पक्षको परिचय दिन	४.१ तिल्केनी देखि बाटाचौर सम्म ४.२ मान्द्रे ४.३ सिर्सेनी	(क) तिल्केनी देखि बाटाचौर सम्मको लेक श्रृङ्खला (ख) सिर्सेनी र मान्द्रेको ऐतिहासिक,सामाजिक र साँस्कृतिक पक्षहरु	(क) तिल्केनीदेखि बाटाचौर सम्मको लेकश्रृङ्खलाको भु-बनोट,हावापानी,वनस्पति र बन्यजन्तुको बारेमा छलफल गर्ने र शिक्षकले आवश्यक सहजीकरण गर्ने (ख) तिल्केनी-बाटाचौरको शीर्ष भागबाट देखिने भारत देखि नेपालको उत्तरी हिमश्रृङ्खला सम्मको दृष्यावलोकनको चर्चा गर्ने (ग) तिल्केनी-बाटाचौरको अवलोकन भ्रमण गराउने र प्रतिवेदन लेख्न लगाउने (घ) मान्द्रेका मगरहरुको ऐतिहासिक आगमन,सामाजिक व्यबहार, ढोगभेट,लवाइखवाइ,जन्म मृत्यु बिवाह सँस्कार,नाचगीत जस्ता पक्षहरुको बारेमा छलफल गर्ने (ङ) सिर्सेनीका गुरुङहरुको ऐतिहासिक आगमन,सामाजिक व्यवहार,संस्कार र संस्कृतिको बारेमा छलफल गर्ने (च)सान्दर्भिक फोटो,बृत्तचित्र र भिडियोको प्रदर्शन गर्ने	(क) फोटो, वृत्तचित्र, भिडियो	(क) प्रश्नोत्तर गराएर (ख) परियोजना कार्य दिएर (ग) प्रतिवेदन लेख्न लगाएर (घ) गुरुङ तथा मगर सँस्कृति झल्काउने चित्र बनाउन लगाएर (ङ) हाजिरीजवाफ गराएर	१४ घन्टी
५.पेसा उद्यमशीलता र प्रविधि	(क) स्थानीय क्षेत्रमा लगाइने रैथाने बालीनालीहरु, खेती गर्ने तरीका र उपयोगिताको बारेमा बताउन (ख) स्थानीय क्षेत्रमा वैकल्पिक रूपमा गरिने खेतीपाती पशुपालनको परिचय दिन र महत्व बताउन	५.१ रैथाने बालीनालीहरु ५.२ स्थानीय क्षेत्रमा वैकल्पिक रूपमा गरिने खेतीपाती (नगदे बाली,तरकारी खेती, बाखापालन,कुखुरापालन, मौरीपालन)को परिचय र महत्व	(क) स्थानीय क्षेत्रमा लगाइने रैथाने वालीनालीहरु,धान (हंसराज,मार्सी) मकै (पहेलो मकै ,सेते मकै,काले वा कौडे मकै) गहुँ (मुडुलो, विकास,हाँसा) कोदो,कागुनो, फापर,पिडालु ,गहत,फिलिङ्गे (ख) स्थानीय क्षेत्रमा वैकल्पिक रूपमा गरिने खेतीपाती: कफी,अदुवा ,हलेदो,तरकारी खेती, पशुपालन,कुखुरापालन र मौरीपालन)को परिचय र महत्व	(क) स्थानीय क्षेत्रमा पहिलेदेखि लगाइदै आएका रैथाने बालीनालीहरुको सूची बनाउन लगाउने र छलफलबाट आवश्यक थपघट गरी रैथाने बालीनालीहरुको पहिचान गरी तिनीहरुको महत्व बोध गराउने (ख) स्थानीय क्षेत्रमा वैकल्पिक रूपमा गरिने खेतीपाती:कफी,अदुवा,हलेदो,तरकारी खेती,पशुपालन ,कुखुरापालन र मौरीपालनको बारेमा जानकारी दिने र यसको महत्वको बोध गराउने (ग) विद्यालय नजिकै परम्परागत रूपमा खेतीपाती हुँदै आएको स्थानमा अवलोकन भ्रमण गराई त्यहाँको कुनै एक कृषि उत्पादनको महत्व र त्यसले स्थानीय क्षेत्रमा पारेको प्रभावबारे स्थानीय	(क) स्थानीय क्षेत्रमा लगाइदै आएका रैथाने बालीहरुको चार्ट (ख) स्थानीय क्षेत्रमा वैकल्पिक रूपमा गरिने खेतीपाती हुँदै आएका बालीहरूको चित्रसहितको सूची वा चार्ट	(क) आफू बसोबास गर्ने तथा वरिपरिको ठाउँमा खेती गरिँदै आएका विभिन्न कृषिबालीहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने (ख) कृषि पेसाका फाइदाहरू	१६ घन्टी

				कृषक/कृषि व्यवसायीसँग छलफल गरी बुँदागत रूपमा टिपोट गर्न लगाउने र निष्कर्ष दिने (घ) स्थानीय विज्ञ, कृषकसँग सोधी स्थानीय रूपमा हुने बालीनाली लगाउने बार्षिक तालिका बनाउन लगाउने	(ग) कृषि प्रणाली सम्बन्धीका श्रव्य-दृश्य सामग्री, पुस्तक, आदि	बुँदागत रूपमा लेखी प्रस्तुत गर्न लगाउने (ग) विद्यार्थीहरूको प्रस्तुतिको अवलोकन मूल्याङ्कन गर्ने	
६.स्वास्थ्य र सरसफाइ	(क) अम्लीय र क्षारीय खानामा के के पर्छन् ,भन्न र क्षारीय खानाको मात्रा बढाउन (ख) व्यायामको परिचय दिन र सामान्य अभ्यास गर्न (ग) सकारात्मक सोचको विकास गर्न (घ) दैनिक जीवनमा ध्यानको महत्व बताउन र अभ्यास गर्न ।	६.१ अम्लीय र क्षारीय गुण भएको खाना ६.२ व्यायामको परिचय ६.३ सकारात्मक सोंच र चरित्र निर्माण ६.४ ध्यानको परिचय, महत्व र अभ्यास	(क) अम्लिय र क्षारीय गुण भएको खानाको परिचय र महत्व (ख) अम्लीय र क्षारीय खानाका मात्रा (ग) व्यायामको परिचय (घ) योगासन र व्याममा भिन्नता (ङ)यौगिक सूक्ष्म व्यायाम (च) सकारात्मक सोंच र चरित्र निर्माणमा योगको महत्व (छ) खुसी रहने तथा खुसी बन्ने तरिका (ज) ध्यानको परिचय, महत्व, (झ) ध्यानका प्रकार : अङ्क गणना, श्वासन/आनापान, प्रकाश शिथिलीकरण लक्ष्य स्मरण ध्वनि (ञ) ध्यानको सामान्य अभ्यास	(क) अम्लिय र क्षारीय गुण भएका खानेकुराको सूची बनाउन लगाई उक्त खानेकुराका बारेमा छलफल गराउने (ख) अम्लीय र क्षारीय खानेकुराको महत्व र फरकबारे सचित्र तथा श्रव्यदृश्य सामग्रीसहित बताउने (ग) व्यायामको अर्थ बताउने (घ) योगासन र व्यायाम बीचमा हुने फरक बुझाउनका लागि पोस्टर, भिडियो सामग्री प्रयोग गरी छलफल गराउने (ङ) यौगिक सूक्ष्म व्यायाम अन्तर्गतका सामान्य व्यायामको अभ्यास गराउने (च) सकारात्मक सोंच र चरित्र निर्माणमा योगको अनुभव भएका व्यक्तिसँग अन्तरक्रिया गराउने (छ) खुसी रहने र खुसी बन्ने तरिका बताउने, स्थानीय विज्ञहरूसँग छलफल गर्ने साथै यु ट्युबलगायतका सामाजिक सञ्जालमा पाइने भिडियोहरू प्रदर्शन गरी बुँदा टिपो गर्न र खुसी बन्न अभ्यास गर्न लगाउने (ज) ध्यान के हो र यसको के महत्व छ भन्ने बारेमा अन्तरक्रिया गर्ने (झ) ध्यानका प्रकारका बारेमा तयार गरिएको सचित्र पावर प्वाइन्ट स्लाइड र भिडियो प्रदर्शन गरी छलफल गर्ने (ञ) ध्यानका बारेमा स्थानीय विज्ञसमेतको सहयोगमा अभ्यास गराउने	(क) अम्लीय र क्षारीय खानाका सूची (ख) अम्लीय र क्षारीय खानका चित्रहरू (ग) व्यायाम र योगासनको पोस्टरहरू (घ) सकारात्मक सोंच सम्बन्धी पावर प्वाइन्ट स्लाइड तथा भिडियो सामग्री (ङ) ध्यान गरेको पोस्टर, भिडियो तथा पावर प्वाइन्ट स्लाइड	(क) अम्लीय र क्षारीय गुण भएको खानाको सूची बनाउन, भन्ने र लेख्न लगाउने (ख) अम्लीय र क्षारीय गुण भएको खानाको प्रभाव भन्न/लेख्न लगाउने (ग) व्यायाम गरेको अवलोकन गर्ने (घ) ध्यान कति प्रकारका हुन्छन्? दैनिक जीवनमा ध्यानको महत्व लेख्न लगाउने (ङ)विद्यार्थीहरू लाई ध्यान गर्न लगाइ अवलोन गर्ने र आवश्यकता अनुसार पृष्ठपोषण दिने	१२ घण्टी

७.प्रकोप, वातावरण र हरित एवम् वालमैत्री विद्यालय	(क) विपद्जोखिम वाट बच्ने उपायको अवलम्बन गर्न	७.१ विपद्जोखिम न्यूनीकरणका उपाय	(क) पूर्वतयारी (झटपट झोला), पूर्व अभ्यास, प्राथमिक उपचार	(क) स्थानीय विपद्बाट हुन सक्ने क्षतिका बारेमा छलफल गराउने, (ख) विपद्पूर्वतयारीका लागि विधिहरू अवगत गराउने, जस्तै : झटपट झोला (ग) सम्भावित विपद्को पूर्वअभ्यास गराउन (घ) प्राथमिक उपचारका सामग्रीका बारेमा जानकारी गराउने	(क) चित्र, पोस्टर वृतचित्र (ख)झटपट झोला, प्राथमिक उपचारका आधारभूत सामग्री	(क) विपद्जोखिम न्यूनीकरणका उपायहरूको सूची बनाउन लगाउने (ख)घरमा राखिने झटपट झोला बनाउन लगाउने (ग) आफ्नो घरका लागि तयार पारिने प्राथमिक उपचारका सामग्री तयार पारी कक्षाकोठामा प्रस्तुत गर्न लगाउने	६ घन्टी
	(क) हरित विद्यालयको अवधारणाबारे अवगत हुन	७.२ हरित विद्यालयको अवधारणा	(क) हरित विद्यालयको परिचय, आवश्यकता, महत्व, (ख) आधारभूत पक्षहरू: हरियाली प्रवर्धन, फोहोर व्यवस्थापन, पानी संरक्षण, ऊर्जा मैत्री विद्यालय, सिकाइ केन्द्र	(क) हरित विद्यालयको अवधारणाबारे विद्यार्थीहरू माझ छलफल गराउने (ख) नमूना हरित विद्यालयमा हुनुपर्ने अधारभूत पक्षको जानकारी दिने (ग) विभिन्न ठाउँमा रहेका हरित विद्यालयका बारेमा चित्र, पोस्टर वा वृतचित्रको माध्यमबाट जानकारी दिई आफ्नो विद्यालयलाई कसरी हरियाली बनाउन सकिन्छ भनेर छलफल गराउने	(क) नमुना हरित विद्यालयका बारेमा चित्र, पोस्टर, श्रव्यदृश्य सामग्री, चार्ट पेपर	(क) आफ्नो विद्यालयलाई हरित विद्यालय बनाउनका लागि कार्ययोजना बनाई प्रस्तुत गर्न लगाउने	५ घन्टी
	(क) वालमैत्री विद्यालयका मुख्य सूचकहरु बताउन (ख)सूचकहरुको आधारमा आफ्नो विद्यालयको स्वमूल्याङ्कन गर्न	७.३ आफ्नो विद्यालयको अवस्था र स्वमूल्याङ्कन	(क) वालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ का मूख्य सूचकहरु र ती सूचकहरु सँग आफ्नो विद्यालयको तुलना	(क) वालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ का मूख्य सूचकहरुको चार्ट प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई ती सूचकहरुसँग आफ्नो विद्यालयको तुलना गर्न लगाउने,त्यसैको आधारमा आफ्नो विद्यालयको वालमैत्री सूचकाङ्क प्रतिशत निकाल्न लगाउने (ख) शिक्षकले अन्य ढाँचाका फारामहरु बनाएर विद्यार्थीहरुलाई आफ्नो विद्यालयका वालमैत्री अवस्थाको मूल्याङ्कन गर्न लगाउने	(क) वालमैत्री सूचक चार्ट	(क) वालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ का मुख्य प्रारुपहरुको सूची बनाउन लगाउने (ख) विद्यार्थीले रामोसँग मूल्याङ्कन गरे नगरेको अवलोकन गर्ने	४ घण्टी
८.हाम्रो विगत	(क) राणाकालिन समाजका ठूलाठालुहरु: जिम्मावाल,मुखिया, र दौडाहा पदहरु चिन्न र तिनीहरुको काम बताउन	उहिलेका कुरा ८.१ समाजका ठूलाठालु ७.२ झाराखारा बेठ, ओलक	(क) समाजका ठूलाठालु: जिम्मावाल,मुखिया,घाउडा,दौडाहा,पञ्च, कटुवाल (ख) झाराखारा,बेठ,ओलक	(क) राणा काल ,त्यसपछिको अन्तरिम काल र त्यसपछिको पञ्चायत कालको समाज सञ्चालनको प्रक्रिया र सामाजिक पदहरुको बारेमा छलफल गर्ने (ख) जिम्मावाल,मुखिया,घाउडा ,दौडाहा,पञ्च,कटुवालको अर्थ बताउने र	(क) पावर प्वाइन्ट स्लाइड,वृत्तचित्र (ख)चार्ट	(क) प्रश्नोत्तर गराएर (ख) पुराना कुराहरुको बारेमा बोल्ने गरी बक्तृत्वकला	८ घण्टी

	(ख) राणा काल तथा पञ्चायत कालका समाज सञ्चालनको विधि बताउन (ग)पञ्चायतकालका पञ्च र कटुवाल पद चिन्न र तिनका काम बताउन (घ) झाराखारा,बेठ र ओलकको अर्थ बताउन र त्यतिबेलाको समाजमा यसको अवस्था बोध गर्न			समाजमा उनीहरुको काम समेत बताउने (ग) त्यतिबेलाको सामन्ति चलन ,संस्कार,थिचोमिचो र अन्यायको बारेमा चर्चा गर्ने (घ) झाराखारा,बेठ र ओलकको बारेमा छलफल गरी त्यतिबेलाको सामन्ती संस्कार र त्यसबाट रैतिले खेप्नुपरेको मारको बारेमा बताउने (ङ) स्थानीय जानकार बुढापाकालाई विद्यालयमा बोलाएर सम्बद्ध बिषयवस्तुको बारेमा बताउन लगाउने		प्रतियोगिता गराएर (ग) परियोजना कार्य गर्न लगाएर (घ) अभिनय गर्न लगाइ प्रभावकारी भुमिका निर्वाह गरे नगरेको आधारमा लेखाजोखा गरेर	
९.जीवनमार्ग	(क) सफलता व्यवस्थापनका तरिका बोध गर्न (ख) सफलतामा रमाउन र त्यसपछिको भूमिका निर्वाह गर्न (ग) असफलतापछि गर्नुपर्ने कामकुराको बोध गर्न र असफलतालाई ठिक ढङ्गले व्यवस्थापन गर्न (घ) विकल्पको खोजी,छनोट र योजना निमार्ण गर्न	९.१ सफलता र असफलता व्यवस्थापन , सपनाका विकल्पहरु	(क) सफलता ब्यवस्थापन,(खुसी,नयाँ क्षितिजको लागि लक्ष्य निर्धारण र योजना निर्माण , घमण्ड त्याग,आभार र धन्यबाद ज्ञापन, जिम्मेवारी बोध र कर्तव्यको पालना , स्वस्थ खानपान र मितव्ययिता,सामाजिक योगदान) (ख) असफलता व्यवस्थापनः (धैर्यधारण,विगतको समिक्षा,कमजोरी पहिचान र उपचारात्मक योजना,सफलताका सुत्रको खोजी,परामर्श,पुनर्योजना र कार्यान्वयन) (ग) विकल्पको खोजी,छनोट र योजना निर्माण	(क) आफुले चाहेको कुरा प्राप्त हुँदा, परीक्षामा राम्रो अंक प्राप्त गरी प्रथम हुँदा, जागिरमा नाम निकाल्दा,हराएको आफन्त भेट हुँदा वा अन्य सफलतामा मनमा उत्पन्न हुने भावना र व्यवहारको बारेमा छलफल गर्ने,त्यसैगरी आफू बिरामी पर्दा, परिवारको सदस्य वा आफन्त बिरामी पर्दा,दुर्घटनामा पर्दा वा आफन्तको मृत्यु हुदाँ धेरै मेहनत गरेर पढ्दापढ्दै पनि परीक्षामा अनुत्तीर्ण हुदाँ,व्यवसायमा नोक्सान हुदाँ त्यसले मनमा पार्ने प्रभाव र व्यवहारको बारेमा छलफल गर्ने (ख) सफलता र असफलता व्यवस्थापनसँग सम्बन्धित भिडियो प्रदशैन गर्ने (ग) सफल २ वटा र असफल २ वटा समूहहरु निमार्ण गरी सफलता र असफलताले मनमा पार्ने प्रभाव र व्यवहार तथा त्यसपछि गर्नुपर्ने कामहरुको बारेमा छलफल गर्न र सूची निर्माण गर्न लगाउने (घ) सफल हुँदा र असफल हुँदाको अवस्थाको अभिनय गर्न लगाउने (ङ) सफलता र असफलताका प्रत्यक्ष उदाहरणहरु प्रस्तुत गरी छलफल गर्ने (च) जीवनका सबै क्षण,अवस्था र योजनालाई विकल्पसहितको बनाउनुपर्ने बारेमा छलफल गर्ने र विकल्पहरुको सूची प्रदर्शन गर्ने,स्थानीयस्तरमा ,क्षेत्रीयस्तरमा र राष्ट्रियस्तरमा हुने पेशाको परिचय दिने (छ) वकैल्पिक योजनाको नमुना निर्माण गर्ने र गर्न लगाउने	(क) चार्ट, न्युजप्रिन्ट कागज (ख) भिडियो, पावरप्वाइन्ट स्लाइड	(क) सिकाइमा सहभागिता र कक्षा कार्यको लेखाजोखा गर्ने (ख) प्रश्नोत्तर गर्ने (ग) सफल र असफल १/१ जना व्यक्तिहरुलाई भेटेर उनीहरुको सफलता असफलता तथा त्यसको व्यवस्थापनको बारेमा प्रतिवेदन बनाउन लगाउने र जाचँ गर्ने (घ) लघुनाटक प्रदर्शन गर्न लगाई त्यसको लेखाजोखा गर्ने (ङ) व्यवहारको निरन्तर अनुगमन गर्ने	३ घण्टी
	(क) आफ्ना राम्रा र नराम्रा बानी	९.२ आनीबानीमा	(क) आफ्ना सबल तथा दुर्बल	(क) बानी झल्काउने चित्र वा फोटो प्रदर्शन गरी	(क) चार्ट,	(क) सूची हेरेर	३ घण्टी

	पहिचान गर्ने र सुधार गर्नुपर्ने बानीको सूची निमार्ण गर्ने (ख) आनीबानी सुधारको कार्ययोजना निमार्ण गर्न (ग) कमजोर तथा नराम्रा आनीबानीमा सुधार गर्न	सकारात्मक परिवर्तन	पक्षहरुको पहिचान , (ख)सुधार गर्नुपर्ने आनीबानीको पहिचान (ग)सुधार योजना र कार्यान्वयन	राम्रो र नराम्रो बानीको बारेमा छलफल गरी तिनीहरुलाई वर्गीकरण गर्ने (ख) राम्रो र नराम्रो बानीको बारेमा पावरप्वाइन्ट प्रस्तुत गरी छलफल गर्ने (ग)विद्यार्थीहरुलाई आ-आफ्ना राम्रो र नराम्रो बानीको पहिचान गर्न र सूची बनाउन लगाउने (घ) सुधार गर्नुपर्ने बानीको सूची बनाउन लगाउने र आनीबानी सुधारको कार्ययोजना ढाँचा प्रदर्शन गरी त्यसै अनुसार प्रत्येक विद्यार्थीलाई आनीबानी सुधार कार्ययोजना निमार्ण गर्न लगाउने र कार्यान्वयनको लागि प्रतिबद्धतामा हस्ताक्षर गराउने (ङ) कुनै विद्यार्थीको नराम्रो वा कमजोर आनीबानी सबैमाभ्क भन्न उपयुक्त नभएमा वा नठानेमा त्यस्तो आनीबानी र त्यसको सुधारको योजना गोप्य रुपमा निर्माण गरी आफ्नो कापी वा डायरीमा बनाई घरमा राख्नुपर्ने र कार्यान्वयन गर्नुपर्ने बारेमा छलफल गर्ने (च) खानपिन,समय र सङ्गत व्यवस्थापनको बारेमा छलफल गर्ने (छ) उत्प्रेरणाका सकारात्मक भनाइ र कथा प्रस्तुत गर्ने र महशुसीकरण गराउने	न्युजप्रिन्ट पेपर,ह्वाइट पेपर (ख) भिडियो, पावरप्वाइन्ट स्लाइड	राम्रा र सुधार गर्नुपर्ने आनीबानीको पहिचान गरे नगरेको एकिन गरेर (ख) विद्यार्थीले तयार गरेको आनीबानी सुधार कार्य योजना अवलोकन गरेर (ग)महशूसीकरण गराइ प्रतिक्रिया व्यक्त गर्न लगाएर (घ) व्यवहारको निरन्तर अवलोकन गरेर (ङ)प्रगति विवरण मागेर (च) आवधिक समिक्षा गरेर	
	(क) अन्तरव्यक्ति सम्बन्ध सीपको परिचय दिन ; अन्तरव्यक्ति सम्बन्ध बढाउने तरिका बताउन र असल अन्तरव्यक्ति सम्बन्ध बनाउन (ख) सम्वेगको अर्थ बोध गर्न र सम्वेगलाई नियन्त्रण्न गर्ने उपायहरु बताउन (ग) रिस नियन्त्रण गर्न,तनावमुक्त हुन,शान्त र प्रशन्न रहन	९.३ जीवन उपयोगी सीप	(क) अन्तरव्यक्ति सम्बन्ध (ख)सम्वेगलाई नियन्त्रण गर्ने क्षमता (ग) तनाबलाई नियन्त्रण गर्ने क्षमता	(क) अन्तरव्यक्ति सम्बन्ध सीप र अन्तरव्यक्ति सम्बन्ध राख्ने तरिकाको बारेमा विद्यार्थीहरुसँग छलफल गर्ने (ख) आफ्नो नाम बाटुलो घेराभित्र राखेर त्यसको बाहिरपट्टी ४० वटा सम्बन्धहरुको खोजी गर्ने  यसरी खोजी गरिएका सम्बन्ध मध्ये नियमित भेटघाट, माया ममता, ख्याल राख्ने र रेखदेख गर्ने, सल्लाह सुझाव दिने र सहयोग गर्नेहरुलाई हरियो रङले रङ्ग्याउन लगाउने ; ठिकठिकै वा कहिले राम्रो र कहिले नराम्रो सम्बन्ध हुनेलाई पहेलो रङले रङ्ग्याउन र नराम्रो सम्बन्ध हुनेलाई रातो रङले रङ्ग्याउन लगाउने ; कुनै तिन जना विद्यार्थीहरुलाई यसो गर्नुका कारणहरु बताउन लगाउने	(क) रङ्गिन कलम र न्युजप्रिन्ट कागज, (ख)सान्दर्भिक भिडियो	(क) कक्षामा अरु विद्यार्थी र विद्यायलमा अन्य कक्षाका विद्यार्थीहरुसँगको सम्बन्धको अवलोकन गर्ने (ख) प्रश्नोत्तर गर्ने (ग) कक्षाकार्यको लेखाजोखा गर्ने (घ) व्यवहारको निरन्तर अवलोकन गर्ने (ङ) सहपाठी मूल्याङ्कन प्रक्रिया अपनाउने (च) रिस उठ्ने	६ घण्टी

				(ग) रबर ब्याण्डले २।२ जनाको बुढीऔंला बल्झाएर बाटुलो घेरा बनाउन लगाउने । घेरा ठुलो र सानो बनाउन लगाएर सम्बन्धको बोध गराउने खेल खेलाउने (घ) समुदायमा मानिसको अन्तरव्यक्ति सम्बन्ध कस्तो छ ,त्यसैगरी विद्यार्थिको आफ्नै सम्बन्ध कस्तो छ, पहिचान गर्न लगाउने (ङ) सम्वेग के हो र यसलाई नियन्त्रण गर्न किन आवस्यक छ भनी उदाहरण सहित छलफल गर्ने , तनाव के हो र यसलाई व्यवस्थापन गर्न आवस्यक हुनुको कारणको बारेमा पनि छलफल गर्ने (च) के ले गर्दा आफुलाई रिस उठ्छ त्यसको पहिचान गर्ने (छ) आफुलाई तनाब हुँदा शारीरिक र मानसिक अवस्था कस्तो हुन्छ त्यसको पहिचान गर्नको लागि दुईवटा समूहलाई सुहकार्य गर्न दिने (ज) रिस वा तनाब नियन्त्रणका उपायहरुको बारेमा अन्तरक्रिया वा छलफल गर्ने / गराउने, जस्तैः पानी पिउने, लामो लामो स्वास लिने,उल्टो सुल्टो गन्ने,मन पर्ने दृश्यको कल्पना गर्ने,आलोचनाको उत्तर नदिने, परिस्थिति प्रतिकूल भएमा त्यो ठाउँ छोड्ने, पुराना काजग वा कपडा च्यात्ने, सिरानी हिर्काउने, सकारात्मक दृष्टिकोणको विकास गर्ने आदि		र तनाब महशूस हुने वातावरण सिर्जना गरी विद्यार्थीको व्यवहार अवलोकन गर्ने (छ) अभिनय गर्न लगाउने (ज) वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने	
१०.स्थानीय सामाजिक सवाल	(क)दुब्यवहार नियन्त्रणको लागि समाजले गर्नुपर्ने कामहरु बोध गर्न (ख) दुर्ब्यवहार नियन्त्रणको सामाजिक अभियानमा सरिक हुन	१०.१ दुर्व्यवहार नियन्त्रणमा सामाजिक दायित्व	(क)सामाजिक सचेतना,एकता (ख) बहस,छलफल,नीति तथा कार्यक्रम निर्माण , प्रतिबद्धता र कार्यान्वयन	(क) समाजमा दुर्व्यवहारको अवस्था र यसको नियन्त्रणको लागि समाजमा भए गरेका कामहरुको बारेमा छलफल गरी तत्कालिन अवस्थाको बोध गर्ने/गराउने (ख)विद्यार्थीहरुसँग छलफल गरी दुर्व्यवहार नियन्त्रणको लागि सामाजिक सचेतनामा वृद्धि गर्ने दुर्व्यवहार सम्बन्धी जानकार व्यक्ति,सामाजिक अभियन्ता र कार्यकर्ताको अग्रसरतामा सरकारी तथा गैह्रसरकारी सङगठनहरुको सहयोग लिएर दुर्व्यवहार,असर र नियन्त्रण विषयमा सचेतना गाष्ठीको आयोजना गर्ने लगायतका अन्य उपायहरु पहिचान गर्ने र कार्यान्वयनका लागि सरोकारवालासँग अनुरोध गर्ने (ग) पावरप्वाइन्ट स्लाइडको प्रयोग गरी दुर्व्यवहार नियन्त्रणमा समाजले खेल्नुपर्ने भूमिकाको बारेमा छलफल गर्ने,सान्दर्भिक भिडियो प्रदर्शन गर्ने (घ) दुर्व्यवहार नियन्त्रणको लागि सामाजिक एकता,सहकार्य र सहयोगको बारेमा छलफल गर्ने र साझा धारणाको निमार्ण गर्ने। यसरी निर्माण गरिएको साझा धारणालाई सरोकारवालाहरुमाझ लैजाने,छलफल तथा अन्तरक्रिया गर्ने (ङ) दुर्व्यवहार नियन्त्रणको लागि योजना तथा कार्यक्रम निमार्ण गरी कार्यान्वयनको प्रतिबद्धता	(क) सूची चार्ट (ख)बैठक पुस्तिका (ग)पावरप्वाइन्ट स्लाइड,भिडियो	(क)दुर्ब्यवहार नियन्त्रणको लागि समाजले गर्नुपर्ने कामहरुको सूची बनाउन लगाएर (ख) परियोजना कार्य दिई प्रतिवेदन जाँच गरेर (ग) वक्तृत्वकलाको आयोजला गरेर (घ) योजनाको अवलोकन गरेर	४ घण्टी

				जाहेर गर्नुपर्ने निश्कर्षमा पुग्ने र योजना तथा कार्यक्रमको नमूना तयार गरी गाउँपालिका ,वडा कार्यालय,टोल विकास संस्था वा सामुदायिक वन उपभोक्ता समूहमा बुझाउने र आम सहभागितामा कार्यान्वयन गर्न अनुरोध गर्ने			
	(क) जातीय विभेद र छुवाछुतको अर्थ बोध गर्न र स्थानीय क्षेत्रमा रहेको जातीय विभेद एवम् छुवाछूतको अवस्था पहिचान गर्न (ख) जातीय छुवाछुत नगर्न र यसको अन्त्यका लागि भुमिका खेल्न	१०.२ जातीय बिभेद र छुवाछुत	(क) जातीय बिभेद र छुवाछुत	(क) विद्यार्थीलाई जातिय छुवाछुत सम्बन्धी कुनै कोड देखाएर उक्त कोडबारे छलफल गर्ने । छलफलको अन्त्यमा जातीय भेदभाव र छुवाछुतको अर्थ तथा जातीय भेदभाव र छुवाछुतजन्य कार्यहरुको परिचय दिने । (ख) विद्यार्थीहरु माझ छलफल गरी जातीय भेदभाव तथा छुवाछुत तथा भेदभावजन्य कार्यको सूची बनाउने (ग) जातीय भेदभाव र छुवाछुतजन्य कार्य गर्नु सामाजिक रुपमा अपराध र कानुनी रुपमा दण्डनीय भएको बोध गराई यसको अन्त्य गर्न सक्रीय भूमिका विर्वाहको लागि प्रतिबद्ध गराउने (घ) जातीय भेदभाव एवम् छुवाछुत विरुद्ध नारा लेखिएका प्लेकार्ड बनाई ज्याली निकालेर विद्यालय वरिपरिको क्षेत्र परिक्रमा गर्ने	(क) चित्र,फोटो, ब्यानर , प्लेकार्ड, न्युज प्रिन्ट कागज (ख)पावरप्वाइन्ट, भिडिया	(क) जातीय विभेद र छुवाछुतको अर्थ सोध्ने (ख) जातीय भेदभाव र छुवाछुतजन्य कार्यको सूची बनाउन लगाउने (ग) जातीय भदभाव र छुवाछुतको अन्त्य गर्न के गर्नुपर्ला भनी विद्यार्थीको धारणा माग गर्ने	२ घण्टी
	(क) वालविवाहको अर्थ कारण र यसका परिणाम बोध गरी यस प्रति सचेत हुन (ख)बहुविवाहको अर्थ कारण र यसका परिणाम बोध गरी यस प्रति सचेत हुन (ग)दाइजोको अर्थ कारण र यसका परिणाम बोध गर्न (घ) वालविवाह, वहुविवाह र दाइजो प्रथा विरुद्धको सचतना अभियानमा सरिक हुन	१०.३ विवाह	(क) विवाह वालविवाहको परिचय,वर्तमान अवस्था,कारण परिणाम र रोकथामका उपायहरु (ख) बहुविवाहको अर्थ, कारण परिणाम र रोकथामका उपायहरु (ग) दाइजोको अर्थ कारण, परिमाण र रोकथामका उपायहरु	(क) सबाल छलफलका ९ चरणहरु अवलम्बन गर्ने (ख) चित्र वा फोटो प्रदर्शन गरी विवाहको बारेमा छलफल गर्ने,विवाहको भिडियो प्रदर्शन गर्ने र विवाहको अर्थ र महत्व बताउने (ग) उमेर नपुगी वा कम उमेरमा गरिएको वा गरिदिएको विवाहको उदाहरण दिई वालविवाहको अर्थ बताउने,यसका कारणहरुको खोजी गर्ने र यसको परिणाम तथा यसबाट निम्तिन सक्ने खतराको बारेमा छलफल गर्ने र निचोड निकाल्ने (घ) वालविवाह र यसको परिणाम समेटिएको कथा वा घटना सुनाउने (ङ) वालविवाह हुन नदिनको लागि गर्नुपर्ने कामहरुको बारेमा छलफल गरी रोकथामका उपायहरु पहिचान गर्ने (च) वालविवाह विरुद्ध नाराहरु लेखिएका प्लेकार्ड सहितको ज्याली निकाल्ने र विद्यालय वरिपरिको समुदाय परिक्रमा गर्ने (छ) स्थानीय क्षेत्रमा भएका एउटा पुरुषले दुई वा	(क) चित्र, फोटो (ख) भिडियो, पावर प्वाइन्ट स्लाइड	(क) प्रश्नोत्तर गर्ने (ख) सिकाइमा सहभागिताको आधारमा लेखाजोखा गर्ने (ग) परियोजना कार्य दिई जाँच गर्ने (घ) निबन्ध प्रतियोगिता आयोजना गर्ने (ङ) वक्तृत्व कला प्रतियोगिता आयोजना गर्ने (च) कक्षाकार्य र गृहकार्य जाँच गर्ने	४ घण्टी

				दुई भन्दा बढी श्रीमती राखेको उदाहरण प्रस्तुत गरी बहुविवाहको अर्थ बोध गराउने (ज) बहुविवाहको कारण र यसका परिणामको बारेमा छलफल गर्ने र निचोड निकाल्ने (झ) बहुविवाह गर्नेलाई हुने कानुनी सजाय र बहुविवाह रोकथामका उपायहरुको बारेमा पावरप्वाइन्ट प्रस्तुत गर्ने र छलफल गर्ने (ञ) बहुविवाह विरुद्धका नारा सहितको प्लेकार्ड बनाइ ज्याली निकालेर विद्यालय वरिपरिको समुदाय परिक्रमा गर्ने (ट) स्थानीय समुदायमा केटीपक्षले दुलाहा र उनको परिवारलाई औँठी,सिक्री,दराज ,टेबुल,कुर्सी,गाग्री ताउला , अन्य भाँडाकुँडा , टेलिभिजन आदी सरसामान दिएको उदाहरण दिदै छलफल गर्ने र दाइजोको अर्थ बोध गराउने (ठ) दाइजोका कारणहरु र यसका असरहरुको बारेमा छलफल गर्ने ,दाइजो लिनु र दिनु सामाजिक रुपमा विकृति र कानुनी रुपमा दण्डनीय भएको कुराको बोध गराउने (ड) दाइजो प्रथा हटाउनको लागि गर्नुपर्ने कामहरुको बारेमा छलफल गरी प्रतिबद्धता जाहेर गर्ने		(छ) व्यवहारको निरन्तर अनुगमन गर्ने	

कक्षा ८

क्षेत्र	सिकाइ उपलब्धि	विययवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामग्री	मूल्याङ्कन प्रक्रिया	पाठ्यभार
१.हाम्रो गाउँपालिका	(क) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका परिचय दिन (ख) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका संरचना बोध गरी संरचनागत कामको सूची निर्माण गर्न (ग) स्थानीय तहको	१.१ स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका १.२ स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया	(क) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका (अ) परिचय (आ) संरचना (इ) काम,कर्तव्य र अधिकार (ख) स्थानीय तहमा न्याय सम्पादन (अ) क्षेत्र (आ) प्रक्रिया	(क) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका अवलोकन भ्रमण गर्न लगाई वा गराई परिचय लिन लगाउने । यस क्रममा परिचयात्मक पुस्तिका, पम्प्लेट, पत्रपत्रिका र अन्य सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन गर्न लगाउने (ख) सामग्री अध्ययन तथा स्थलगत भ्रमणको अनुभव समेटी ससाना समूहमा प्रतिवेदन लेखन तथा प्रस्तुति गर्न लगाउने (ग) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिका संरचनाको चित्र निर्माण गरी प्रस्तुत गर्दै संरचनागत कामको सूची निर्माण प्रस्तुत गर्न लगाउने (घ) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको कर्तव्य र अधिकार सम्बन्धी	(क) सान्दर्भिक चित्र वा नक्सा (ख) सूचना प्रविधि (ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री	(क) विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर (ख) व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर (ग) प्रश्नोत्तर गरेर (घ) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर (ङ) व्यवहारको निरन्तर	१२ घन्टी

	व्यवस्थापिका र कार्यपालिकाको कर्तव्य र अधिकार बताउन (घ) स्थानीय तहमा न्याय सम्पादनका क्षेत्र र प्रक्रिया प्रस्तुत गर्न			सामग्री अध्ययन तथा जानकार व्यक्तिसँग छलफल गरी लेख, रचना तथा टिपोट तयारी तथा प्रस्तुत गर्न लगाउने (ङ) स्थानीय तहमा आइपर्ने समस्याको सूची निर्माण गरी प्रस्तुत गर्न लगाउने । ती समस्या समाधानका लागि व्यक्तिगत, सामाजिक तथा अन्य भूमिका टिपोट तथा छल्फल गर्न लगाउने । त्यसपछि स्थानीय तहबाट न्याय सम्पादनका क्षेत्र र प्रक्रिया प्रस्तुत गर्न लगाई त्यसका आधारमा प्रश्नोत्तर गरी निष्कर्ष निकाल्न सहयोग गर्ने		अवलोकन र तिनको अभिलेखन गरेर (च) आत्मविश्वास पूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर (छ) प्रतिवेदन तयार गर्न लगाई त्यसको मूल्याङ्कन गर्न लगाएर	
२.प्राकृतिक स्रोत र सम्पदा	(क) झिमरुक नदीको परिचय दिई महत्व बताउन (ख) माडी नदीको परिचय दिई महत्व बताउन (ग) झिमरुक र माडी नदीहरुको संरक्षणको योजना प्रस्तुत गर्न	२.१ झिमरुक र माडी नदी	(क) झिमरुक नदी (अ) परिचय (आ) महत्व (इ) संरक्षण (ख) माडी नदी (अ) परिचय (आ) महत्व (इ) संरक्षण	(क) विद्यार्थीलाई दुई समूहमा विभाजन गरी झिमरुक नदी र माडी नदीको परिचय र महत्वको बारेमा आफूहरुले जानेका कुराहरुको सूची बनाउन लगाउने र अन्तरसमूह छलफ:ल गराउने , छलफल पछि शिक्षकले आवस्यक थपघट गरिदिने (ख) झिमरुक र माडी नदीको अवलोकन भ्रमण गराइ स्थलगत भ्रमणको अनुभव समेटी ससाना समूहमा प्रतिवेदन लेखन तथा प्रस्तुति गर्न लगाउने (ग) ऐरावती गाउँपालिकाको कार्यालयमा सम्पर्क गरी गाउँपालिकाको व्यवस्थापिका र कार्यपालिकाले झिमरुक र माडी नदीको संरक्षणका लागि गरिरहेको कामको विवरण सङ्कलन गर्न लगाइ कक्षामा प्रस्तुत गर्न लगाउने (घ)झिमरुक र माडी नदीहरुको संरक्षणको लागि समुदाय , गाउँपालिका र राष्ट्रिय तहबाट गर्नुपर्ने कामको बारेमा छलफल गरी विवरण तयार गर्ने	(क) सान्दर्भिक चित्र वा नक्सा (ख) सूचना प्रविधि (ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री	(क) विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर (ख) व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर (ग) प्रश्नोत्तर गरेर (घ) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर (ङ) व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर (च) आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर (छ) प्रतिवेदन तयार गर्न लगाई त्यसको मूल्याङ्कन गर्न लगाएर (ज) निरन्तर विद्यार्थी मूल्याङ्कन तथा रुब्रिक्सका साधनहरू प्रयोग गरी विद्यार्थीको सिकाइ स्तर मापन	१२ घन्टी


						गरेर	
३.संस्कार र संस्कृति	(क) ब्राह्मण क्षेत्रीको संस्कार, संस्कृतिको परिचय दिन (ख) ब्राह्मण क्षेत्रीको वेषभूषा र प्रयोग गर्ने तरिका बताउन (ग) स्थानीय लोकगीत: भजन,किर्तन,वाली ,ठाडिभाका,सुनिमायाँ,झाम्रेको परिचय दिन र ती भाकामा गीत गाउन (घ) स्थानीय लोकबाजा शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली,मुजुरा,खैजडी,कठताल, घँगारु,बाँसुरी र हार्मोनियमको परिचय दिन (ङ) ठकुरी, कुमाल, मतवाली राउत,कुशुण्डा जस्ता विभिन्न जातजातिका संस्कार र संस्कृतिको बारेमा बताउन (च) संस्कृतिको संरक्षणका उपायहरु बोध गर्न र संरक्षणमा सरिक हुन	३.१ ब्राह्मण क्षेत्रीको संस्कार, संस्कृतिको परिचय, अन्य जातजातिको सँस्कार र सँस्कृति,स्थानीय गीत लोकबाजा,संस्कृतिको महत्व तथा संरक्षणका उपायहरु ३.२ स्थानीय लोकगीत र स्थानीय लोकबाजा: शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली,मुजुरा, खैँजडी,कठताल,घँगारु, बँसुरी र हार्मोनियमको परिचय ३.३ ठकुरी, कुमाल, मतवाली राउत,कुशुण्डाकोको संस्कार र संस्कृति	(क) ब्राह्मण क्षेत्रीको संस्कार, संस्कृतिको जानकारी (ख) ब्राह्मण क्षेत्रीको संस्कार, संस्कृति अन्य(ठकुरी,कुमाल,मतवाली राउत र कुशुण्डा) जातजातिको संस्कार र संस्कृति झल्कने गरगहना तथा वेषभूषाको चिनारी (ग) सोह्र संस्कार र चौरासीपूजाको परिचय (घ) दसैँ, तिहार, तिज,जनैपूर्णिमा, साउने सङ्क्रान्ती, माघेसङ्क्रान्ती जस्ता चाडपर्वको चिनारी (ङ) स्थानीय लोकगीत: भजन,किर्तन,:वाली,ठाडीभाका, झाम्रे,सुनिमायाँ र स्थानीय लोकबाजा: शङ्ख,पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैँजडी र विनायोको चिनारी (च) भजन,किर्तन गाउने शैली (छ) ठकुरी,कुमाल,मतवाली राउत जस्ता विभिन्न जातजातिहरूको संस्कार र संस्कृतिक चिनारी (ज) संस्कृतिको महत्व र संरक्षणका उपायहरु	(क) ब्रह्माण,क्षेत्रीका चालचलनहरु र न्वारन,प्रासनी(भात खुवाइ), विवाह, व्रतवन्ध, श्राद्ध, मृत्यु पछिको दाहसंस्कारका बारेमा छलफल गर्ने र सम्भव भएमा भिडियो प्रर्दशन गर्ने (ख) दौरा, सुरुवाल, टोपी, गुन्यू चोलो, तिलहरी, मारवाडी, नौगेडी सहितको पहिरन लगाएको भिडियो देखाउने (ग) सोह्र संस्कार र चौरासीपूजा विधिको भिडियो देखाउने (घ) दसैँ, तिहार, तिज, जनैपूर्णिमा, साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति जस्ता चाडपर्वको भिडियो देखाउने र अन्तरक्रिया गराउने (ङ) शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैँजडी,मुजुरा,कठताल,घँगारु,बाँसुरी र हार्मोनियम वाजा वजाउन सिकाउने (च) ठकुरी,कुमाल,मतवाली राउत,कुशुण्डा जस्ता विभिन्न जातजातिकाहरूको संस्कार र सांस्कृतिक पर्वका बारेमा छलफल गर्ने र यस्ता पर्वमा प्रयोग हुने सामग्रीको प्रर्दशन गर्ने (छ) संस्कृतिको महत्वको बारेमा छलफल गर्ने (ज) नयाँ पिंढीमा आइरहेको सांस्कृतिक विचलन,संस्कृति माथिको अतिक्रमण र संस्कृति जोगाउन गर्नुपर्ने कामहरुको बारेमा छलफल गरी संरक्षणका उपायहरु पहिचान गर्ने (झ) संस्कृति संरक्षणको लागि विद्यार्थीहरुलाई प्रतिवद्ध बनाउने	(क) चित्र, भिडियो (ख) लुगा र गहरगहना लगाएको तस्वीर, चित्र,भिडियो आदि (घ) पोस्टर , वृत्तचित्र (ङ) शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली,मुजुरा, खैँजडी , कठताल, घँगारु, बाँसुरी र हार्मोनियम बाजाको भिडियो	(क) वैवाहिक संस्कार कसरी गरिन्छ , भन्न वर्णन गर्न लगाउने (ख) न्वारन र भातखुवाइ बिधिको अभिनय गर्न लगाउने (ग) स्थानीय बाजा चिन्न र उपलब्ध बाजा बजाउन लगाउने (घ) स्थानीय गीतका भाका र शब्द सङ्कलन गर्न र गाउने अभ्यास गर्न परियोजना कार्य दिने (ङ) ठकुरी ,कुमाल, मतवाली राउत र कुशुण्डाका जातीय संस्कारको बारेमा प्रश्नोत्तर गर्ने (च)संस्कृतिको महत्व र संरक्षण बिषयमा निबन्ध प्रतियोगिता गराउने (छ) सोह्र संस्कार र चौरासीपूजा विधि सामूहिक रूपमा भन्न र वर्णन गर्न लगाउने	१५ घन्टी
४.ऐतिहासिक र पर्यटकीय स्थल	(क) ऐरावतीले बोकेको पर्यटकीय सम्भावना बताउन (ख) प्रस्तावित जलाशययुक्त नौमुरे जलविद्युत आयोजना सम्पन्न	४.१ ऐरावती गाउँपालिकामा पर्यटनको सम्भाव्यता	(क) प्रस्तावित नौमुरे जलाशययुक्त जलविद्युत र जलपर्यटन (ख) लेक र दृष्यावलोकन (ग) वनजङ्गल , वन्यजन्तु र पर्यटन (घ) जनजाति बस्ती र गृहवास (होमस्टे) (ङ) गुफा अवलोकन	(क) प्रस्तावित नौमुरे जलाशययुक्त जलविद्युतको प्रारम्भिक सर्भेक्षणबाट देखिएको बाँधको उचाइ र यसबाट बन्ने जलाशयमा चलाउन सकिने च्याफ्टिङ ,माछा अवलोकन , जलयातायात जस्ता सम्भावनाको बारेमा छलफल गर्ने (ख) तिल्केनीदेखि कोलबोट बाटाचौर सम्मको लेक श्रृङ्खला र त्यहाँका अग्ला टाकुराको भु-	(क) श्रव्यदृश्य सामग्री (ख) फोटो (ग) राजनैतिक दलका चुनावी घोषणापत्रहरु	(क) प्रस्तावित सम्भाव्य पर्यटकीय स्थलको अवलोकन भ्रमण गरी प्रतिवेदन बनाउन लगाउने (ख) ऐरावतीमा	१४ घन्टी

	भएपछि त्यसले निम्त्याउने पर्यटनको सम्भाव्यता बताउन (ग) बिजुलीकोट र यसले बोकेको पर्यटनको सम्भाव्यता बताउन (घ) तिल्केनी देखि कोलबोट बाटाचौर सम्मको लेक श्रृङ्खला र यसले बोकेको पर्यटनको सम्भाव्यता बताउन (ङ) ऐरावतीका सामुदायिक बन र यसले बोकेको पर्यटन सम्भाव्यता बताउन (च) सिर्सेनी, हार्बुङ, तिल्केनीका गुरुङ बस्ती र त्यहाँको गृहवास (होमस्टे)को सम्भावना बताउन (छ) मान्द्रेको मगर बस्ती र त्यसले बोकेको गृह बास(होमस्टे)को सम्भावना बताउन (ज) काफलबुटा तपश्वी गुफा, फर्सावथान गुफा र तिनीहरुले बोकेको पर्यटन सम्भाव्यता बताउन		(च) तिर्थस्थल र धार्मिक पर्यटन	बनोट,बनजङ्गल र बन्यजन्तु,दृष्यावलोकन जस्ता सम्भावनाको बारेमा छलफल गर्ने (ग) बिजुलीकोटको मेला र त्यहाँबाट देखिने भु-दृष्यावलोकनको बारेमा छलफल गर्ने (घ) गाँउपालिकाभित्रको वनक्षेत्र,त्यहाँ पाइने बन्यजन्तु र भु-बनोट अवलोकनको सम्भाव्यताको बारेमा छलफल गर्ने (ङ) ऐरावतीको महत्व र यसले बोकेको धार्मिक तथा पर्यापर्यटनको सम्भाव्यताको बारेमा छलफल गर्ने (च) मान्द्रेको मगरगाउँलाई मगर भाषा र संस्कृतिको केन्द्रको रुपमा विकास गरी त्यहाँका घरहरुलाई होमस्टेको रुपमा विकास गर्न सकिने सम्भाव्यताको बारेमा छलफल गर्ने (छ) सिर्सेनी,हार्बुङ र तिल्केनीलाई गुरुङ भाषा र संस्कृतिको केन्द्रको रुपमा विकास गरी त्यहाँका घरहरुलाई होमस्टेको रुपमा विकास गर्न सकिने सम्भावनाको बारेमा छलफल गर्ने (ज) अन्य पर्यटकीय सम्भाव्यताको बारेमा छलफल गर्ने र सबै सम्भावनाहरुको सूची बनाउन लगाउने	(घ) पुस्तक (ङ) नौमुरे जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन	पर्यटनको सम्भाव्यता विषयमा वक्तृत्वकलाको आयोजना गर्ने , निबन्ध लेख्न लगाउने (ग) ऐरावतीमा रहेका पर्यटनका सम्भाव्यताको सूची बनाउन लगाउने (घ) प्रश्नोत्तर गराउने	
५.पेसा उद्यमशीलता र प्रविधि	(क) स्थानीय क्षेत्रका होटल व्यवसायको अवस्था बताउन (ख) होटलको सेवा बिस्तार गर्न र गुणस्तर सुधार्न	५.२ होटल व्यवसाय, ५.२ स्थानीय पेसा र प्रविधिको संरक्षण र संवर्द्धन	(क)स्थानीय क्षेत्रमा सञ्चालनममा रहेका होटल व्यवसायको अवस्था , त्यसको बिस्तार र गुणस्तर सुधार (ख) परम्परागत पेसा र प्रविधिको संरक्षण र संवर्द्धनको आवस्यकता (ग) स्थानीय परम्परागत पेसा र प्रविधिको संरक्षण र संवर्द्धनका	(क) स्थानीय क्षेत्रमा सञ्चालनमा रहेका होटल व्यवसायहरुको सङ्ख्या , खाना खुवाउने र सुताउने क्षमता,सरसफाइ र खानाको गुणस्तर,सेवा सत्कार , मुल्य जस्ता कुराहरुमा छलफल गरी तिनीहरुको वर्तमान अवस्था बोध गर्ने (ख) विद्यालय नजिकै रहेको होटलको	(क) होटल सम्बन्धी तथ्याङ्क उल्लेखित पुस्तिका (ख)होटल सम्बन्धी वृत्तचित्र	(क) आफू बसोबास गर्ने तथा विद्यालय वरिपरिका होटलहरुको अवलोकन गरी तिनीहरुको अवस्था र सुधारका लागि गर्नुपर्ने	१६ घन्टी

	गर्नुपर्ने कामहरु पहिचान गर्न (ग)स्थानीय पेसा र प्रबिधिको संरक्षण र संबर्द्धनको आबस्यकता बोध गर्न (घ)स्थानीय पेसा र प्रबिधिको संरक्षण र संबर्द्धन गर्ने उपायहरु सुझाउन र उक्त कार्यमा सरिक हुन		उपायहरु	अवलोकन भ्रमण गराई होटलको क्षमता,सेवाको गुणस्तर , आम्दानीको अवस्थाको बारेमा होटलमालिकसँग जानकारी लिने साथै ग्राहकलाई भेटेर होटलको सेवासुविधा र दररेटको बारेमा जानकारी लिने (ग) विद्यार्थीसँग छलफल गरी होटलको गुणस्तर सुधार र सेवा बिस्तारको लागि होटल ब्यवसायीले गर्नुपर्ने कामको सूची बनाउने (घ)स्थानीय पेसा र प्रबिधिको संरक्षणको आवस्यकताको बारेमा छलफल गरी बुँदाहरु टिपोट गर्ने र छुटेका कुराहरु भए शिक्षकले थप गरिदिने (ङ) स्थानीय पेसा र प्रविधिको संरक्षण र संबर्द्धनका उपायहरुको बारेमा छलफल गर्ने र त्यस्ता उपायहरुको सूची बनाउने (च) पेसा र प्रविधि सम्बन्धि स्थानीय बिज्ञ र त्यस्ता प्रविधियुक्त पेसाकर्मीहरुसँगको छलफलबाट यसको संरक्षण र संबर्द्धनका उपायहरु पत्ता लगाई कार्यान्वयनको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने		कामहरुको बारेमा प्रतिवेदन तयार पार्न लगाउने (ख)स्थानीय क्षेत्रमा हुने/गर्दै आएका खेतीपातीका फाइदाहरू बुँदागत रूपमा लेखी प्रस्तुत गर्न लगाउने (ग)पर्यटन व्यवसायको परिचय दिन लगाउने (घ) होटल व्यवसाय सञ्चालनबाट ब्यवसायी र सेवाग्राहीलाई हुने फाइदाहरू समेटेर निबन्ध लेखन प्रतियोगिताको आयोजना गर्ने (ङ) विद्यार्थीहरूको प्रस्तुतिको अवलोकन मूल्याङ्कन गर्ने (च) विद्यार्थीहरुले तयार पारेको प्रतिवेदनको मूल्याङ्कन गर्ने	
६.स्वास्थ्य र सरसफाइ	(क) भोजन र यसका प्रकारबारे बताउन (ख) आसनको परिचय दिन र महत्व बताउन (ग) चरणबद्ध रुपमा सूर्य नमस्कार गर्न (घ) सिद्धासन, पद्मासन , शशकासन, मण्डुकासन ,मर्कटासन, पवनमुक्तासन , धनुरासन , गोमुखासन, सर्वाङ्गासन र हलासनको अभ्यास गर्न	६.१ भोजन एवं पोषण व्यवस्थापन ६.२ योगासनको परिचय र प्रकार	(क) भोजनको परिचय र प्रकार(सात्विक, राजसी, तामसिक) (ख)स्वास्थ र सन्तुलित आहार (ग) आहार शुद्धि र चित्त शुद्धि (घ) प्राकृतिक चिकित्सा र पौष्टिक आहार (ङ) योगासनको परिचय र महत्व (च) सूर्य नमस्कार (छ) योगासनका प्रकार (सिद्धासन, पद्मासन, शशकासन, मन्डुकासन मर्कटासन, पवनमुक्तासन, धनुरासन ,गोमुखासन ,सर्वासन, हलासन) र अभ्यास	(क)सात्विक, राजसिक र तामसिक खानेकुराको सूची बनाउने लगाउने (ख) सत्विक, राजसिक र तामसिक खानेकुराको विशेषताका बारेमा छलफल गराउने र तीनै प्रकारका खानेकुरा खाँदाको अनुभव विद्यार्थीहरूलाई भन्न र लेख्न लगाउने (ग) भोजभतेर र चाडबाडको खानाको साधारण खानासँग तुलना गरेर देखाउने (घ) सात्विक भोजनको प्रयोगबाट हुने फाइदाहरू बताउने (ङ) सूर्य नमस्कारको भिडियो प्रदर्शन गर्ने (च) शिक्षकले सूर्य नमस्कारको गरेर देखाउदै विद्यार्थीहरूलाई अभ्यास गर्न लगाउने (छ) सूर्य नमस्कारको महत्वका बारेमा छलफल गर्ने (ज) योगासनको परिचय, प्रकार, आवश्यकता र महत्वको बारेमा छलफल गर्ने	(क)सात्विक, राजसिक र तामसिक भोजन अन्तर्गत पर्ने खानाहरू लेखिएको चार्ट (ख) सूर्य नमस्कारको चित्र, पोस्टर र भिडियो (ग) योगासनको चित्र, पोस्टर र भिडियो	(क)सात्विक, राजसिक र तामसिक गुण भएको खानाको सूचि बनाउन, भन्न र लेख्न लगाउने (ख) सात्विक, राजसिक र तामसिक गुण भएको खानाका प्रभाव भन्न/लेख्न लगाउने (ग) सूर्य नमस्कारको अभ्यास गर्न लगाइ अवलोकन गर्ने (घ) विभिन्न प्रकारका आसन गर्न लगाइ अवलोकन गर्ने र आवश्यकताअनुसार पृष्ठपोषण दिने	१२ घण्टी

				(झ) योगासनका बारेमा स्थानीय विज्ञसँग अन्तरक्रिया गराउने (ञ) योगासनको उपयोगीता बताउने (ट) विभिन्न प्रकारका योगासन प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई अभ्यास गर्न लगाउने			
७.प्रकोप, वातावरण र हरित एवम् वालमैत्री विद्यालय	(क) हरित विद्यालयको अवधारणालाई आफ्नो दैनिक जीवनमा अवलम्बन गर्न (ख) इको क्लबमा सहभागि भई कार्य गर्न	७.१ हरित विद्यालय र सिकाई ७.२ इको क्लब	(क) हरित विद्यालयको कार्ययोजना, क्षेत्र निर्धारण,हरित विद्यालय निर्माण अभ्यास (ख) इको क्लबको परिचय, गठन प्रक्रिया, उद्देश्य, काम कर्तव्य र अधिकार, इको क्लबको आवश्यकता	(क) हरित विद्यालय हुन आवश्यक पर्ने आधारभूत पक्षहरूको अवगत गराउने (ख) आफ्नो विद्यालयमा अवलम्वन गर्न सकिने आधारभूत पक्षहरूको छलफल गराउने (ग) विद्यार्थीहरूलाई हरित विद्यालय निर्माणको अभ्यास गराउने (घ) इको क्लबको परिचय, महत्व आदिको बारेमा छलफल गराई इको क्लबको गठन गर्न लगाउने	(क) श्रव्यदृष्य सामग्री (ख)चार्ट पेपर	(क) समूहमा रही कार्य विभाजन गरी हरित विद्यालयको कुनै एक आधारभूत पक्षको कार्यन्वयन गर्न लगाउने (ख) इको क्लबले वर्ष भरि गर्ने क्रियाकलापको कार्य योजना बनाउन लगाउने	१० घन्टी
	(क) आफ्नो विद्यालयको वर्तमान वालमैत्री अवस्था बोध गरी त्यसलाई पूर्ण वालमैत्री बनाउन गर्नुपने थप कार्यहरु बताउन (ख) आफ्नो विद्यालयलाई वालमैत्री वनाउनको लागि योजनाको खाका तयार गर्न	७.३ आफ्नो विद्यालयलाई वालमैत्री विद्यालय बनाउन गर्नुपर्ने थप कार्यहरु	(क) वालमैत्री विद्यालयका पक्ष,सूचक र आफ्नो बिद्यालयलाई वालमैत्री बनाउन गर्नुपर्ने थप कार्यहरु	(क) वालमैत्री विद्यालयको वृत्तचित्र तथा भिडियो प्रस्तुत गरी आफ्नो विद्यालयका सुधार गर्नुपर्ने पक्ष र सुधारको योजनाको लागि उपयोग गर्ने (ख) विद्यालयका वालमैत्री पक्षहरुको सूची प्रस्तुत गरी आफ्नो बिदालयका तत् तत् पक्षहरुमा गर्नुपर्ने सुधारका बारेमा छलफल गरी सूची तयार गर्ने (ग) वालमैत्री विद्यालयका सूचकहरुको आधारमा आफ्नो विद्यालयलाई वालमैत्री वनाउन गर्नुपर्ने आवस्यक कामहरुका बारेमा छलफल गरी सूची तयार गर्ने (घ) विद्यालयलाई वालमैत्री बनाउन गर्नुपर्ने कामहरु सम्पन्न गनेको लागि आवस्यक योजनाको बारेमा छलफल गरी त्यसको खाका तयार गर्ने	(क) वृत्तचित्र , भिडियो , सूचना प्रविधि	(क) प्रश्नोत्तर गर्ने (ख) विद्यालयको वर्तमान अवस्थाको चित्रण र सुधारका कामहरु गर्नको लागि परियोजना कार्य दिने (ग) कार्यशालाको आयोजना गरी कामको मूल्याङ्कन गर्ने	५ घन्टी
८.हम्रो बिगत	(क) उपाध्याय र जैसी,जैसी भित्रका बत्तिसा, पहिलो भात,दोस्रो भात,तेस्रो भात र चौथो भातको परिचय दिन तथा तिनीहरु बीचको बिभेद बताउन (ख) छुवाछुतको परिचय दिन र तत्कालिन समाजमा छुवाछुतको अवस्था चित्रण गर्न (ग) दलितहरु	८.१ जातीय विभेद र छुवाछुत ८.२ पुराना चालचलन र तिनीहरुको महत्व	(क) बिभेद(जातभात, छुवाछुत) (ख) पुराना चालचलन र तिनीहरुको महत्व	(क) उपाध्याय र जैसी बीचको अन्तर र उनीहरु बीचको बिभेदको बारेमा छलफल गर्ने (ख) जैसीका चार भातहरु:पहिला भात,दोस्रा भात,तेस्रा भात र चौथा भातको परिचय दिई उनीहरु बीचको भेदभावको बारेमा बताउने (ग) पुरानो जमानामा हुने उपल्लो जात र तल्लो जात बीचको बिभेदको बारेमा छलफल गर्ने (घ) छुवाछुतको परिचय दिने र त्यतिबेलाको समाजमा गैरदलितले दलितमाथि गर्ने छुवाछुतको व्यवहारको बारेमा बिस्तारमा बताउने (ङ) दलितहरु बीचको छुवाछुतको बारेमा बताउने । कामीले सार्कीले छोएको नखाने,सार्कीले दमैले छोएको नखाने ,दमैले बादीले छोएको नखाने जस्ता चलनहरुको बारेमा बिस्तारमा बताउने (च) पहिले पहिले गरिने षष्ठी पुजा र छैंटी,छैंटी	(क) पावरप्वाइन्ट स्लाइड, (ख) फोटो, भिडियो	(क) जातभात,जातीय बिभेद र जातीय छुवाछुतको बारेमा प्रश्नोत्तर गर्न लगाएर (ख) नाटक प्रदर्शन गर्न लगाइ त्यसको मूल्याङ्कन गरेर (ग) बक्तृत्वकलाको आयोजना गरेर (घ)समुदायमा गइ बुढापाकासँग पुराना कुरा सोधपूछ गरी प्रतिवेदन बनाउन परियोजना कार्य दिएर	८ घण्टी

	बीचको छुवाछुतको बारेमा बताउन (घ) पहिलेका संस्कार:जन्म,छैंटी, न्वारन, अन्न प्राशनी,ब्रतबन्ध, विबाह, काजक्रियाको परिचय दिन (ङ) पुराना चालचलनको महत्व बताउन (च) जातीय विभेद मानवता विरुद्धको अपराध भएको कुरा बोध गर्न			बॉड्ने;न्वारन ,भात खुवाइ,ब्रतबन्ध,बिबाह र काजकृयाको बारेमा बताउने (छ) स्थानीय जानकार बुढापाकालाई विद्यालयमा बोलाएर पुराना जमानामा हुने जातभात ,छुवाछुत, विभेद र जीवन संस्कारको बारेमा सुनाउन लगाउने (ज) जातीय विभेद र छुवाछुत मानवता विरुद्धको अपराध भएको कुरा बोध गराउने			
९. जीवन मार्ग	(क) पाचँवर्षे जीवनवृत्ति विकास योजना निर्माण गरी कार्यान्वयनको प्रतिबद्धता जाहेर गर्ने	९.१ जीवनवृत्ति विकास योजना निर्माण	(क) आगामी पाचँवर्षे जीवन वृत्ति विकास योजना निर्माण	(क) जीवनको लक्ष्यको बारेमा छलफल गर्ने,जीवनको लक्ष्य कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा विभिन्न उदाहरणहरु प्रस्तुत गर्ने (ख) प्रत्येक विद्यार्थीलाई आफ्नो जीवनको लक्ष्य निर्धारण गर्न लगाउने , आगामी पाचँवर्ष पछि उनीहरु के बन्न चाहन्छन, त्यसलाई तत्कालिन लक्ष्य मानेर निम्नानुसारको खाकामा जीवन वृत्ति विकास योजना निर्माण गर्न लगाउने	(क) आफ्नो फोटो (ख) कार्डबोर्ड पेपर , साइन पेन, कैची	(क) जीवन वृत्ति विकास योजनाको बारेमा प्रश्नोत्तर गर्ने (ख) विद्यार्थीको कक्षा कार्यको अवलोकन गर्ने (ग) निर्मित योजना स्तरीय भए नभएको लेखाजोखा गर्ने (घ) व्यवहारको निरन्तर अवलोकन गर्ने	२ घण्टी

				 (ग) निर्माण गरिएको योजनामा शिक्षकले सुधारको लागि सुझाव दिई त्यसलाई अन्तिम रुप दिन लगाउने र कार्यान्वयनको लागि प्रतिबद्धता जाहेर गराउने (घ) तयार भएको योजनालाई आफ्नो सुत्ने कोठाको भित्तामा देखिने ठाउँमा टास्न लगाउने र क्रमशः कार्यान्वयन गर्दै जान प्रतिबद्धता जाहेर गराउने		
	(क) सिर्जनात्मक सोचाई सीपको परिचय दिन तथा समस्या समाधान गर्नका लागि सम्भाव्य विकल्पहरुको खोजी गर्न र उपयुक्त विकल्प प्रयोग गर्न (ख)समालोचनात्मक सोचाई सीपको	९.२ जीवन उपयोगी सीप	(क) सिर्जनात्मक सोँचाइ, (ख)समालोचनात्मक सोँचाइ (ग) निर्णय गर्ने क्षमता,समस्या समाधान गर्ने क्षमता	(क) सिर्जनात्मक सोँचाइ,समालोचनात्मक सोँचाइको बारेमा छलफल गने ; शिक्षकले यस्ता सीपहरुको प्रयोग गरिएका उदाहरणहरुको प्रस्तुति सहित सिर्जनात्मक सोचाइ र समालोचनात्मक सोँचाइको बारेमा बताउने (ख) नौ वटा वर्गाकार बिन्दुहरुलाई चारवटा सिधा रेखाले जोड्नने वा छुने अभ्यास गराउने (ग) समूह विभाजन गरी प्रत्येक समूहका सबै सदस्यहरुलाई चकटी बिचमा राखेर दुबै खुट्टा चकटी माथि राख्ने खेल खेलाउने (घ) एकजनाले एउटामात्र वाक्य लेख्ने गरी कथा	(क)सुनिता र विनिताको कथा (ख) पावरप्वाइन्ट (ग) सेतो कागज, बेलुन	(क) सिर्जनात्मक सोचाइको अर्थ र परिभाषा बताउन लगाउने (ख) सिर्जनात्मक सोचाइ सीप आवश्यक पर्ने समस्या दिएर समाधानको उपाय खोज्न लगाउने (ग) दैनिक जीवनका समस्या समाधान गर्न	८ घण्टी

	परिचय दिन तथा प्राप्त ज्ञान, सूचना , जानकारी र अनुभवलाई ठीक तरिकाले विश्लेषण गर्न र सही निर्णय लिन (ग) निर्णय गर्ने क्षमता सीपको परिचय दिन र कसैको दवाबमा नपरी स्वतन्त्र रुपमा आफ्नो अनुभव र आत्म जागरणको सहायताले सही निर्णय गर्न (घ) समस्या समाधान सीपको परिचय दिन र जीवनमा आइपर्ने समस्यालाई सहज रुपमा स्वीकार गरी सजिलैसँग समाधान गर्न			लेखन अभ्यास गराउने (ङ) सुनिता र बिनिताको कथा प्रस्तुत गरी उनीहरु को बुझाइको बारेमा समूह प्रस्तुति गर्न लगाउने (च) निर्णय गर्ने क्षमता र समस्या समाधान गर्ने सीपको बारेमा सैद्धान्तिक प्रस्तुतिकरण गर्ने (छ) बेलुनमा सुताउने खेल खेलाउने विद्यार्थीहरुलाई दुईवटा समूहमा विभाजन गर्ने, प्रत्येक समुहका टोली नेतालाई बाहिर बोलाएर दुईजनालाई बेलुनमा सुताउनलाई कति बेलुन चाहिन्छ, समूहमा सल्लाह गरी बेलुन लिएर आउन लगाउने र फुल्लाउन लगाउने,समस्या थप्दै जाने र समाधान गर्न लगाउने निर्णय कसरी गर्नभयो समस्या समाधानका उपायहरु कसरी बदल्दै जानुभयो वा खोज्नुभयो भनी छलफल गर्ने।		सिर्जनात्मक ढङ्गले सोचे नसोचेको हेर्ने (घ) समालोचनात्मक सोचाइ सीपको अर्थ र परिभाषा सोध्ने (ङ) समस्या दिएर समालोचनात्मक सोचाइ सीपको प्रयोग गरी ठीक तरिकाले विश्लेषण गरे नगरेको र सही निर्णय लिए नलिएको लेखाजोखा गर्ने (च) निर्णय गर्ने सीपको अर्थ र परिभाषा सोध्ने (छ) कठिन परिस्थितीयुक्त समस्या दिएर सही निर्णय गरे नगरेको हेर्ने (ज) समस्या समाधान सीपको अर्थ र परिभाषा सोध्ने (झ) समस्या दिएर उक्त समस्या समाधान गर्न लगाउने	
	(क) समाजमा बढ्दै गइरहेको नैतिक मूल्य मान्यता र सामाजिक व्यवहारमा ह्रास पहिचान गर्न (ख) नैतिक मूल्य मान्यता र सामाजिक व्यवहारमा ह्रास आउनुको कारण पत्ता लगाउन (ग) समाजमा बढ्दै गइरहेको नैतिक सङ्कट समाधान गर्ने उपाय खोज्न (घ) समाजमा व्याप्त नैतिक सङ्कट समाधान गर्न भूमिका खेल्न	९.३ नैतिक सङ्कट	(क) समाजमा व्याप्त नैतिक सङ्कट र समाधानका उपाय	(क) कथा,गीत, कविता वा भिडियोको अशं प्रदर्शन गरी कोडको प्रस्तुति गर्ने (ख) छलफलको माध्यमबाट नैतिक सङ्कटको पहिचान गर्ने (ग) यसबाट हुने हानी नोक्सानीको खोजी गर्ने (घ) कारणको पहिचान गर्ने (ङ) कारणको विश्लेषण गर्ने (च) समस्या समाधानका सम्भावित उपायहरु पत्ता लगाउने (छ) थप सुचना तथा जानकारीको आदान प्रदान गर्ने (ज) प्रतिबद्धता र कार्ययोजना निमार्ण गर्ने (झ) अनुगमन तथा पुनरावलोकन गर्ने:	कथा, कविता, गीत भिडियो,) न्युजप्रिन्ट पेपर	(क) प्रश्नोत्तर गर्ने (ख) विद्यार्थीको कक्षा कार्यको अवलोकन गर्ने (ग) बक्तृत्वकलाको आयोजना गर्ने (घ) नैतिक ह्रासको सुची बनाउन लगाउने (ङ) नैतिक सङ्कटबाट हुने हानीनोक्सानी पहिचान गर्न लगाउने (च) कार्य योजनाको लेखाजोखा गर्ने (छ) व्यवहारको निरन्तर अवलोकन गर्ने	२ घण्टी

१०.सामाजिक सवाल	(क) महिला र पुरुष बीच भैरहेको सामाजिक विभेद बोध गर्न (ख) लैङ्गिक विभेद हटाइ लैङ्गिक समानता र समता कायम गर्नुपर्ने कुराको बोध गर्न र तदनुरुपको व्यवहार गर्न (ग) लैङ्गिकतामा आधारित हिंसा पहिचान गर्न र समाजमा यसको अवस्था बोध गर्न (घ) लैङ्गिकतामा आधारित हिंसाका कारणहरु र यसका असरहरु पहिचान गर्न (ङ) लैङ्गिकतामा आधारित हिंसाका न्युनिकरण उपायहरु पत्ता लगाउन र हिंसा न्युनीकरणमा सरिक हुन (च) मानव बेचबिखन को अर्थ बताउन र चेलिबेटी बेचबिखनको परिचय दिन (छ) चेलीबेटी बेचबिखनका तरिका बोध गर्न (ज) चेलीबेटी बेचबिखनका कारणहरु पत्ता लगाउन र यसबाट पर्ने असरहरु पहिचान गर्न	१०.१ लिङ्ग र लैङ्गिकता १०.२ लैङ्गिकतामा आधारित हिंसा १०.३ मानव बेचबिखन र न्युनिकरणका उपायहरु	(क) लिङ्ग र लैङ्गिकता (ख) लैङ्गिकतामा आधारित हिंसा (ग) मानव बेचबिखन र न्युनिकरणका उपायहरु	(क) कथा,कविता,गीत,अभिनय वा भिडियोको अंश प्रदर्शन गर्ने (ख) लिङ्ग र लैङ्गिकताको बारेमा छलफल गरी यसको अवधारणा ,परिभाषा र यिनीहरु बीचको फरक छुट्याउन समूहकार्य गराउने (ग) छलफलको माध्यमबाट समाजमा लिङ्ग र लैङ्गिकताको अवस्था र लैङ्गिक हिंसाको पहिचान गर्ने (घ) लैङ्गिक विभेद तथा हिसाबाट व्यक्ति परिवार र समाजमा पर्ने असर वा हानी नोक्सानीको बारेमा छलफल गरी तिनीहरुको खोजी गर्ने (ङ)लैङ्गिक भेदभाव एवम् लैङ्गिक हिंसाका कारणहरु पहिचान गर्ने (च) कारणहरुको विश्लेषण गर्ने (छ) लैङ्गिक भेदभाव तथा लङ्गिक हिंसा न्युनिकरणका उपायहरु पत्ता लगाउने (ज) यस सम्बन्धी थप सूचना तथा जानकारी (कानुनी व्यवस्था, प्रोटोकल, सन्धी,नजीर) आदान प्रदान गर्ने (झ) लैङ्गिक भेदभाव र लैङ्गिक हिंसा अन्त्यका लागि विद्यार्थीहरुको प्रतिबद्धता जाहेर गर्न लगाउने र कार्ययोजना निमार्ण गर्ने (ञ) अनुगमन तथा पुनरावलोकन गर्ने (ट) चेलीबेटी बेचबिखन सम्बन्धी कथा कविता गीत अभिनय अथवा भिडियो को अंश प्रस्तुत वा प्रदर्शन गर्न (ठ) नेपाल र हाम्रो स्थानीय क्षेत्रमा किशोरी तथा महिलाहरुले भोग्न बाध्य हुनुपरेको विभिन्न समस्याहरु मध्ये चेलीबेटी बेचबिखनको समस्या भयाबह बन्दै गइरहेको हुनाले यसबाट जोगिन किशोरीहरु सचेत हुनुपर्ने बारेमा छलफल गर्ने (ड) चेलीबेटी बेचबिखनको परिभाषा सोध्ने र विद्यार्थीले भनेको कुराहरु बोर्डमा टिप्दै चेलीबेटी बेचबिखनको परिभाषा र नेपालमा चेलीबेटी बेचबिखनको अवस्था र तथ्याङ्कको बारेमा छलफल गरी थप कुरा बताउने र प्रष्ट पार्ने (ढ) बेचिएका चेली(पार्वतीको बेदना)को बेदना समेटिएको कथा पढेर सुनाउने र कथाकी मुख्य पात्र को थिइन,उनी कसरी बेचबिखनमा परिन भन्ने बारे छलफल गर्ने (ण) कथाको जस्तै घटना स्थानीय क्षेत्रमा भएका छन् वा छैनन् , यस्तो घटना भएको थियो भने कहाँ कहिले भएको थियो र यसबाट को पिडित भएको थियो भन्न लगाउने (त) विद्यार्थीहरुलाई समूहमा छलफल गराइ अपराधीले अपनाउने गरेको चेलिबेटी बेचबिखन गर्ने तरिका र महिला /किशोरीहरु बेचबिखनमा पर्नुका कारणहरु पहिचान गरी सुची बनाउन लगाउने	(क) कथा, कविता, गीत, अभिनय,भिडियो ,मेटाकार्ड,न्युर्जा प्रन्ट पेपर, साइन पेन , सेतो कागज	(क) प्रश्नोत्तर गर्ने (ख) लिङ्ग र लैङ्गिकता बीचको फरक बताउन लगाउने (ग) परियोजना कार्य दिइ प्रतिवेदन जाच गर्ने (घ) अभिनय गर्न लगाइ त्यसको लेखाजोखा गर्ने (ङ) कक्षाकार्यको अवलोकन तथा जाँच गर्ने (च) व्यवहारको निरन्तर अवलोकन गर्ने (छ) निबन्ध प्रतियोगिता गराउने (ज) वक्तृत्वकला प्रतियोगिता गराउने (झ) गीत तथा कविता प्रतियोगिता गराउने	२ घण्टी

				,सूची बनाइसकेपछि सबै समूहलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउने, उनीहरुले प्रस्तुत गरेका कारणहरुमा छुटेका कारणहरु थपेर शिक्षकले चेलिबेटी बेचबिखन गर्ने तरिका र महिला/किशोरीहरु बेच बिखनमा पर्नाका कारणहरु प्रष्ट्याउने (थ) च्याली निकाल्ने।			

७ पाठ्यघन्टी र अङ्क विभाजन तालिका

कक्षा: १-८

क्र. स.	क्षेत्र	कक्षा १-३		कक्षा ४-८	
		पाठ्यघन्टी	अङ्कभार	पाठ्यघन्टी	अङ्कभार
१.	हाम्रो गाउँपालिका	१५	१०	१२	९
२.	प्राकृतिक स्रोत र सम्पदा	२०	१५	१४	१०
३.	संस्कार र संस्कृति	२२	१५	१५	१४
४.	ऐतिहासिक र पर्यटकीय स्थल	१५	१०	१४	१०.
५.	पेसा उद्यमशीलता र प्रविधि	१५	१०	१६	१४
६.	स्वास्थ्य र सफाइ	१५	१०	१२	९
७.	प्रकोप, पर्यावरण र हरित एवम् वालमैत्री विद्यालय	१५	८	१२	१०

८.	हाम्रो विगत	१५	८	८	६
९	जीवन मार्ग	२०	१०	१५	१०
१०	सामाजिक सवाल	८	४	१०	८
	जम्मा	१६०	१००	१२८	१००

८ सिकाइ सहजीकरण प्रक्रिया

यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबीच प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेवमा आधारित सामग्री र स्थानीय विज्ञसँगको अन्तरक्रिया लगायतको अधिकतम प्रयोग गर्नु पर्नेछ। सिकाइ सहजीकरण गर्न देहायका विधिहरू अपनाउन सकिने छ :

(क) **आधारभूत शिक्षण विधि:**छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, जिक्सअ विधि

(ख) **अनुसन्धानमा आधारित शिक्षण विधि :** कार्यमूलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन

(ग) **बैकल्पिक शिक्षण विधि :** श्रव्यदृश्य विधि, रैथाने विधि, सङ्गीत शिक्षण विधि, कथाकथन विधि, सूचना तथा सञ्चार प्रविधिमा आधारित विधि, Think Pair and Share

९ विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिने छ :

(क) आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गर्ने प्रावधान नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेअनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई अवलम्बन गरिने छ ।

(ख) विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक(Formative) पद्धति तथा निर्णयात्मक(Summative) पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical) दुवै अपनाउनुपर्नेछ ।

(ग) स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफैँ गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रोत्साहन गरिनेछ ।

(घ) प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाईल रहने छ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहार परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख राखी सोही आधारमा मूल्याङ्कन गरिने छ ।
(ङ) कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ । कक्षा १-३ को मूल्याङ्कन पश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेखिकरणको प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई "क", "ख" र "ग" तीन श्रेणीमा विभाजन गर्नुपर्दछ ।
(च) कक्षा ४-८ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५०% निर्णयात्मक (बार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । बिद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा गरिने छ ।
(छ) निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ ।
(ज)आधारभूत तहको अन्त्य (कक्षा ८) मा ५०% निर्णयात्मक (बार्षिक परीक्षा) र ५०% निर्माणात्मक/प्रयोगात्मक पद्धतिबाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४०% हुने छ ।
(झ) विद्यार्थीहरूको मूल्याङ्कन गर्दा ज्ञान तह (Knowledge Level) मा अति छोटा प्रश्नहरू, बोध तह (Understanding Level) का छोटा प्रश्नहरू र उच्च तह (Higher Abilities) का लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समावेश गर्नुपर्ने छ ।
(ञ) प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्ने छ ।

(ट) प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्ने छ ।
(ठ) कक्षा १ देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ । रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ ।
(ड) विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी अनुसूची-१ मा उल्लेख गरेबमोजिम हुने छ ।

१०. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोतव्यक्तिका रूपमा रहनेछन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यअनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्ने छन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ । विद्यार्थीहरूको समूहकार्य र

अन्तरक्रियालाई जोड दिइने छ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको बिकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

११ समय निर्धारण

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक पाठ्यभार ५ घन्टी हुनेछ जसमा १६० घन्टी दिइएको छ । त्यसैगरी आधारभूत तह कक्षा ४-८ मा स्थानीय विषयको साप्ताहिक ४ पाठ्यभार र १०० पूर्णाङ्क कायम गरी १२८ पाठ्यघन्टी दिइएको छ । प्रत्येक शैक्षिक सत्र वैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्नेछ र २०० दिन पठनपाठन हुने छ । प्रत्येक घन्टी एक घण्टाको हुनेछ ।

१२ पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन् । उक्त चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्ने आवश्यकताअनुसार परिमार्जन हुने छ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज,अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

अनुसूची-१

कक्षागत सिकाइ उपलब्धि सङ्ख्या

क्षेत्र	कक्षा								जम्मा
	कक्षा१	कक्षा २	कक्षा ३	कक्षा४	कक्षा५	कक्षा ६	कक्ष७	कक्षा८	
हाम्रो गाउँपालिका	४	३	३	४	३	४	५	४	३०
प्राकृतिक स्रोत तथा सम्पदा	५	५	४	४	२	२	५	३	३०
संस्कार र संस्कृति	३	४	४	४	३	४	९	६	३७
ऐतिहासिक र पर्यटकीय स्थल	३	२	४	४	५	२	३	८	३१
पेसा उद्यमसिलता र प्रविधि	३	१	२	१	५	३	२	४	२१
स्वास्थ्य र सरसफाइ	५	५	६	६	५	३	४	४	३८
प्रकोप,वातावरण र हरित एवम् वालमैत्री विद्यालय	४	३	३	४	७	५	४	४	३४
हाम्रो विगत	३	४	३	५	४	३	४	६	३२
जीवनमार्ग	७	८	७	८	११	१०	१०	९	७०
स्थानीय सामाजिक सवाल	३	२	३	३	२	११	८	८	४०
जम्मा	४०	३७	३९	४३	४७	४७	५४	५६	३६३

अनुसूची-२
विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा
(क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा
कक्षा : १-३
औसत अङ्क विशिष्टीकरण तालिका

क्र.सं.	कार्य विवरण	अङ्कभार
१	कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन	१०
२	समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति	१०
३	कक्षाकार्य/गृहकार्य	१०
४	स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन	३०
५	प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर	३०
६	रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन	१०
	जम्मा	१००

कक्षा : ४-५

औसत अङ्क विशिष्टीकरण तालिका

क्र.सं.	कार्य विवरण	अङ्कभार
१	कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन	५
२	समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति	५
३	कक्षाकार्य/गृहकार्य	५
४	स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन	१५
५	प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर	१५
६	रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन	५
	जम्मा	५०

कक्षा : ६-८

औसत अङ्क विशिष्टीकरण तालिका

क्र.सं.	कार्य विवरण	अङ्कभार
१	कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन	५
२	समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति	५
३	कक्षा कार्य/गृहकार्य	५
४	स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन	१२
५	प्रश्नको उत्तर लेखन/प्रश्नको मौखिक उत्तर	१३

६	रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन	१०
	जम्मा	५०

(ख) निर्णयात्मक (आवधिक) परीक्षा
पूर्णाङ्क : ५० उत्तीर्णाङ्क : अक्षराङ्कमा मूल्याङ्कन गरिने
कक्षा : ४-५

समय : १ घण्टा ३० मिनेट
औसत प्रश्न तालिका (तहगत रूपमा)

ज्ञान तह (Knowledge Level)	बोध तह (Understanding Level)	उच्च तह (Higher Abilities)
३० %	४० %	३० %

कक्षा: ६-८
पूर्णाङ्क : ५० उत्तीर्णाङ्क : अक्षराङ्कमा मूल्याङ्कन गरिने

समय : १ घण्टा ३० मिनेट
औसत प्रश्न तालिका (तहगत रूपमा)

ज्ञान तह (Knowledge Level)	बोध तह (Understanding Level)	उच्च तह (Higher Abilities)
३० %	३० %	४० %

कक्षा ४-५ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

प्रश्न / क्षेत्र	सङ्क्षिप्त उत्तर आउने प्रश्न			छोटो उत्तर आउने प्रश्न			लामो उत्तर आउने प्रश्न			जम्मा प्रश्न सङ्ख्या	पूर्णाङ्क
	प्रश्न सङ्ख्या	अङ्क भार	जम्मा अङ्क	प्रश्न सङ्ख्या	अङ्क भार	जम्मा अङ्क	प्रश्न सङ्ख्या	अङ्क भार	जम्मा अङ्क		
हाम्रो गाउँपालिका	२	१	२	१	२	२	-	-	-	३	४
प्राकृतिक स्रोत र सम्पदा	१	१	१	१	२	२	१	३	३	३	६
संस्कार र संस्कृति	१	१	१	१	२	२	१	३	३	३	६
ऐतिहासिक र पर्यटकीय स्थल	२	१	२	१	२	२	-	-	-	३	४
पेसा उद्यमशीलता र प्रविधि	२	१	२	१	२	२	१	३	३	४	७
स्वास्थ्य र सरसफाइ	२	१	२	१	२	२	-	-	-	३	४
प्रकोप, वातावरण र हरित एवम् वालमैत्री विद्यालय	१	१	१	१	२	२	१	३	३	३	६

हाम्रो विगत	१	१	१	१	२	२	-	-	-	२	३
जीवनमार्ग	१	१	१	१	२	२	१	३	३	३	६
सामाजिक सवाल	२	१	२	१	२	२	-	-	-	३	४
जम्मा	१५	१	१५	१०	२	२०	५	३	१५	३०	५०

नोट :
१.प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्नेछ ।
२. ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोध तहका २ अङ्कका र उच्च तहमा ३ अङ्कका हुनेछन् ।
३. ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नु पर्नेछ

कक्षा ६-८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

प्रश्न / क्षेत्र	संक्षिप्त उत्तर आउने प्रश्न			छोटो उत्तर आउने प्रश्न			लामो उत्तर आउने प्रश्न			जम्मा प्रश्न सङ्ख्या	पूर्णाङ्क
	प्रश्न सङ्ख्या	अङ्क भार	जम्मा अङ्क	प्रश्न सङ्ख्या	अङ्क भार	जम्मा अङ्क	प्रश्न सङ्ख्या	अङ्क भार	जम्मा अङ्क		
हाम्रो गाउँपालिका	१	१	१	२	२	४	-	-	-	३	५
प्राकृतिक स्रोत र सम्पदा	१	१	१	-	-	-	१	४	४	२	५
संस्कार र संस्कृति	-	-	-	१	२	२	१	४	४	२	६
ऐतिहासिक र पर्यटकीय स्थल	१	१	१	-	-	-	१	४	४	२	५
पेसा उद्यमशीलता र प्रविधि	१	१	१	२	२	४	-	-	-	३	५
स्वास्थ्य र सरसफाइ	२	१	२	-	-	-	१	४	४	३	६
प्रकोप, वातावरण र हरित एवम् वालमैत्री विद्यालय	१	१	१	२	२	४	-	-	-	३	५
हाम्रो विगत	२	१	२	१	२	२	-	-	-	३	४
जीवन मार्ग	१	१	१	-	-	-	१	४	४	२	५
सामाजिक सवाल	२	१	२	१	२	२	-	-	-	३	४
जम्मा	१२	१	१२	९	२	१८	५	४	२०	२६	५०

नोट :

१. प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्नेछ ।

२. ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोध तहका २ अङ्कका र उच्च तहमा ४ अङ्कका हुने छन् ।
३. ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नुपर्नेछ ।